# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ९४

विशेष अन्तर्क्रिया

## साफ्टालाई यसरी लाभदायी बनाउन सकिन्छ

- दीपेन्द्रबहादुर क्षेत्री
- पद्मज्योति
- यादवकान्त सिलवाल
- प्रदीपकुमार श्रेष्ठ
- केशव आचार्य
- गुणनिधि शर्मा
- चैतन्य मिश्र

# कसरी बढ्दैछ सेना अपरेशनमा ?



## अब माओवादी धेरै टिक्दैनन्

- दीप्तप्रकाश शाह
पूर्व ब्रिगेडियर जनरल


डेनमार्कमा आजको कम्युनिष्ट आन्दोलनबारे अध्यक्ष बेट्टी कार्लसन

**किताब र साथी**

संसारलाई बुझ्ने प्रयासको बारेमा एकजना साथीले मलाई एउटा किताब दिएको छ
र, फेरि त्यस किताबले मलाई कैयौं साथी दिएको छ ।

तपाईं नयाँ-नयाँ रोचक-प्रेरक र ज्ञानबर्द्धक किताबको अध्ययन गर्न चाहनुहुन्छ भने हाम्रा सार्थक प्रकाशनहरु तपाईंलाई कामलाग्दा हुनसक्छन् !

# हाम्रा नयाँ प्रकाशनहरू




## के नेपालमा वैज्ञानिकहरू जन्मनै सक्दैनन् ?

*स्कूलमा मन्दबुद्धिका विद्यार्थी ठहऱ्याइएका महानतम् वैज्ञानिक अल्बर्ट आइन्स्टाइन, कक्षामा सधैं मौन रहने बालकबाट महान वैज्ञानिक बनेका न्यूटन र लेख-पढमात्र गर्न जान्ने भएर पनि वैज्ञानिक बनेकी क्यारोलिन हर्स्चेलका जीवनका कथाहरुले भन्छन्- जुनसुकै देशका मानिसहरु पनि वैज्ञानिक हुन सक्छन् ।*




## अल्बर्ट आइन्स्टाइन

महानतम वैज्ञानिक (चिन्तन र कर्म)

*सम्पादक* : राजेन्द्र महर्जन

*लेखकहरू* : तुल्सीदास महर्जन
प्रज्ञानरत्न र राजेन्द्र महर्जन

साथै **'समाजवाद नै किन ?'**
*आइन्स्टाइनको महत्वपूर्ण लेख*


बजारमा उपलब्ध छ
**आइज्याक न्यूटन र अन्य वैज्ञानिकहरू**

माघ १६ गतेभित्र बजारमा आउँदैछ
- **अल्बर्ट आइन्स्टाइन : महानतम वैज्ञानिक**
- **विश्वविख्यातहरूका कथा**

## आइज्याक न्यूटन र अन्य वैज्ञानिकहरू

**संसार फेर्ने वैज्ञानिकहरू** : (चन्द्रशेखर बेंकटरामन, जोहान ग्रेगर मेण्डल, क्यारोलिन हर्स्चेल, जोसेफ लिस्टर, र दिमित्री इवानोभिच मेण्डलिफले गरेका आविष्कार तथा उनीहरूका जीवनगाथाहरू)

*लेखक : तुल्सीदास महर्जन*



**विश्वविख्यातहरूका कथा**
वैज्ञानिक, दार्शनिक, राजनीतिज्ञ, शिक्षाशास्त्री तथा लेखकहरूको जीवनको झाँकी
- लेखक : राजेन्द्र महर्जन



**संझनाको ऐनाका तस्वीरहरु**
प्रख्यात साहित्यकार
खगेन्द्र संग्रौलाको आत्मकथा

साथमा
२०५९ सालको नयाँ आकर्षक
**क्यालेण्डर**
प्रतीक्षा गर्नुहोला ।

**अन्तर्क्रिया प्रकाशन प्रा.लि.**



- **नाशवान पूँजीवादका विशिष्टताहरू**
  - लेखक : विख्यात समाजशास्त्री डा. चैतन्य मिश्र



- **रमेश विकलका बाल-कथाहरु**
  - प्रख्यात साहित्यकार रमेश विकल

## छिटै प्रकाशित हुँदैछन् !

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष–२०, पूर्णाङ्क– ९४
माघ, २०५८

**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ
**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल
**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुइँटेल
**सह–सम्पादक**
राजेन्द्र महर्जन
**सहायक–सम्पादक**
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ
**सम्पादन सहयोगी**
चन्द्र खाकी
**प्रबन्ध निर्देशक**
स्नेह सायमि
**प्रमुख व्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी
**बजार व्यवस्थापक**
दुर्गा खड्का
**सहायक बजार व्यवस्थापक**
जमुनाप्रसाद चौधरी

अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित
**कार्यालय**
"मूल्यांकन" मासिक,
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
क-३/८०, टेकू, काठमाडौं-१२
फोन/फ्याक्स : ४२२७६९/२६८७९१
पो. ब. नं. ७०५०, काठमाडौं
इमेल : yuwa@ntc.net.np
मूल्य : रु. २०/-



## कसरी बढ्दैछ सेना अपरेशनमा ? - सुधीर शर्मा

## यो कारणले हुँदैछ नेपालको युद्धमा विदेशीको चासो

## अब माओवादी धेरै टिक्दैनन् - दीप्तप्रकाश शाह

## के यो नोक्सानी र खर्च देशले धान्न सक्छ ? - श्याम श्रेष्ठ

**अन्तर्क्रिया**
**साफ्टा कसरी हाम्रो लागि प्रभावकारी र लाभदायी हुन सक्छ ?**
दीपेन्द्रबहादुर क्षेत्री, पद्मज्योति, केशव आचार्य, प्रदिपकुमार श्रेष्ठ, यादवकान्त सिलवाल, प्रा. गुणनिधि शर्मा, प्रा. चैतन्य मिश्र

**जलविद्युत विकास नीति २०५८**
**संविधान छल्ने अर्को चाल ?** - *दीपक ज्ञवाली*

**पश्चिमा संचार माध्यमको खेलभित्रको झेल**

**बृहद प्रजातान्त्रिक एकता : प्रजातन्त्रको चिन्ता वा सत्ताको खेल ?** - *सुरेश आचार्य*

**एमाले-माले एकता प्रकृयाले फेरि गति लियो**

**हाम्रो मूल्यांकन**
भारत र पाकिस्तान :
बन्दुक होइन, मैत्रीको हात बढाऊ ४
यस्तो रह्यो एघारौं सार्क
शिखर सम्मेलन
- *दीपक वैद्य* ५
**घटना र प्रवृत्ति**
बृहद प्रजातान्त्रिक एकता :
प्रजातन्त्रको चिन्ता वा सत्ताको खेल ?
- *सुरेश आचार्य* ७
जलविद्युत विकास नीति - २०५८
संविधान छल्ने अर्को चाल ?!
- *दीपक ज्ञवाली* १९
एमाले-माले एकता प्रकृयाले
फेरि गति लियो
- *हरिगोविन्द लुईंटेल* ४५
मसाल र एकताकेन्द्रको
एकता दस्तावेज तयार ४५
**आवरण कथा**
के यो नोक्सानी र खर्च
देशले धान्न सक्छ ?
- *श्याम श्रेष्ठ* ८
कसरी बढ्दैछ सेना अपरेशनमा ?
- *सुधीर शर्मा* १०
अब माओवादी धेरै टिक्दैनन्
- *दीप्तप्रकाश शाह* ११
कसको कति क्षति ? १४
यो कारणले हुँदैछ
नेपालको युद्धमा विदेशीको चासो
- *सुधीर शर्मा* ५
**खोज / अनुसन्धान**
चीनमा भेटिएको नक्सामा पनि
कालापानी-लिम्पियाधुरा नेपालकै
- *बुद्धिनारायण श्रेष्ठ* १७
**अन्तर्क्रिया**
साफ्टा कसरी हाम्रो लागि
प्रभावकारी र लाभदायी हुन सक्छ ? २२
**बहस**
एफ.एम. रेडियो : परिवर्तनका
संकेतहरु
- *प्रत्यूष वन्त* २७
**आत्मकथा**
बी.पी. आफ्नो क्षेत्रमा
साँच्चि नै महान नेता थिए
- *निर्मल लामा* २८
**खेलकूद**
पश्चिमा संचारमाध्यमको
खेलभित्रको झेल
- *एस.आर. 'प्रकाश'* ३०
**खोज**
यसरी बाँचिरहेको छ, एक
क्रान्तिकारी नेताको परिवार
- *मुक्ता श्रेष्ठ* ३२
**दृश्यबाहिर**
एउटा व्यक्तित्वको कायाकल्प
- *गोविन्द वर्तमान* ३४
**साहित्य / कविता**
आङ सान सु की
- *इच्छुक* ३५
**दर्शन**
विशिष्ट, विशेष र
सामान्यको द्वन्दवाद
- *प्रज्ञानरत्न* ३६
**किताब**
छिमेकीहरुलाई चिन्ने
असल माध्यम
- *नारायण ढकाल* ३८
**व्यंग्य**
संकटकालमा माले र एमाले
- *विमल निभा* ३९
**विज्ञान**
पदार्थको नयाँ तथा
पाँचौ अवस्थाको आविष्कार
- *तुल्सीदास महर्जन* ४०
**वि.क.आन्दोलन**
डेनमार्कमा कम्युनिष्ट आन्दोलन
- *अन्तर्वार्ता : बेट्टी कार्लसन्सँग* ४२
**पाठकको कुरो** ४६

आवरणमा : विभिन्न दृश्यमा शाही नेपाली सैनिकहरू । फोटो : नरेश श्रेष्ठ, एबीसी प्रेस फोटो/ सज्जा : टाइम्स क्रिएशन, पुतलीसडक, फोनः ४३१६५२ ।
कलर सेपरेशनः पोलिइमेज, फोनः २५२५७१ । कलाकारहरूः लक्ष्मण भुजेल, जि.डि. सारू, यति ग्राफिक्स, फोन : ४३०७५२ । मुद्रणः इन्द्रेणी अफसेट प्रेस, फोनः ४३७४४८

## भारत र पाकिस्तान

# बन्दूक होइन, मैत्रीको हात बढाऊ

भारत र पाकिस्तानबीच कुनै पनि क्षण युद्ध हुनसक्ने संगीन स्थिति सृजना भएको छ । दुवै मुलुकको सीमा क्षेत्रमा अहिले यति ज्यादा सेना र अत्याधुनिक हात-हतियार थुपारिएका छन् कि गएको ३० वर्षमा यस्तो देखिएको थिएन । पहिलेभन्दा अहिले भिन्नता के भएको छ भने, अहिले दुवैसित व्यापक विनाशकारी पारमाणविक हतियार समेत छ । युद्ध भयो भने हरेक हिसाबले त्यसको असर भारत र पाकिस्तानलाई मात्र पर्दैन, सिंगो दक्षिण एशियामा, अझ एशियामा समेत त्यसले नकारात्मक असर पुऱ्याउँछ । तसर्थ, भारत-पाक युद्ध हाम्रो पनि विशेष सरोकारको विषय हो ।

अहिलेको भारत-पाक तनाव डिसेम्बर १३ मा भारतीय संसदमा आतंकवादीहरूको हमलापछि सृजना भएको हो । त्यो हमलामा ८ जना भारतीय सुरक्षाकर्मी र ५ जना हमला गर्ने आतंककारी मारिएका थिए । भारत सरकारको आरोप के छ भने त्यो हमलामा लस्कर-ए-तोइवा र जैस-ए-माहेम्मद नामका दुई आतंककारी संगठनको हात छ र ती संगठनहरू पाकिस्तान सरकारको संरक्षण पाएर चलिरहेका संगठनहरू हुन् । उसको माग छ कि पाकिस्तान सरकारले ती संगठनहरूमाथि सख्त कार्यवाही गरोस्, तिनीहरूमाथि प्रतिबन्ध लगाओस्, तिनीहरूको बैंक खाता फ्रिज गरोस्, तिनीहरूलाई सीमा पार गरेर भारत प्रवेश गर्न नदिइयोस् र भारतले दोषी र आतंककारी भनेर किटान गरी पाकिस्तानलाई नामावली सुम्पेका २० जना आतंकवादीलाई गिरफ्तार गरेर भारतलाई सुम्पोस् । अन्यथा, भारत युद्ध गर्न बाध्य हुनेछ ।

पाकिस्तानका राष्ट्रपति परवेज मुशर्रफले भारतका केही जायज मागहरूमा तुरुन्तै सकारात्मक प्रत्युत्तर दिएका छन् । उनले भारतले माग गरेको लस्कर-ए-तोइवा र जैश-ए-महम्मद मात्र होइन, तीजस्ता अन्य ३ वटा संगठनहरूलाई समेत प्रतिबन्धित गरेका छन् । पाकिस्तान हरेक किसिमको आतंकवादविरूद्ध खडा हुने, पाकिस्तानी भूमिबाट कुनै पनि रूप र किसिमको आतंकवादी कार्यवाही भारतविरूद्ध हुन नदिने प्रतिबद्धता सार्वजनिक तवरले व्यक्त गरेका छन् । ती दुई आतंकवादी संगठनका नेतालगायत ३५० जनाभन्दा ज्यादा आतंकवादीलाई गिरफ्तारी गरेका छन् । उनीहरूको बैंक खाता फ्रिज गरिदिएका छन् । पाकिस्तानलाई कट्टरपन्थी इस्लाम राष्ट्र हुन नदिने वाचासमेत उनले गरेका छन् । मस्जिद र मदरसाहहरूलाई धार्मिक कट्टरपन्थीको र आतंकवादीहरूको तालीम केन्द्र हुन नदिने प्रतिज्ञासमेत उनले गरेका छन् । हो, उनले दोषी 'आतंकवादी' भनेर किटेर भारतले आफूसमक्ष सुम्पन माग गरेका २० जनालाई चाहिं भारतलाई सुम्पन इन्कार गरेका छन् । प्रमाण पाएमा उनीहरूलाई पाकिस्तानमै कानूनी कार्यवाही चलाइने बचन दिएका छन् ।

हामीलाई लाग्दछ, पाकिस्तानले आतंकवादीलाई निरूत्साहित गर्न गर्नसक्ने कुरा जति गरेको छ, अब यी कदमहरूलाई इमान्दारीपूर्वक उतारिन्छ कि उतारिंदैन, हेर्नेमात्र कुरा हो । दोषी आतंकवादीलाई पाकिस्तानले सुम्पन नमान्नु अस्वाभिक छैन, किनकि भारत र पाकिस्तानका बीचमा दोषी- प्रत्यार्पणको कुनै सन्धि-सम्झौता विद्यमान छैन । दोषीमाथि कार्वाही गर्न पाकिस्तानले यथेष्ट र भरपर्दो प्रमाण माग्नु पनि नाजायज कुरो होइन । यथेष्ट र भरपर्दो प्रमाणबिना भारतले भन्दैमा पाकिस्तानले आँखा चिम्लेर कसैमाथि कानूनी कार्यवाही गर्नलाई पाकिस्तान भारतको कुनै प्रान्त वा राज्य होइन, यो एउटा सार्वभौम स्वतन्त्र राष्ट्र हो । फेरि भारतले प्रत्यक्षतः असम्बन्धित अमेरिकी सरकारलाई देखाउन मिल्ने आतंकवादीसम्बन्धी प्रमाण मुख्य कारणी र प्रत्यक्ष रूपले सम्बन्धित पाकिस्तानलाई चाहिं देखाउन इन्कारी गर्नुपर्ने कारण के ?




भारतीय सेनाद्वारा हालै मारिएका ८ जना कास्मीरी 'आतंकवादी'हरू

परन्तु पाकिस्तानले आतंकवादीविरूद्ध गर्नसक्ने जति कुराहरू गरेर मैत्री र शान्तिवार्ताको लागि प्रस्ताव गर्दा पनि भारत सरकार ती कदमहरूलाई अझै 'पर्याप्त' मानिरहेको छैन । ऊ अझै आतंकवादीविरूद्ध 'प्रभावकारी' कदमको माग गरिरहेको छ । के गर्दा उसको लागि 'पर्याप्त' हुने हो र आतंकवादविरूद्ध 'प्रभावकारी' कदम हुन जाने हो ? उसले स्पष्ट गरिरहेको पनि छैन । ऊ अझै पाकिस्तानमाथि चौतर्फी दवाव बनाईराख्न सीमा क्षेत्रमा सैनिक बलको तैनाथी र कूटनैतिक दवाव ज्यूँकात्यूँ बनाई राखीछोड्ने कुरा गर्दैछ । शान्तिवार्ता गर्नसमेत ऊ मानिरहेको छैन । मुशर्रफको विनम्रतापूर्ण शान्ति प्रस्ताव र लचिलोपनलाई ऊ कमजोरी ठानिरहेछ ।

यस्तो प्रतीत हुन्छ, भाजपाद्वारा अगुवाइ भएको वर्तमान भारत सरकारलाई यतिबेला कुनै पनि बहानामा एउटा पाकिस्तानविरोधी युद्ध चाहिएको छ, विशेषतः उत्तर प्रदेशको प्रान्तीय विधानसभाको चुनावलाई प्रभावित पार्नको लागि । यही निहित स्वार्थबाट प्रेरित भएर पार्टीभित्रका दक्षिणपन्थी तत्वको दबावमा स्याल र सानो पाठोको पानी धमिल्याएको कथाझैं भारत सरकार यतिबेला पाकिस्तानसित युद्धका लागि निहुं खोज्दैछ । भारतका वामपन्थी पार्टीहरू भारत सरकारको यो अतर्कपूर्ण र नाजायज कदमको विरोध गर्दैछन् । उनीहरू कार्वाही र सुपुर्दगी माग गरिएका दोषी आतंकवादीहरूका बारे यथेष्ट र भरपर्दो प्रमाण विश्व जनसमुदाय र पाकिस्तानसमक्ष पेश गर्न पनि माग गरिरहेका छन् । जिम्मेवार भारतीय पत्रपत्रिकाहरूका अनुसार सेनाका उच्चपदस्थ अधिकारी-हरूसमेत यतिबेला पाकिस्तान-विरूद्धको फौजी कारवाही बेठीक हुने धारणा राखिरहेछन् । अवकाश प्राप्त जनरल र एड्मिरलहरूमध्ये अधिकांशले त खुलेआम यसको विरोध गर्न थालेका छन् । परन्तु भारत सरकारको रबैया बदलिएको देखिदैन ।

हामी भारतका तमाम न्यायप्रेमी जनताहरू र राजनीतिक शक्तिहरूलाई भारत-पाकिस्तानबीचको यो बेतुकको र निहित स्वार्थमा आधारित लडाइँ रोक्नका लागि सशक्त दवाव दिन अपील गर्दछौं । भारत-पाकिस्तानबीचको नाजायज लडाइँबाट न भारतलाई फाइदा छ, न पाकिस्तानलाई नै, न सिंगो दक्षिण एशियालाई नै । दक्षिण एशियामा बिकासका लागि यतिबेला युद्ध होइन, भारत पाकिस्तानबीच दिगो मैत्री र शान्तिको खाँचो छ । दिगो मैत्री र शान्तिले मात्र दिगो विकासको निम्ति राजमार्ग सृजना गर्ने कार्य गर्छ । पाकिस्तानले जुन शान्ति र मित्रताको हात बढाएको छ, त्यसलाई खालि फिर्ता नपठाउनुमा नै भारतको हित छ । काश्मिरको झगडा पनि युद्धद्वारा होइन, आपसी विश्वास, समझदारी र मैत्रीपूर्ण वार्ताद्वारा मात्र हल हुने संभावना राख्छ । जहाँसम्म आतंकवाद निर्मूल पार्ने कुरा छ, पाकिस्तानले २०-३० जना आतंकवादी सुम्पँदैमा त्यो निर्मूल हुँदैन । आतंकवाद निमूर्ल हुनैपर्छ, परन्तु त्यो निर्मूल हुन आतंकवाद सृजना हुने कारण निर्मूल हुनुपर्छ । चरम शोषण र अन्याय, चरम गरीवी र बेरोजगारी- त्यसले पैदा गर्ने बेहद निराशा र पर्खने र हेर्ने धैर्यको अन्त्य यो नै आतंकवादको मुहान हो । यो मुहानलाई नै अन्त्य गर्नुपर्छ । के भारतको सरकारले यसलाई अन्त्य गर्ने साहस राख्छ ? ❑



बृहद प्रजातान्त्रिक एकता

# प्रजातन्त्रको चिन्ता वा सत्ताको खेल ?

❑ सुरेश आचार्य ❑

मुलुकमा प्रतिस्पर्धाको माध्यमबाट सत्ता हस्तान्तरणको प्रक्रिया शुरु भएको एघारौं वर्षमा नयाँ नारा आएको छ– बृहद प्रजातान्त्रिक एकता । यो नारा अरु कसैले शुरु गरेको नभई सत्तारुढ पार्टीका सभापति गिरिजाप्रसाद कोइरालाबाट उठान भएको हो । यसको आकृति र प्रकृति अहिलेसम्म प्रष्ट छैन, तर सबै राजनीतिक दलहरुका लागि यो कर्णप्रिय नारा छलफलको एजेण्डा बन्न पुगेको छ ।

प्रधानमन्त्री शेरबहादुर देउवाका लागि आफ्नै पार्टी सभापतिले उठाएको यो नारा सत्ताच्यूत गराउने षडयन्त्र बन्न पुगेको छ भने संसदमा शून्य उपस्थिति रहेको मालेका महासचिवले यसलाई सत्ताको सहज लिस्नु ठान्नुभएको छ । राप्रपाका सूर्यबहादुर थापा फेरि पनि कोइरालाको बुई चढ्न पाउने आशामा हुनुहुन्छ । सत्ताको नेतृत्वको संभावना नदेख्नुभएका एमाले महासचिव माधवकुमार नेपालका लागि यो 'निल्नु न उकेल्नु' भएको छ ।

आखिर के हो– यो बृहद प्रजातान्त्रिक एकता ? सुनिदैछ, गिरिजाप्रसाद कोइरालाका सहयोगीहरु यसको विशद ब्याख्यामा जुटेका छन् र चाँडै नै कांग्रेस केन्द्रीय समितिको बैठकमा यसलाई प्रस्तुत गरिंदैछ । तर यी हरफ कोरिंदासम्म कांग्रेस बैठकको सूचना आएको छैन । कांग्रेसभित्र पछिल्लो पुस्ताका चर्चित नेता रामचन्द्र पौडेल र खुमबहादुर खड्का कोइरालाको नारामा केही भिन्न ढंगमा व्याख्या गर्न लाग्नुभएको छ । यद्यपि, कोइराला जीवित रहेसम्म कांग्रेसमा अरुले गर्ने व्याख्या अर्थहीन हुन्छ, जतिबेलासम्म ती ब्याख्याहरु कोइरालाकै अवधारणामा समाहित हुँदैनन् ।

यो विषय उठानको पृष्ठभूमिमा जाने हो भने कोइरालाले यो नारा त्यसबेला लगाउन शुरु गर्नुभयो, जतिबेला उहाँ प्रधानमन्त्रीका रुपमा असफल सावित हुँदै हुनुहुन्थ्यो । माओवादीहरु आक्रामक रुपमा प्रस्तुत भइरहेका थिए र स्थिति प्रधानमन्त्रीको नियन्त्रणभन्दा बाहिर जान लादै थियो । जुनसुकै बेला प्रधानमन्त्री सत्ताच्यूत हुनसक्दथ्यो वा प्रजातन्त्रमाथि खतरा उत्पन्न हुनसक्थ्यो । तीन महिना कुर्न नसकी अधैर्यका साथ सत्तासीन हुनु भएका कोइरालाको कार्यकालका १३ महिना अनाहकमा बितेका थिए ।

कोइरालाले त्यसबेला यो शर्तअगाडि सार्दा कसैले पनि माओवादी समस्या समाधान गर्ने उहाँको इमान्दार प्रयासका रुपमा यसलाई बुझेनन् । उहाँ केही बढी मिनेट सत्तामा रहनु एमालेको परिभाषामा 'घातक' हुन्थ्यो । संसदमा स्पष्ट बहुमत हुँदाहुँदै अरु सत्तामा आउने कुरा अपमानजनक ढंगले सत्ताच्यूत हुनपुगेका कृष्णप्रसाद भट्टराई र उहाँका पक्षधरहरुलाई स्वीकार्य थिएन । कांग्रेसको अर्को नेतृत्वलाई सहयोग गर्न प्रमुख प्रतिपक्षी एमाले तयार थियो । उसले यसबारे सार्वजनिक घोषणा नै गरेको थियो ।

यो पृष्ठभूमिले स्पष्ट गरेको छ– कांग्रेस सभापति कोइराला आफ्नै नेतृत्वमा अर्को सरकार बनाउन चाहनुहुन्थ्यो । कांग्रेसको अर्को नेतृत्व कोइरालालाई स्वीकार्य थिएन । तर परिस्थिति कोइरालाले सोचेजस्तो रहेन र उहाँको अनिच्छाका वावजूद कांग्रेसकै नेतृत्वमा सरकार बन्यो र त्यही सरकार अहिले क्रियाशील छ, कार्यरत छ । उहाँकै पार्टीको सरकारले गरेको ४ महिना लामो वार्ता अभ्यास र यसको असफलतापछि घोषणा गरेको संकटकालको तेस्रो सातामा कोइरालाले आफ्नो पुरानै सपना दोहोऱ्याउनुभएको छ ।

आफ्ना योजनामा असफल भएको देख्न नचाहनु कोइरालाको विशिष्ट पहिचान हो । जीवनको उत्तरार्द्धमा कोइराला आफ्ना कतिपय अडान र अधिकांश हठहरुमा पराजित हुँदै आउनुभएको छ । तसर्थ, आफ्ना असफलतामा सफलताको खोजी गर्दा आफूले उठाएका विषयलाई पुनर्परिभाषित गर्नु उहाँको बाध्यता भएको छ । उहाँले पछिल्लो पटक यो नारा उठाउँदा सरकारविरुद्ध यसलाई लक्षित गर्नुभयो र सार्क शिखर सम्मेलन अगाडि नै सरकार परिवर्तन गर्नुपर्ने आफ्नो उदेश्य प्रष्ट गर्नुभयो । कोइरालाले यो अभियान शुरु गर्दा माधवकुमार नेपाल र सूर्यबहादुर थापाबीच पटक पटक वार्ता भएको कुरा कुनै रहस्यको विषय नभएर सार्वजनिक भएको यथार्थ हो । कोइरालाको आश्वासनबाट सूर्यबहादुर पुलकित भएको पनि उत्तिकै सत्य हो ।

कांग्रेसको अनौपचारिक बैठकमा कोइरालाले अचानक 'यू टर्न' लिंदा धेरै कांग्रेसलाई आश्चर्य लागे पनि सुशील कोइराला र नरहरि आचार्यलाई यो अनौठो घटना लागेन । सुशील कोइराला शेरबहादुर देउवाको प्रतिद्वन्दी बन्नु पर्ने बाध्यता रहे पनि मुलुकको वर्तमान

> **कांग्रेसको अनौपचारिक बैठकमा कोइरालाले अचानक 'यू टर्न' लिंदा धेरै कांग्रेसलाई आश्चर्य लागे पनि सुशील कोइराला र नरहरि आचार्यलाई यो अनौठो घटना लागेन**

राजनीतिक अवस्थामा नेतृत्व दिएर शासन गर्ने हिम्मत राख्नु हुन्न । त्यसैले, सुशील कोइरालाको व्यक्तिगत चाहना तत्काल सत्तासीन हुनु देखिंदैन । गोविन्दराज जोशीलाई आफ्नो साइज थाहा भएर पनि सत्ताबाहिर रहनुमा पीडा हुनु बेग्लै कुरा हो । यसपटक सुशीलले दाजु कोइरालालाई सत्ता लिप्सामा नलाग्न गर्नुभएको आग्रह थोरैको जानकारीको विषय हुनसक्छ । अर्कोतिर, कृष्णप्रसाद भट्टराईले 'आउटराइटली' कोइरालाको प्रस्ताव इन्कार गरेपछि आफ्नो नाक जोगाउन प्रजातान्त्रिक एकता पुनर्भाषित भएको हो । अब कोइरालाले यो एकतामा राजाको भूमिका समेत खोज्नुभएको छ । यद्यपि, यो प्रस्ताव राजासमक्ष पुगिसकेको छ भन्न सकिंदैन । कोइरालाले यो एकतावादी प्रस्तावलाई समस्या समाधानको अन्तिम विकल्पका रुपमा लिनुभयो भने राजा र राजनीतिक दलहरुले यसलाई सकारात्मक रुपमा लिने संभावना चाहिँ बाँकी नै छ । संकटकालको एक खालको टुंगो नलागेसम्म कोइरालाले प्रस्ताव गरेको अवस्था आइसकेको छैन ।

सभापति कोइरालाको यो अभियानमा गृहमन्त्री खुमबहादुर खड्काले आफूलाई सामेल गराउनुभएको छ । सांसदहरुको सानोतिनो जमात बोकेर बस्नु हुने मन्त्री खड्कामा राजनीतिक महत्वाकांक्षा कम छैन । उहाँमा कुनै स्पष्ट दृष्टिकोण वा चिन्तन भएर त्यसको कार्यान्वयनका लागि महत्वाकांक्षा बढेको मान्न कांग्रेसहरु नै तयार छैनन् । मुलुकमा धेरै 'बहादुर'हरु प्रधानमन्त्री बनेको इतिहासको भने उहाँलाई राम्रो सम्झना छ । च्याँखे दाउ हात लाग्छ भने यसको ब्याख्या गर्न उहाँ पनि तयार देखिनुभएको छ । त्यसो त, मन्त्री हुने प्रवल इच्छाका बावजूद वैकल्पिक नेता बन्न बाहिर बस्नुभएका रामचन्द्र पौडेल प्रजातान्त्रिक एकतालाई आफ्नो परिकल्पना ठान्नुहुन्छ । उहाँको पृथक धारणा छ– संसदीय चुनाव लड्ने सबै प्रजातान्त्रिक शक्ति होइनन् । प्रजातन्त्रइतर शक्तिलाई पृथक राखेर मात्रै त्यस्तो मोर्चा बनाइनुपर्छ । पौडेलको समस्या– उहाँ कांग्रेसका विचार बोक्ने सीमित नेताहरुमध्ये पर्नुहुन्छ, तर आफ्नो विचारमा समर्थक भने भेट्टाउन सक्नुहुन्न । सत्ताको खेलमा विचारको राजनीति पराजित हुँदै आएको अनुभव भएर पनि उहाँ 'ओल्लो घाट न पल्लो तिर'को राजनीतिमा अल्मलिनुभएको छ ।

कुनै बेला संयुक्त सरकार वा मिलीजुली सरकार संविधानको परिकल्पनाबाहिर (कुनै पार्टीको बहुमत रहेका अवस्थामा) को कुरा ठान्नु हुने कोइराला अहिले आफ्नै मान्यता विपरीत उभिनु संयोगमात्र होइन । राजनीतिमा दुई र दुई जोड्दा सधैं चारमात्र हुँदैन भन्ने कोइरालालाई मात्र थाहा नभएको होइन । योभन्दा आश्चर्य चाहिं कम्युनिष्टसँगको कार्यगत एकतालाई सधैं असंभव ठान्नु हुने कांग्रेस सभापति कोइराला कम्युनिष्टलाई अहिलेको प्रजातान्त्रिक मोर्चामा सोमल गर्न आतुर हुनु हो । यो उहाँको प्रजातन्त्रप्रतिको चिन्ता हो वा सत्ताबाहिर सेकेण्डभर बस्न नसक्ने चरित्र ? कोइरालाकै प्रस्तावमा प्रधानमन्त्री भएर कोइरालाकै लात खाएर सत्ताच्यूत हुन पुग्नुभएका सूर्यबहादुर थापा शायद यसलाई राजनीतिक खेलाडीको चालमात्र सम्झनु होला । तर उद्देश्य स्पष्ट नभई गरिने एकता स्वार्थ पूरा गर्न उपयोगी हुनसक्छ, परिणाममुखी हुन सक्दैन । एकता आफैंमा राम्रो प्रस्ताव हो र राम्रो परिणाम खोज्नुअघि यसको उद्देश्यमा प्रष्ट हुनु आवश्यक छ । ❑

*(लेखक नेपाल पत्रकार महासंघका सभापति हुनुहुन्छ)*

सार्क शिखर सम्मेलन विशेष

# यस्तो रह्यो एघारौं सार्क शिखर सम्मेलन

- दीपक वैद्य

सार्कका महाशक्तिहरू- भारत र पाकिस्तानबीचको संभावित युद्धको चपेटामा परेर सम्मेलन नै होला कि नहोला भन्ने ठूलो आशंकाबीच दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन- सार्कको एघारौं शिखर सम्मेलन पुस २१ र २२ गते काठमाण्डौमा सम्पन्न भएको छ । भारतले हवाइ मार्ग नदिनाले चीन भएर आउनु परेका पाकिस्तानी राष्ट्रपति परवेज मुशर्रफ उद्घाटनको दिन समयमै काठमाण्डौ आइनपुग्नाले तोकिएको समयभन्दा एक दिन ढिलो गरेर भएको यो सम्मेलन निर्बिघ्न सम्पन्न हुनु नै ठूलो कुरो भएको छ । बडापत्रअनुसार, हरेक वर्ष हुनुपर्ने भनिएको सार्क शिखर सम्मेलन पाकिस्तानको नयाँ सैनिक शासकप्रति भारतको विरोधको कारणले त्यतिबेला हुन नसकेकोमा नेपालको जोडमा बल्लबल्ल साँढे तीन वर्षपछि अहिले हुन सकेको हो ।

शिखर सम्मेलनले आफ्नो समापनमा पहिलेभन्दा छोटो र कामकाजी ५६ बुँदे काठमाण्डौ घोषणापत्र सर्वसम्मतिबाट जारी गरेको छ । घोषणापत्रमा उल्लेख भएअनुसार आतंकवाद नियन्त्रण, गरीवी निवारण, दक्षिण एशियाली स्वतन्त्र व्यापार क्षेत्र- साफ्टाको मस्यौदालाई यही वर्षको अन्त्यसम्ममा अन्तिम रूप दिने सवाल, सार्कलाई चरणवद्ध र योजनावद्ध रूपमा दक्षिण एशियाली आर्थिक संघमा बदल्ने कुरामा साझा सहमति र सार्कको सामाजिक बडापत्रलाई सकेसम्म छिटो अन्तिम रूप दिने सवाल नै यो सम्मेलनका सबैभन्दा महत्वपूर्ण निर्णयको रूपमा देखिएको छ । यो शिखर सम्मेलनको अन्य मूर्त उपलब्धिका रूपमा दुईवटा अभिसन्धिहरूमाथि विदेशमन्त्री स्तरमा हस्ताक्षर भएका छन् : एउटा, वेश्यावृत्तिको निम्ति महिला र बालिकाहरूलाई ओसारपसार गर्नमा रोक लाउने महासन्धि र अर्को, बाल-बालिकाहरूको भलाइसम्बन्धी क्षेत्रीय व्यवस्थाबारेको महासन्धि ।

SAARC

**जे ले आतंकवाद पैदा गर्छ, त्यसको जरो सम्बन्धमा भने घोषणापत्रले चूँसम्म पनि बोलेको देखिन्न**




### *आतंकवादसम्बन्धी नयाँ निर्णय*

आतंकवाद नियन्त्रण सम्बन्धमा १४ वर्षअघिको तेस्रो सार्क शिखर सम्मेलनबाट पारित भएको तर अभिसन्धि अनुकूल प्रभावकारी राष्ट्रिय कानूनको रूप दिएर लागु नभएको आतंकवादमाथिको दमनसम्बन्धी अभिसन्धिलाई निश्चित समयभित्र पुनः ब्यूँताएर त्यहीअनुकूल राष्ट्रिय कानून बनाएर सक्रिय पार्ने निर्णय भएको छ । आतंकवाद नियन्त्रण सम्बन्धमा सुरक्षा परिषद्को प्रस्ताव नं. १३७३ लाई क्षेत्रीय स्तरमा कार्यान्वियन गर्ने निधो पनि सम्मेलनले गरेको छ । वैचारिक, राजनीतिक, धार्मिक वा अन्य कुनै पनि आधारमा देखापर्ने कुनै पनि रूप र किसिमको आतंकवादलाई रोक्ने र दमन गर्ने अठोट सम्मेलनले एकमतले गरेको छ ।

परन्तु सम्मेलनको निर्णयमा गम्भीर दोष के देखिएको छ भने- यसले सतह-सतहमा आतंकवादलाई निर्मूल पार्ने कुरामात्र गरेको छ । जे ले आतंकवाद पैदा गर्छ, त्यसको जरो सम्बन्धमा भने घोषणापत्रले चूँसम्म पनि बोलेको देखिन्न । लामखुट्टे मार्ने कुरा गर्ने, तर लामखुट्टे जुन फोहोर पानीको आहालबाट लगातार पैदा हुन्छ, त्यो आहाल चाहिँ ज्यूँका त्यूँ बाँकी राख्ने, त्यसलाई निर्मूल गर्ने नखोज्ने, के यस्तो हचुवा र सतही तरीकाबाट लामखुट्टेको समस्या कहिल्यै हल हुन्छ ? सार्क शिखर सम्मेलनको आतंकवाद निर्मूल पार्ने निर्णयमा पनि ठीक यही दृष्टिकोण र प्रवृत्ति हावी भएको देखिएको छ ।

आतंकवादसम्बन्धी सम्मेलनको निर्णयको अर्को दोषपूर्ण पाटो के देखिन्छ भने- यथास्थितिमा परिवर्तन खोज्ने उत्पीडित जनताको न्यायपूर्ण आन्दोलनलाई पनि आतंकवाद ठहऱ्याएर क्षेत्रीय लेभलमा संयुक्त भएर दमन गर्ने खतरा पनि यो निर्णयले पैदा गरेको छ । किनभने, यो निर्णयमा आतंकवाद र परिवर्तनकामी जनताको न्यायपूर्ण संघर्षका बीचमा कुनै स्पष्ट भिन्नताको रेखा कोरिएको छैन । फेरि, दक्षिण एशिया क्षेत्रका राष्ट्र राज्यहरूमा- परिवर्तनकामी हरेक आन्दोलनलाई 'आतंकवाद'को दर्जा दिने प्रवृत्ति धेरै पहिलेदेखि रहिआएको छ ।

### *यसरी गरीवी निवारण होला त ?*

गरीवी निवारण एघारौं शिखर सम्मेलनको अत्यन्त चर्चित र सर्वस्वीकार्य नारा बन्यो । भारतका प्रधानमन्त्री अटलबिहारी बाजपेयीले उद्घाटनको दिनको आफ्नो मूल भाषणमा गरीवीलाई साझा शत्रु घोषित गरौं भनेर प्रस्ताव नै पेश गर्नुभयो । सबैको भाषणमा गरीवी

निवारणबारे अब केही ठोस कुरा गर्ने आह्वान थियो । सन् २००२ सम्ममा दक्षिण एशियाबाट गरीबी निवारण गरिसक्ने भनेर सार्क शिखर सम्मेलनले दश वर्षअघि निर्णय गरेर त्यसको लागि आयोगसमेत बनाइसकिएकोमा अहिलेसम्म कुनै प्रगति नभएकोमा सबैको आलोचना थियो । परन्तु एघारौं सार्क शिखर सम्मेलनले पनि गरीबी निवारणबारे भाषण धेरै गरे पनि त्यो गल्ती सच्याएर गूदीयुक्त र तात्विक अन्तर पर्ने कुरा गरेको देखिएन ।

सम्मेलनले गरीबी निवारण सम्बन्धमा आउँदो अप्रिल महिनामा पाकिस्तानमा मन्त्रीस्तरमा एउटा विशेष सेसनको आयोजना गर्ने निर्णय गरेको छ । त्यसले विगतका नीति र कार्यहरूको समीक्षा र मूल्यांकन गरेर आगामी १२ औं शिखर सम्मेलनमा ठोस प्रस्तावहरू प्रस्तुत गर्नेछ । यसले सार्क मन्त्री परिषद्लाई गरीबी निवारणसम्बन्धमा हाल विद्यमान तीन तहको संयन्त्रलाई पूर्ण रूपमा सक्रिय पार्न पनि निर्देशित गरेको छ । साथै, सदस्य राज्यमा गरीबी निवारणसम्बन्धी कार्यक्रमलाई संयोजित ढंगले विकास रणनीतिसित एकीकृत गरेर लैजानका लागि यसले पुरानो गरीबी निवारणसम्बन्धी दक्षिण एशियाली आयोगलाई पुनर्गठन गर्ने निर्णय पनि गरेको छ, जसमा नेपाल संयोजक रहनेछ, बंङ्गलादेश सह-संयोजक र हरेक सदस्य राष्ट्रबाट त्यसमा दुई दुईजना सदस्य रहनेछन् ।

सार्क क्षेत्रमा गरीबीको मुख्य कारण चर्को बेरोजगारी, जीउँन नपुग्दो पारिश्रमिक, स्रोत र सम्पत्तिको अन्यायपूर्ण वितरण र जनताको आधारभूत आवश्यकताको पूर्तिमा



*पाकिस्तानी राष्ट्रपति परवेज मुशर्रफले भारतसित असली शान्ति र मैत्रीका लागि प्रस्ताव गर्दै भारतीय प्र.मं. अटल बिहारीसित हात मिलाउन अघि बढ्दा यो खबर विश्वकै एक नम्बरको तातो खबर बन्न पुगेको थियो*

राज्यको बढ्दो उपेक्षा रहेको छ । यी जरो कारणहरूलाई निर्मूल गर्ने मूर्त कार्यक्रमहरू सार्कले नल्याईकन जतिसुकै गरीबी निवारणको कुरा गरेपनि गरीबी निवारण हुने देखिंदैन । व्यापक ग्रामीण औद्योगीकरण, कृषि क्रान्ति, प्रगतिशील भूमिसुधार, स्थानीय सरकारलाई स्रोतहरूको व्यवस्थापन, उत्पादन र दोहन गर्ने व्यापक स्वायत्तता र आधारभूत आवश्यकताको पूर्तिलाई जनताको मौलिक हक बनाउने व्यवस्था- यी मूर्त कदमहरूलाई नचालिकन गरीबीको जरो कारणलाई निमिट्यान्न पार्न सकिंदैन । परन्तु सार्कको शिखर सम्मेलनले यीमध्ये कुनै पनि ठोस कदम उठाउने निर्णय गरेको देखिंदैन ।

## *साफ्टा अब सम्झौताको प्रक्रियामा*

यो शिखर सम्मेलनको एउटा ठोस निर्णय भनेको यो वर्षको अन्त्यसम्ममा दक्षिण एशियाली स्वतन्त्र व्यापार क्षेत्र (SAFTA) सम्बन्धी सम्झौतालाई अन्तिम रूप दिईसक्ने भन्ने हो । सम्मेलनले त्यसका लागि स्वतन्त्र व्यापारको निम्ति बाधास्वरूप रहेका कर र गैर-करका तगाराहरू र ढाँचागत व्यवधानहरू हटाउने कार्य छिटो गर्न सदस्य राज्यहरूलाई निर्देशित गरेको छ ।

परन्तु साफ्टा नेपालको लागि लाभदायी हुनसक्छ कि सक्दैन ? हुनसक्छ भने त्यो कसरी र के के गरेमा मात्र हुनसक्छ ? त्यसबारे सरकारले गम्भीरतापूर्वक सर्वांगीण गृहकार्य गरेको र त्यसअनुरूप योजनाबद्ध प्रभावकारी कदमहरू चाल्न थालेको देखिन्न । बरू, केही हदसम्म निजी क्षेत्रमा उद्योग वाणिज्य महासंघहरू यसबारे गम्भीरतापूर्वक चिन्तन-मननमा जुटेका देखिन्छन् । गम्भीरतापूर्वक गृहकार्य गरिएन भने साफ्टा नेपालको लागि बरदान होइन, भएभरका उद्योग ब्यबसायहरू ढाल्ने सराप पनि हुनसक्छ । साफ्टामा त जाने, तर त्यहाँ नेपालले राम्रो फाइदा लिन सक्ने गरी बेच्न सक्ने वस्तु के ? सेवा के ? हाम्रा वस्तु र सेवाहरू दक्षिण एशियाली राष्ट्रहरूका उपभोक्ताहरूको लागि अरूको तुलनामा किनुँ किनुँ लाग्ने गरी आकर्षक, विशिष्ट र सस्तो हुनका लागि हामीले अहिलेदेखि नै गर्नुपर्ने कुरा के ? यो बारेमा हामी बेलैमा स्पष्ट र योजनाबद्ध हुनु जरूरी हुन्छ । नत्र साफ्टाबाट हामी अरूको वस्तु र सेवामात्र किन्ने, आफ्नो केही पनि बेच्न नसक्ने चरम व्यापार घाटाको देशमा परिणत हुनेछौं । *(यस सम्बन्धमा- हेर्नुहोस्, मूल्यांकनको अन्तर्क्रिया यही अंकमा सं.)*

ठीक यही कुरा दक्षिण एशियालाई यूरोपेली संघझैं योजनाबद्ध ढंगले साझा आर्थिक संघमा बदल्ने भन्ने एघारौं शिखर सम्मेलनको निर्णयको हकमा पनि लागु हुन्छ ।

## *सामाजिक क्षेत्रका निर्णयहरू*

सम्मेलनको अर्को महत्वपूर्ण निर्णय सार्कको सामाजिक बडापत्रलाई सकेसम्म छिटो अन्तिम रूप दिने निर्णय हो । सार्क मन्त्री परिषद्को अर्को बैठकमा पेश गर्नसक्ने गरी यसको काममा तीव्रता दिन अन्तर्सरकारीविज्ञहरूको समूहलाई निर्देशित गरिएको छ । यो बडापत्रमा गरीबी उन्मूलन, महिलाहरूको सशक्तिकरण, युवा परिचालन, मानव स्रोतको विकास, स्वास्थ्य र पौष्टिक आहारमा प्रगति, जनसंख्यामा स्थायित्व र बाल-बालिकाहरूको सुरक्षाजस्ता बूँदागत क्षेत्रहरू समेट्न निर्देशित गरिएको छ ।

## *महिला र बाल-बालिकाबारे*

शिखर सम्मेलनबाट पारित र हस्ताक्षरित वेश्यावृत्तिको निम्ति महिला र बाल-बालिकाको ओसारपसारमाथि रोक लगाउने अभिसन्धिको बिस्तृत विवरण अझै थाहा पाउन सकिएको छैन । सार्क शिखर सम्मेलन घोषणापत्रका अनुसार, यसले महिला र बाल-बालबालिकाको ओसारपसारलाई 'गम्भीर प्रकृतिको

## एघारौं सार्क शिखर सम्मेलनका मुख्य निर्णयहरू

- दुई अभिसन्धिमा हस्ताक्षर : एक वेश्यावृत्तिका लागि महिला र बाल-बालिकाको ओसारपसारमा रोक लाउनेसम्बन्धी । दुई, बाल-बालिकाको भलाईमा बढोत्तरी ल्याउने व्यवस्था सम्बन्धी ।
- साफ्टा सन्धिलाई सन् २००२ को अन्त्यसम्ममा अन्तिम रुप दिइने ।
- योजनाबद्ध र चरणबद्ध ढंगले दक्षिण एशियाली आर्थिक संघतर्फ प्रवेश गर्नमा सैद्धान्तिक सहमति ।
- गरीबी निवारण सम्बन्धमा मूर्त कदमहरु सुझाउन मन्त्रीस्तरीय विशेष सेसनको आयोजना । नेपाल गरीबी निवारण आयोगको संयोजक ।
- सबै रुप र अभिव्यक्तिको आतंकवाद-माथि दमन गर्न १४ वर्ष पुरानो आतंकवादमाथिको दमनसम्बन्धी अभिसन्धि पुनः ब्यूँताउने र कार्यान्वयन गर्ने कुरामा सहमति ।
- सार्क सामाजिक बडापत्रलाई यथासंभव छिटो अन्तिम रुप दिइने
- सार्कलाई कामकाजी र नतीजामुखी संस्था बनाउने ।
- अर्को शिखर सम्मेलन सन् २००३ को शुरुमा इस्लामाबादमा ।
- एक वर्षको लागि नेपाल सार्कको अध्यक्ष ।

## सार्कको खर्च कसले कति ब्यहोर्छ ?

| | | |
|---|---|---|
| भारतले | ३२.१ | प्रतिशत |
| नेपालले | ११.३५ | प्रतिशत |
| श्रीलंकाले | ११.३५ | प्रीतशत |
| बंगलादेशले | ११.३५ | प्रतिशत |
| पाकिस्तानले | २.८५ | प्रतिशत |
| भुटानले | ५ | प्रतिशत |
| माल्दिभ्सले | ५ | प्रतिशत |

*स्रोत: नेपाल, अंक १०*

फौजदारी अभियोग' घोषित गरेको छ । त्यस्तो ओसारपसार र वेश्यावृत्तिको शिकार भएकाहरूलाई पुनर्स्थापित गर्न सम्मेलनले एउटा कोष स्थापना गर्ने निर्णय पनि गरेको छ, जसमा सदस्य राज्यहरू, व्यक्तिहरू र अन्य दाता राष्ट्र र एजेन्सीहरूले दिएका चन्दाहरू जम्मा हुनेछन् ।

शिखर सम्मेलनले दक्षिण एशिया क्षेत्रका प्रमुख महिला व्यक्तित्वहरूको स्वायत्त सरोकार समूह निर्माण गर्ने पनि निर्णय गरेको छ । ताकि लिंगसम्बन्धी व्यापक सवालमा ठोस सिफारीशहरू प्राप्त हुनसकोस् । सन् २०१५ सम्ममा सबै बाल-बालिकाहरू, विशेषतः बालिकाहरूले गुणस्तरयुक्त प्राथमिक शिक्षा प्राप्त गर्ने कुरालाई सुनिश्चित गर्ने राष्ट्रिय रणनीति र कार्य योजना तैयार पार्ने निधो पनि सम्मेलनले गरेको छ ।

### *अरू के भए ?*

सार्कलाई कसरी अघि बढाउने भन्ने सम्बन्धमा विशिष्ट व्यक्तिहरूको समूहले पेश गरेको प्रतिवेदनलाई पनि शिखर सम्मेलनले अनुमोदन गरेको छ । सम्मेलनको अर्को उल्लेखनीय निर्णय भनेको दक्षिण एशियाली विकास कोष बनाउनुपर्ने आवश्यकतामाथि सहमति हो । नेपालको प्रस्तावमा शान्ति, विकास, गरीबी निवारण र क्षेत्रीय सहयोगको सवालमा उल्लेखनीय योगदान गर्ने व्यक्ति र संस्थालाई सार्क पुरस्कार दिने निर्णय पनि शिखर सम्मेलनले गरेको छ । यससम्बन्धी अवधारणापत्र तैयार पार्ने जिम्मेवारी नेपाल सरकारले पाएको छ ।

अर्को सार्क शिखर सम्मेलन सन् २००३ को प्रारम्भमा पाकिस्तानको इस्लामावादमा आयोजना गर्ने निधो सम्मेलनले गरेको छ ।

### *कसरी होला सार्क प्रभावकारी ?*

सार्क अहिलेसम्म राम्रा निर्णयहरू धेरै गर्ने तर राम्ररी केही पनि कार्यान्वयन नगर्ने संस्थाका रूपमा देखिएको छ । भारत र पाकिस्तानबीचको तनाव र आपसी अविश्वासले सार्क नराम्ररी प्रभावित छ । त्यसमाथि थप, दुई पक्षीय विवाद सार्क शिखर सम्मेलनमा उठाउन नपाइने भन्ने सार्क बडापत्रको धारा १० ले सार्कलाई आपसी समझदारी र सद्भावनामा आधारित प्रभावकारी संस्था बन्न ठूलो तगारो खडा गरेको छ । सार्कलाई सफल पार्ने हो भने यी व्यवधानहरू सर्वप्रथम हटाइनुपर्छ ।

यस पटकको शिखर सम्मेलनमा पाकिस्तानी राष्ट्रपति परवेज मुशर्रफ र श्रीलंकाकी राष्ट्रपति कुमारातुंगाले कुनै एक राष्ट्रको प्रतिकूलता वा विरोधबाट वार्षिक शिखर सम्मेलन रोकिनु नहुने र दुई पक्षीय विवाद सार्कमा उठाउन पाउनु पर्नेबारेमा दरोसित वकालत गर्नुभएको छ । सार्कको अध्यक्ष हुन पुगेको नेपालले त्यसमा साथ दिनु जरूरी छ । किनकि, सार्कका हरेक मुलुकमा द्विपक्षीय समस्याहरू छन् । त्यो हल नभई सार्क प्रभावकारी कामकाजी संस्था बन्नै सक्दैन । सार्क सफल र जीवन्त संस्था बन्ने हो भने दुई वर्ष लागोस् वा चार वर्ष, भारत-पाकिस्तानबीच विद्यमान सीमा-विवाद सर्वप्रथम हल गर्नु जरूरी छ । सार्कका अन्य सदस्य राष्ट्र, विशेषतः हालको एक वर्षे अध्यक्ष नेपालले, त्यसमा पहल गर्नु आवश्यक छ । भारत र पाकिस्तानबीच झगडा र अविश्वास बाँकी रहुञ्जेल, सार्कले जतिसुकै राम्रा निर्णय गरे पनि ती कागजका खोस्टामात्र सावित हुनेछन् ।

यस पटककै शिखर सम्मेलनमा पनि भारत र पाकिस्तानबीचको झगडा र तनावका कारणले सारा संसारको ध्यान सम्मेलनले के महत्वपूर्ण निर्णय गर्छ भन्ने कुरामा होइन, परवेज मुशर्रफ र अटलबीहारी बाजपेयीले हात मिलाउँछन् कि मिलाउँदैनन्, भेटेर कुराकानी गर्छन् कि गर्दैनन् भन्ने कुरामा गएको थियो । उद्घाटन सत्रको दिन आफ्नो भाषण सकेपछि एक्कासी पाकिस्तानी राष्ट्रपति परवेज मुशर्रफले भारतसित असली शान्ति र मैत्रीका लागि प्रस्ताव गर्दै भारतीय प्र.मं. अटल बिहारीसित हात मिलाउन अघि बढ्दा यो खबर विश्वकै एक नम्बरको तातो खबर बन्न पुगेको थियो । मुशर्रफ शिखर सम्मेलनको हिरो बन्न पुगेका थिए । भारत र पाकिस्तानको तनावमा परेर राजधानीमा ३० कि.मि. पीच गरेर रू. ४० करोड खर्च गरेर सम्पन्न गरिएको महँगो शिखर सम्मेलन स्वयं चाहिँ झण्डै झण्डै ओझेलमा परेको थियो । ☐

# के यो नोक्सानी र खर्च देशले धान्न सक्छ ?

**श्याम श्रेष्ठ**

उसै ओरालो लागिरहेको नेपालको अर्थतन्त्र युद्ध र संकटकालले गर्दा तीव्र गतिमा धराशायी हुने दिशातिर अघि बढिरहेछ ।

अर्थ मन्त्रालयले चालु आर्थिक वर्षमा स्थानीय विकास मन्त्रालयको लागि भनेर छुट्याएको विकासको रकम रू. ६ अर्ब ३३ करोडमध्ये १ अर्ब २२ करोड सुरक्षा खर्चको लागि भनेर कटौती गरेको छ । यो निर्णयबाट स्थानीय विकास मन्त्रालयअन्तर्गतका एक दर्जन निकायहरू विकास बजेटको अभावमा नराम्ररी प्रभावित हुनेछन् ।

"संकटकाल लागु भएयता पर्यटक आवगमनमा ९० प्रतिशतले कमी आएको छ", नेपाल ट्राभल एजेण्ट एशोशियशनका पूर्व अध्यक्ष तथा पर्यटन व्यवसायी भोला थापा बताउँछन् ।

"संकटकालले चलचित्र उद्योगमा अत्यन्त नकारात्मक असर परेको छ । संकटकालका कारण ३५ वटा जति हलहरूले नाइट-शो बन्द गरिसकेका छन् । र, एक शो कटौती गर्नु भनेको ३३ प्रतिशत आम्दानीमा असर पर्नु हो । दिउँसोको शोमा समेत दर्शक घटेको छ ।", चलचित्र विकास बोर्डका अध्यक्ष यादव खरेलको गुनासो छ ।

नेपालको निर्यातको एउटा बलियो खम्बा मानिएको गार्मेण्ट उद्योग नराम्ररी संटकग्रस्त भएको छ । नेपाल उद्योग वाणिज्य महासंघका चतुर्थ उपाध्यक्ष तथा गार्मेण्ट निर्यातकर्ता चण्डी ढकाल बताउँछन्, "संकटकालका कारण अन्तर्राष्ट्रिय पार्टीहरूलाई अहिले विश्वासमा लिएर निर्यात गर्न कठिनाइ बढेको छ । पछिल्ला दिनहरूमा गार्मेण्ट निर्यातमा ४८ प्रतिशतले कमी आएको छ ।"

युद्ध र संकटकालले गर्दा राजस्वको उठ्तीमा समेत ठूलो कमी आएको छ । चालु आर्थिक वर्षमा सरकारले ६० अर्ब रूपैंया राजस्व उठाउने लक्ष्य राखेको थियो । तर मंसिर महिनासम्ममा केवल १७ अर्ब रूपैंयामात्र राजस्व अर्थ मन्त्रालयले उठाउन सकेको छ । यो राजस्वको उठ्तीबाट राज्यलाई खर्च धान्न महामुश्किल पर्ने स्पष्ट देखिएकोले सरकारले पूरक बजेट ल्याएर भन्सार महशूल र अन्य करका दरमा बृद्धि गर्न लागेको छ । अर्थ मंत्रालयका अधिकारीहरूका अनुसार झण्डै १० अर्ब रूपैंयाको पूरक बजेट ल्याउन खोजिएको छ । पूरक बजेटबाट सरकारले आन्तरिक ऋण पनि बढाउन खोजेको अर्थमन्त्री रामशरण महतले बताउनुभएको छ ।

अहिले चालु वर्षको वार्षिक बजेटले रक्षाका लागि भनेर ४ अर्ब ५२ करोड रूपैंया र प्रहरीका लागि भनेर ५ अर्ब ७९ करोड रूपैंया छुट्याएको थियो । गृहयुद्धले गर्दा





**संकटकाल र युद्ध अविलम्ब अन्त्य गर्नुपर्ने र सरकार-माओवादी वार्ता थालिनु पर्ने कुरामा नेपालमा यतिबेला व्यापक राष्ट्रिय सहमति देखा पर्न थालेको छ**

त्यो रकम नितान्त नपुग हुनगएको छ । अर्थमन्त्री रामशरण महतका अनुसार, सो रकमले सुरक्षा खर्च नपुग भएकाले अहिले थप ५ अर्ब रूपिंया सुरक्षाका लागि चाहिएको छ । सुरक्षा खर्च धान्ने पैसा नभएर सरकारले केही दिनअघि विकास खर्चबाट करिव चार अर्ब रूपिंया कटौती गरी सुरक्षामा ल्याएको छ । रकमको अभावमा सरकारले ३ महिनाको अवधिमा नै नेपाल राष्ट्र बैंकबाट ३ अर्ब ६० करोड रूपिंयाको ओभर ड्राफ्ट लिएको छ, जब कि विद्यमान कानूनी व्यवस्थाअनुसार १ अर्बभन्दा बढी ओभर ड्राफ्ट लिन पाइँदैन ।

विकास बजेटबाट यति ठूलो रकम कटौती गर्नु भनेको शिक्षा, स्वास्थ्य, कृषि, यातायात, संचार सबैतिर विकास बजेट नहुनु हो र विकास निर्माण कार्य ठप्प हुनु हो । यसबाट सबभन्दा ज्यादा प्रभावित हुने सर्वसाधारण जनता हो, जो जति पर्‍यो, उति पैसा तिरेर महँगो बोर्डिङ्ग स्कूलमा छोराछोरी पढाउन सक्दैनन्, महँगा नर्सिङ्ग होममा स्वास्थ्य सेवा लिन सक्दैनन् र महँगो मूल्यमा कृषि सामग्री किन्न सक्दैनन् ।

यही हुनाले देशको अर्थतन्त्रलाई धराशायी हुनबाट बचाउने हो भने वर्तमान संकटकाल र गृहयुद्धको अविलम्ब अन्त्य हुनुपर्छ । नेपालको ओरालोलाग्दो अर्थतन्त्रले यो नोक्सानी र खर्च धेरै दिन धान्नै सक्दैन । संकटकाल र गृहयुद्ध लम्बिनु भनेको नेपालको विकास निर्माण कार्य ठप्प हुनु हो, गरीव जनताले पाउनु पर्ने आधारभूत स्वास्थ्य सेवा, शिक्षा, यातायात र कृषिमा खर्च गर्ने पैसा नै सरकारसित नहुनु हो, महँगी, गरीवी र बेरोजगारी अझ झन् चौपट्टै बढ्नु हो ।

शायद यही कुरा महशूस गरेकाले हुनुपर्छ संकटकाल र युद्ध अविलम्ब अन्त्य गर्नुपर्ने र सरकार-माओवादी वार्ता थालिनु पर्ने कुरामा नेपालमा यतिबेला व्यापक राष्ट्रिय सहमति देखा पर्न थालेको छ । पुसको तेस्रो र चौथो हप्तामा नेपालका प्रमुख राजनीतिक दलका शीर्षस्थ नेताहरूले बोलेका भनाइहरू नियाल्ने हो भने यो कुरा छर्लंग हुन्छ । *(हेर्नुहोस्- बक्स)*

ती भनाइहरूलाई नियाल्ने हो भने अहिले देशका सबैजसो प्रमुख राजनीतिक दलहरू संकटकाल अविलम्ब अन्त्य गर्ने पक्षमा देखिन्छन् । कैयन्ले सरकार-माओवादीबीच वार्ता थालिनुपर्ने कुरा औंल्याउन थालेका छन् ।

प्रजातान्त्रिक अधिकारको सवालमा निरन्तर संघर्षरत चर्चित साझा मंच- प्रजातान्त्रिक अधिकार जोगाऔं आन्दोलन, नेपालले देशको अहिलेको स्थितिलाई ठम्याएर, संकटकाल र गृहयुद्धको अन्त्य र हामी शान्ति वार्ताको थालनीको लागि- सर्वपक्षीय राजनीतिक दलहरूको भेला आयोजना गर्न लागेको छ । 'वर्तमान राष्ट्रिय संकट र त्यसको निकास सम्बन्धमा' त्यसले एउटा अवधारणापत्र नै विकास गरेर राजनीतिक दलहरूसमक्ष छलफलका लागि प्रस्तुत गर्न लागेको छ । अवधारणापत्रले अहिलेको संकटको निकासको रूपमा वर्तमान युद्ध माओवादीले प्रारम्भ गरेको हुनाले युद्धविरामको पहिलो एकतर्फी घोषणा माओवादीबाट हुनुपर्ने, त्यसको प्रत्युत्तरमा सरकारले पनि युद्धविरामको घोषणा गर्नुपर्ने, संकटकाल र अध्यादेश सरकारले तुरून्त फिर्ता लिनु पर्ने, माओवादी र सरकार दुवैले सशस्त्र आक्रमण रोकी आ-आफ्नो सैनिक यथास्थानमा फर्काउनुपर्ने, सरकारले संविधानसभाबारे देशव्यापी बहस चल्न दिनुपर्ने, संविधान संशोधन कि संविधानसभाको चुनाव भन्ने सवाल जनमत संग्रहद्वारा टुंग्याउनु पर्ने प्रस्ताव राख्न लागेको छ ।

ठीक त्यस्तै, बौद्धिक ऐक्यवद्धता समूहले पनि विभिन्न राजनीतिक दलहरूसित प्रत्यक्ष भेटघाट गरी वर्तमान संकटको निकास सम्बन्धमा संकटकाल र आतंककारी अध्यादेश फिर्ता लिने, संविधानसभाबारे देशव्यापी बहस चल्न दिने शर्तमा युद्धविराम गरेर दुवैथरि वार्तामा आउनु पर्ने प्रस्ताव राखेको छ । यो समूहले प्रधानमन्त्रीसित भेटघाट गरेर यसबारे ज्ञापनपत्रसमेत दिन लागेको छ ।

यी दुवै गम्भीर प्रयत्नहरूले वर्तमान संकटको निकास निकाल्न सफलता प्राप्त गर्ने संभावना देखापरेको छ । किनकि स्मरणीय छ, मूल्यांकनको गतः अंकमा प्रधानमन्त्री शेरबहादुर देउवा स्वयंले आफ्नो बहुचर्चित अन्तर्वार्तामा माओवादीसित वार्ताको लागि ढोका खुला भएको स्पष्ट संकेत गर्नुभएको थियो । उहाँले भन्नुभएको थियो- "लुटेका हात-हतियार र रकम राज्यलाई बुझाएर तथा शान्तिप्रति सम्पूर्ण प्रत्याभूतिका साथ पूरा प्रतिबद्ध भएर वार्तामा आउने हो भने सदैव स्वागत छ ।" त्यसको प्रत्युत्तरमा माओवादीका अध्यक्ष प्रचण्डले पुस १८ गते एउटा सार्वजनिक वक्तव्यमार्फत् भन्नुभएको छ- "हामी यो कुरा स्पष्ट गर्न चाहन्छौं कि देशलाई यथास्थितिवादको विरूद्ध अग्रगामी राजनीतिक निकासका निमित्त वार्ताको ढोकालाई कहिल्यै बन्द गरेका छैनौं र गर्ने पनि छैनौं । संविधान सभा लगायत जनतालाई अधिकार संपन्न तुल्याउने कुनै पनि राजनीतिक निकासमा वार्ता गर्न र त्यसका निम्ति आफ्नोतर्फबाट उपयुक्त वातावरण श्रृजना गर्न हामी सदा तत्पर छौं ।"

यो स्थितिमा देश पुनः मंसिर ७ गतेको स्थितिमा फर्कन सक्ने संभावना देखा परेको छ । शान्ति सबैको चाहना भएको छ । किनकि, अहिलेको युद्ध र संकटकालले ल्याउने खर्च र नोक्सानी धान्ने स्थितिमा देश छँदैछैन । ❑

## यस्तो भन्छन्-संकटकाल र वार्ताबारे देशका प्रमुख नेताहरू

❑ माओवादी आतंक नियन्त्रण गर्न घोषणा गरिएको संकटकाल लम्बिएर गए राष्ट्रमाथि अत्यन्त ठूलो भार हुनेछ ।

**ने.कां. सभापति**
**गिरिजाप्रसाद कोइराला**
*पुस २६ गते, पृथ्वी महाकाव्यको विमोचन कार्यक्रममा २६ पुस*

❑ संकटकाल लगाउनु पर्ने परिस्थिति यो देशमा छँदैछैन । मलाई के लाग्छ भने यो कृत्रिम संकट हो । अध्यादेश ल्याइएको थियो, अध्यादेशमार्फत् सेना परिचालन गरे पुग्ने थियो ।

**ने.कां. की नेतृ**
**शैलजा आचार्य**
*पुस २५ गते, स्पेशटाइम दैनिकको अन्तर्वार्ता*

❑ सेना परिचालन गर्न राष्ट्रिय सुरक्षा परिषद्को निर्णय र माओवादी वा कसैलाई प्रतिबन्ध लगाउन अध्यादेश नै पर्याप्त छ । सरकारले लहडमा संकटकाल घोषणा गरेको छ, त्यो औचित्यपूर्ण र तर्कपूर्ण छैन । ..... देशको ढुकुटी रित्तिएको छ । विकास बजेट काटिएको छ र नयाँ हतियार किन्न र थप सुरक्षाकर्मीका लागि खर्च बढ्दै जाला । आखिर यसको सीमा कति र कहिलेसम्म हुने ?

**एमालेका महासचिव**
**माधवकुमार नेपाल**
*मेची अंचल स्तरीय प्रशिक्षण कार्यक्रमा*

❑ वार्ताको लागि वातावरण तय गरे सदा ढोका खुला रहेको तथा वर्तमान संकटकाल जति सक्यो चाँडो अन्त्य गर्नपट्टि लाग्नुपर्छ ।

**रा.प्र.पा. अध्यक्ष**
**सूर्यबहादुर थापा**
*२६ पुस, रा.प्र.पा.द्वारा आयोजित पत्रकार सम्मेलनमा*

❑ माओवादीका नाममा हतियार उठाएपनि सरकारले राजनीतिक शक्तिका रुपमा टेबिलमा ल्याएर समस्या समाधान गर्नुपर्छ ।

**-रा.प्र.पा. नेता**
**लोकेन्द्रबहादुर चन्द**
*२६ पुस, दुर्गम क्षेत्र विकासद्वारा आयोजित अन्तर्क्रियामा*

❑ कांग्रेस पनि संकटकालको चाँडो अन्त्य चाहन्छ ।

**नेपाली कांग्रेसका प्रवक्ता**
**अर्जुन नरसिंह के.सी.**
*२७ पुस, नेपाली राजनीतिको मोड अब कता विचारगोष्ठीमा*

❑ सरकारले तत्कालै संकटकाल छोट्याएर नागरिक समाजको पहलमा माओवादीलाई वार्तामा ल्याउन सकिन्छ ।

**ने.म.कि.पा. अध्यक्ष**
**नारायणमान विजुक्छे (रोहित)**
*२६ पुस, उही कार्यक्रममा*

❑ देशको माया छ भने माओवादी र सरकार वार्ताको टेबिलमा बसेर समस्या समाधान गर्नुपर्छ ।

**भू.पू. प्रधानमन्त्री**
**कीर्तिनिधि विष्ट**

# कसरी बढ्दैछ सेना अपरेशनमा ?

□ सुधीर शर्मा □

शाही नेपाली सेनाले माओवादीविरूद्ध मंसीर ११ गतेदेखि चलाइरहेको कार्वाही अहिले कहाँ पुगेको छ ? यसबीच धेरै शंकास्पद व्यक्तिहरू समातिएका छन् तर रविन्द्र श्रेष्ठबाहेक नेता स्तरका अरू 'आतंककारी' पक्राउ परेका छैनन् । सयौं मान्छे मारिएका छन्, तर तिनमा माथिल्ला छापामारभन्दा बढी मिलिसिया परेका छन् । जिल्ला सदरमुकाममा आत्मसमर्पण गर्न आएकाहरूमा 'जनसरकार'मा रहेका माओवादीको ताँती लाग्छ, तर त्यहाँ हतियारधारी माओवादी भने यदाकदा मात्र देखिन्छ । दिनहुँ बन्दूकहरू बरामद हुन्छन्, तर प्रहरी र सेनाबाट लुटिएका राइफलभन्दा भरूवा बन्दूकहरू बढी फेला पर्छन् । के 'दीर्घकालिन जनयुद्ध'लाई नियन्त्रणमा लिन पनि 'दीर्घकाल' नै लाग्ने रहेछ ?

माओवादीहरूले प्रहरीलाई जितेको तर सेनामाथि हात हाल्न नसकेको अवस्थामा सरकारसँग वार्ता गर्न आएका थिए । तर चार महिनाको विश्रामपछि नै उनीहरूले निर्णायक युद्धमा होमिने आतुरी देखाउँदै राज्यको अन्तिम शक्तिका रूपमा रहेको सेनामाथि प्रहार गरेर ठूलो गल्ती गरे । दाङको घोराही ब्यारेकमा गरेको पहिलो हमला सफल रहे तापनि त्यसयता माओवादीले घोराहीको जस्तो उल्लेख्य सफलता पाएका छैनन् । बरू सेना आक्रामक रूपमा अगाडि बढिरहेको छ भने उनीहरू क्रमशः रक्षात्मक हुँदैछन् । आफूले आर्जन गरेको शक्तिलाई जोगाईराख्नु अहिले माओवादीका निम्ति सबभन्दा ठूलो चुनौति बनेको छ ।

सेनाले माओवादीलाई निशस्त्र पारेर शान्ति सुरक्षा पुनर्स्थापित गर्ने म्याण्डेट सरकारबाट पाएको छ । त्यसको कार्यान्वयन कसरी हुँदैछ त ? प्रधानसेनापति प्रज्वल्लशमशेर राणाले टेलिभिजन कार्यक्रम 'दिशानिर्देश'लाई बताएअनुसार, माओवादी हतियार बुझाएर वार्तामा आउनु पर्ने, त्यसो नगरे सेनाले हतियार खोसेर माओवादीलाई वार्तामा ल्याउने र त्यो पनि नभए उनीहरूलाई सेनाले परास्त गर्नेछ ।

सेनाले देशव्यापी रूपमा कार्वाही चलाए तापनि त्यसको मुख्य निशाना चाहिं माओवादीले मुख्य आधार इलाका मानेको रोल्पा, रूकुम, सल्यान, जाजरकोटलगायत मध्य पश्चिमको पहाडी क्षेत्र भएको छ । सेनाले त्यहाँका सामरिक नाकाहरूमा कब्जा जमाउँदै माओवादीलाई आफ्नो घेरामा पार्न 'स्वीप' अपरेसन चलाइरहेछ, जसअन्तर्गत माओवादीलाई समात्ने, हतियार खोस्ने र भिडन्त गर्न वा भाग्न खोज्नेलाई मार्ने काम भइरहेछ । तर सेनाले शुरूवाती साताहरूमा जस्तो तेज कार्वाही चलाउनुको साटो गाउँहरूलाई विस्तारै नियन्त्रणमा लिंदै जाने नीति अख्तियार गरेको छ । र, आफू पनि असुरक्षित स्थानहरूबाट हट्न थालेको छ । त्यही अनुरूप २०५५ फागुनदेखि पहरा दिइरहेको दूरसञ्चारका २३ वटा टावरबाट सैनिक टुकडी फिर्ता भएको छ । टेलिफोन टावरहरूको सुरक्षामा बढीमा एक प्लाटुन सेना मात्र बस्ने र स्थायी ब्यारेक पनि नहुनाले त्यस्ता ठाउँमा माओवादीले हमला केन्द्रित गर्न थालेका थिए ।

अप्ठेरो भूगोल, सूचनाको कमी, स्थानीय जनताको असहयोग, 'लजिस्टिक्स'को आपूर्त्तिमा कठिनाई र माओवादीको छापामार शैलीले सेनाको अभियानमा जति असर पारेको छ, सैनिक जनशक्तिको कमी पनि उत्तिकै महसूस भएको छ । सेनाको कूल संख्या (सेनाकै भाषामा नफ्री) करीब ६० हजार भए तापनि अहिले बढीमा ३० हजारलाई मात्र युद्धक्षेत्रमा





*प्रधानसेनापति प्रज्वल्लशमशेर राणाले बताएअनुसार, माओवादी हतियार बुझाएर वार्तामा आउनु पर्ने, त्यसो नगरे सेनाले हतियार खोसेर माओवादीलाई वार्तामा ल्याउने र त्यो पनि नभए उनीहरुलाई सेनाले परास्त गर्नेछ*

खटाउन सम्भव छ । त्यसैकारण निकट भविष्यमै सेनाको संख्या बढाउन लागिएको थाहा भएको छ ।

सेनाले माओवादीसँग मुकाबिला गर्न थप साधनहरू पनि भित्र्याएको छ । भारतबाट उपहारस्वरूप दुइटा 'चीता' हेलिकप्टर आएका छन् भने रूसबाट दुइटा एमआई-१७ हेलिकप्टर किनिएका छन्, जसमा नाइट भिजनको सुविधासमेत छ । तर नाइट भिजनका बाँकी सामग्रीहरू इजरायलबाट आएपछि मात्र ती हेलिकप्टरले राती पनि माओवादीलाई पिछा गर्न थाल्नेछन् । अर्कोतर्फ, सेनाले जर्मनीबाट ५००० थान जी-३६ राइफल पनि ल्याउँदैछ भने थप ५० थान हजार बन्दूकहरू ल्याउने योजना छ । त्यसो भएपछि सिपाहीको हातमा ३० वर्ष पुराना सेल्फ लोडिङ राइफलको ठाउँमा आधुनिक हतियार हुनेछन् । यसबाहेक अन्य ठूला हतियारहरू पनि भिकाइँदैछ । रक्षा सामग्री खरिद गर्न र सैनिक कार्वाही चलाउन सरकारले डेढ अर्ब रूपैयाँको थप बजेट निकासा गरेको छ ।

सेनाले माओवादीविरूद्धको कार्वाहीलाई प्रभावकारी बनाउन आफ्नो सांगठनिक संरचनालाई नै बदल्दैछ । सोही सिलसिलामा सुदूर पश्चिम र मध्य पश्चिम क्षेत्रका पाँच अञ्चललाई समेट्ने गरी

नेपालगञ्जमा एउटा पृतना (डिभिजन) खडा गरिएको छ, जसअन्तर्गत सुर्खेत, दिपायल र पोखरामा मुख्यालय रहेका तीन वटा वाहिनी छन् । मध्य पश्चिममा सुर्खेतस्थित नं.४ वाहिनीले गर्दै आएको माओवादीविरूद्धको कार्वाही अब नेपालगञ्जस्थित डिभिजन हेडक्वार्टरबाट सञ्चालन हुन्छ, जसको कमाण्डर मेजर जनरल सदिपबहादुर शाह रहेका छन् । सेनाले पश्चिममा झैं अब पूर्व (विराटनगर) र मध्य क्षेत्र (सम्भवतः काठमाडौं) मा पनि अलग अलग डिभिजन बनाउने तयारी गरिरहेको छ । ती तीन वटा डिभिजनलाई लेफ्टिनेन्ट जनरलको नेतृत्वमा काठमाडौंमा स्थापना गरिने चमु (कोर) ले नियन्त्रण गर्नेछ । विदेशी सेनामा झैं शाही सेनालाई पनि 'कोर'को अवधारणामा ढाली 'डिभिजन'लाई स्वतन्त्र 'फाइटिङ फर्मेसन'का रूपमा विकसित गर्न २०५३ सालमै बनाइएको संगठनात्मक सुदृढिकरणको योजना कार्यान्वयन गर्ने उपयुक्त अवसर अहिले मिलेको छ ।



फोटो साभार : विकास रौनियार/नेपाल

सेनाले हालसम्म देशलाई आठ वटा मेरूदण्डमा विभाजित गरेर सुरक्षा व्यवस्था मिलाउँदै आएको थियोः (क) पूर्वीय क्षेत्र तथा ओलाङचुङ मेरूदण्ड क्षेत्र, (ख) पश्चिमी क्षेत्र तथा मुस्ताङ मेरूदण्ड क्षेत्र, (ग) मध्य पश्चिम क्षेत्र तथा जुम्लाको कान्ति हिमाल मेरूदण्ड क्षेत्र, (घ) सुदूर पश्चिम क्षेत्र तथा दार्चुला मेरूदण्ड क्षेत्र, (ङ) केन्द्रीय क्षेत्र तथा कोदारी मेरूदण्ड क्षेत्र, (च) राजधानीको सिमावर्ती पश्चिमी क्षेत्र तथा रसुवा मेरूदण्ड क्षेत्र, (छ) राजधानीको सीमावर्ती पूर्व-दक्षिण क्षेत्र तथा मकवानपुर मेरूदण्ड क्षेत्र र (ज) केन्द्रविन्दु रक्षा क्षेत्र (काठमाडौं उपत्यका) । तर माओवादी विद्रोहले परम्परागत सुरक्षा विन्दुहरूलाई धक्का दिएपछि प्रतिरक्षाको नयाँ योजना अनुसार मुलुकलाई तीन वटा डिभिजनमा बाँड्न लागिएको हो ।

### बम छ, रासन छैन

शाही सेनाले प्रति-विद्रोह (काउण्टर-इन्सर्जेन्सी)को कार्वाहीमा ट्याक्टिकल र साइकोलोजिकल दुवै किसिमका अपरेसनलाई एकसाथ लगिरहेको छ । साइकोलोजिकल अपरेसनअन्तर्गत आम जनताको मन र मस्तिष्क जितेर अल्पसंख्यामा रहेका विद्रोहीहरूलाई जनसमुदायबाट अलग्याउने प्रयास गरिन्छ । हिजो सरकारी अस्तित्व नरहेका ठाउँमा माओवादी-शक्तिका पछाडि लागेको समूहलाई आफूले सकारात्मक भूमिका खेलेर राज्यका पक्षमा फर्काउन सकिने सेनाले ठानेको छ । अहिले सूचना प्रवाहको एकतर्फी मार्ग मात्र खुला राख्नेदेखि लिएर वेलावखत सनसनीपूर्ण हल्लाहरू फैलाउनेसम्मका प्रपोगण्डा गतिविधिहरू मनोवैज्ञानिक अभियानकै अंगहरू हुन् ।

## अब माओवादी धेरै टिक्दैनन्



**- दीप्तप्रकाश शाह -**

*सांसद तथा अवकाशप्राप्त ब्रिगेडियर जनरल*

**◆ सैनिक कार्वाही कति अवधिसम्म लम्बिन सक्ला ?**

माओवादीविरूद्धको कार्वाही लम्बिन्छ वा चाँडै सिद्धिन्छ भन्ने कुरा त्यसप्रति स्थानीय जनताको समर्थनमा निर्भर रहन्छ । हिजो जे जति मान्छेले माओवादीप्रति सहानुभूति राखेका थिए, तिनीहरूले माओवादप्रतिको आस्थाले होइन्, देशमा विकृति र विसंगति बढेका कारण नकारात्मक समर्थन जनाएका हुन्, यिनीहरूभन्दा त तिनीहरू ठीक भन्ने किसिमको । तर अहिले उनीहरूले माओवादीको नियत बुझेकाले सेनाको कार्वाहीलाई सही मानेका छन् । त्यसैले माओवादीहरू धेरै टिक्दैनन् ।

**◆ किन, अरू पनि कारण छ कि ?**

अहिले राष्ट्रिय-अन्तर्राष्ट्रिय परिस्थिति नै उनीहरूको पक्षमा छैन । उनीहरूसँग आधुनिक हतियार छैन, प्रहरीबाट खोसेका बन्दुकका भरमा कति लड्छन् ? फेरि सेनासँग नै लड्नु परेपछि त 'इन्सर्जेन्ट'हरू बाह्य सहयोग बिना टिक्न सक्दैनन् । तर नेपालका माओवादीले छिमेकी मुलुकहरू चीन र भारत वा अरू कसैबाट पनि सहयोग पाउन सक्ने अवस्था छैन ।

**◆ लडाई लम्बिदै गयो भने देशको आर्थिक अवस्था डावाँडोल हुँदैन ?**

पहिले भ्रष्टाचारका कारण देश वर्वाद भयो, अब रक्षा क्षेत्रमा बढी खर्च गर्नु पर्ने भएकाले देश झन गरीब हुन्छ । विकास बजेटमा पनि कटौति गर्नु पर्ने हुन्छ । तर यो सबै परिस्थितिको जिम्मेवार माओवादीहरू हुन् । उनीहरूले नै सेना परिचालन गर्न बाध्य पारेर यस्तो अवस्था निम्त्याएका हुन् ।

**◆ सेनाको सञ्चालनपछि नागरिक शासन छायाँमा परेको जस्तो लाग्दैन ?**

श्री ५ को सरकारको आदेशमा सेना परिचालन भएको हो । त्यसबाट नागरिक शासन छायामा पर्ने भन्ने कुरै आउँदैन । बरू सेनालाई जोडेर राजनीतिक फाँटबाट विवादास्पद कुराहरू गर्न थालियो भने चाहिं त्यसले माओवादीविरूद्ध खटाइएका सिपाहीको मनोबल कमजोर बनाउन सक्छ ।

**◆ सेना सञ्चालन हुनलाई संकटकाल चाहिरहन्छ ?**

संकटकाल बिना पनि सेना परिचालन हुन सक्छ । तर त्यसरी सेना सञ्चालन गर्दा त्यो 'इफेक्टिभ' हुन्छ कि हुँदैन भन्ने कुरालाई हेर्नु पर्छ । मेरो विचारमा संकटकालमै सेनाले सजिलो किसिमले काम गर्न सक्छ । ❑



फोटो : सुधीर शर्मा

*शान्तिको प्रतिक्षामा रोल्पाको सदरमुकाम लिवाङ्*

ट्याक्टिकल अपरेशनअन्तर्गत 'ड्रिल', 'पेट्रोलिङ', 'एम्बुश', 'रेड', 'स्क्रिनिङ एण्ड आइडेण्टीफिकेशन', 'स्वीप' र 'पेनिट्रेशन' जस्ता सैन्य प्रक्रियाहरू अगाडि बढाइँदैछन् । माओवादी बस्ने सेल्टर थाहा नभएको तर आशंका गरिएको इलाकालाई प्रायः राती गएर घेर्ने र विहान हरेक घर खाली गराएर खानतलाशी गर्ने कार्य अर्थात 'कर्डन एण्ड सर्च' (घेरा हाल्ने र खोज्ने) हिंसा प्रभावित क्षेत्रको दैनिक रूटिन बनेको छ । त्यस क्रममा शंकास्पद व्यक्तिहरूलाई समात्ने र घरमा फेला नपरेकाहरूको लगत राख्ने गरिन्छ । माओवादी लुकेको ठाउँ पत्ता लागेपछि चाहिं तिनलाई खत्तम पार्न 'सर्च एण्ड डिस्ट्रोय' (खोज्ने र नष्ट पार्ने) को रणनीति अपनाइन्छ । ट्याक्टिकल अपरेशन अन्तर्गतका यी दुवै रणनीतिहरू आवश्यक्ता अनुसार क्रमैसँग वा एकसाथ चलाइँदैछ ।

सेनाले 'कर्डन-सर्च-डिस्ट्रोय'बाट उल्लेख्य सफलता नमिलेको ठानेमा थप कडा कदमहरू चाल्न सक्छ । जस्तो कि, गाउँका हरेक घरमा परिवारका सदस्यहरूको नामावली टाँस्ने र नियमित चेक गरेर मान्छे भए-नभएको पत्ता लगाउने, बेपत्ता भएको मान्छेलाई शंकास्पदको सूचीमा राखेर खोजबीन गर्ने, गाउँलेलाई परिचय पत्र दिने, निश्चित क्षेत्रमा भिसा प्रणाली लगाउने वा त्यसबाट पनि नभएमा माओवादीले अत्यधिक सहयोग पाइरहेको गाउँलाई नै अर्को ठाउँमा सारिदिने । यो पछिल्लो काममा भने धेरै खर्च हुन्छ । अमेरिकाले भियतनाम युद्धका बेला कम्युनिष्ट प्रभावित ४/५ वटा गाउँहरूलाई उठाएर अर्कै ठाउँमा लगी एउटै नयाँ गाउँ बनाउने र त्यहाँभित्र आफ्ना एजेन्टहरू छ्यापछ्याप्ती राख्ने काम समेत गरेको थियो ।

अहिले सेनाले गाउँका नाकाहरू थुन्न थालेकाले माओवादीलाई रसदपानी, गोलीगठ्ठा जस्ता 'लजिस्टिक्स'को आपूर्तिमा समस्या पर्न थालेको बुझिएको छ । सेनाले हरेक परिवारलाई चाहिनेभन्दा बढी चामल किन्न/बोक्नमा बन्देज लगाउन थालेको छ । विगतमा माओवादीले आफ्ना छापामारका लागि चितवनबाट समेत खाद्यान्न लैजान्थे । तर अब बाहिरबाट कुनै पनि कुरा लैजान गाह्रो छ । मध्य पश्चिमका पहाडमा स्थानीय उत्पादन पनि सीमित हुन्छ । यही हुनाले माओवादीको भण्डारमा बम र विस्फोटक पदार्थ चाहिं पर्याप्त मात्रा रहेको थाहा भएको छ, तर उनीहरूसँग बन्दूकलाई चाहिने गोली र रासन भने सीमित मात्रामा छ । पहिले जस्तै भारतको बिहार र उत्तर प्रदेशका अपराधी गिरोहबाट गोली किनेर सहजै ल्याउन सकिने अवस्था पनि अहिले छैन । सीमादेखि लिएर ठाउँ ठाउँमा हुने चेकिङबाट लुकाएर कुनै वस्तु युद्धग्रस्त मध्य पहाडसम्म पुऱ्याउनु अहिले असम्भवसरह छ ।

सेनाले कार्वाही थालेपछि माओवादीको केन्द्र र क्षेत्रिय कमाण्डबीच पहिले जस्तो सुचारू सम्पर्क छैन, नेटवर्क टुटेको छ । मध्य पश्चिमका पहाडमा माओवादी आफैंले टेलिफोन लाइन अवरूद्ध बनाएकाले हाल दाङ वा तराईका अन्य बजारमा आउँदा मात्र फोन सम्पर्क सम्भव हुन्छ, जुन काम आफैंमा दुरूह हो । मान्छेका माध्यमबाट हुने खवर र सर्कुलर आदानप्रदान पनि छिटो र खतरामुक्त छैन । यसैकारण हाल कतिपय युद्ध क्षेत्रमा स्थानीय कमाण्डर आफैंले स्वविवेकबाट निर्णय लिएर कदम चालिरहेको आभाष मिल्छ । काठमाडौंमा पोलिटव्युरो सदस्य रविन्द्र श्रेष्ठलगायत अन्य कार्यकर्ताहरू समातिंदा फेलापरेका कागजात र कम्प्युटरबाट पनि निकै भेद खुलेकाले माओवादीको चालू 'नेटवर्क'मा असर परेको बुझिन्छ ।

> *सेनाले माओवादीविरूद्ध प्रत्यक्ष मुठभेडको युद्ध गर्न चाहेको देखिन्छ, जबकि माओवादीले चाहिँ थकावटको युद्धमा जोड दिएका छन्*

## माओवादीको युद्धनीति

माओवादीले घोराही व्यारेकमा हमला गरेर शाही सेनालाई लडाइँको निम्तो नै दिएका थिए । गुरिल्ला युद्धको लामो अनुभव बटुलिसकेका माओवादी रणनीतिकारहरूले सेनामाथिको आक्रमणपछि भीषण प्रत्याक्रमण हुने कुरा पक्कै बुझेका थिए होलान् । शायद उनीहरू स्वयं त्यस्तै चाहन्थे, ताकि 'शत्रु पक्ष'लाई आफ्नो मुख्य इलाकामा तान्न सकियोस् । हुन पनि माओवादीले आक्रमण गर्नासाथ सेना उनीहरूको गढतर्फ हान्नियो, जहाँ अब ऊ दीर्घकालिन युद्धमा फँस्न सक्छ ।

चीनमा माओले 'घेरा हाल्ने र नष्ट पार्ने' शत्रुको अभियानविरूद्ध पटकपटक अपनाएको "शत्रुलाई भुलभुलैयामा पारेर आफ्नो इलाकामा भित्रसम्म घुस्न दिने" र "गल्ती गर्न बाध्य पार्ने" सिद्धान्तलाई नेपालका माओवादीले अनुशरण गरेको देखिन्छ । उनीहरूले सेनालाई रोल्पातिरको आफ्नो आधार इलाकामा छिराएर रिङ्गाउँदै थकाउन सकिने ठानेका छन् । त्यहाँ उनीहरूले माओको प्रख्यात '१६ अक्षरको सिद्धान्त'लाई दोहोऱ्याउन चाहेका छन् अर्थात् "जब शत्रु अघि बढ्छ, हामी पछि हट्छौं, जब शत्रु बास बस्छ, हामी उसलाई हैरान पार्छौं, जब शत्रु थाक्छ, हामी हमला गर्छौं, जब शत्रु पछि हट्छ, हामी उसलाई लखेट्छौं ।"

सेनाले माओवादीविरूद्ध प्रत्यक्ष मुठभेडको युद्ध गर्न चाहेको देखिन्छ, जबकि माओवादीले चाहिं थकावटको युद्धमा जोड दिएका छन् । अर्थात्, सेनाले आफूलाई सखाप पार्न चालेको नाकाबन्दीलाई विफल पार्न आफू पनि जनताकै माझमा जनता जस्तै भएर बस्ने र आवश्यक्ता अनुसार छापामार कार्वाहीहरू गरी रहेर सेनालाई हैरान बनाउने नीति माओवादीले लिएको देखिन्छ । उनीहरू युद्धलाई जतिसक्दो लम्ब्याएर सेनालाई थकाउन चाहन्छन्, ताकि उत्तेजित भएर सेनाले 'गल्ती' गरोस्, ठीक जस्तो भूल २०५५ सालमा 'किलो सेरा टु' अपरेशन चलाउँदा प्रहरीले गरेको थियो । त्यसवेला प्रहरीबाट थुप्रै निर्दोष व्यक्तिहरू मारिएको र सर्वसाधारणमाथि ज्यादति भएको कारण धेरैको सहानुभूति/समर्थन माओवादीले पाएका थिए । अहिले पनि माओवादीले निर्दोष मान्छेहरू धेरै मारिएमा आफूलाई राजनैतिक लाभ मिल्ने ठानेको हुनसक्छ । सैनिक कार्वाहीका शुरूवाती दिनहरूमा हेलिकप्टरबाट गोली चलाउँदा निर्दोष व्यक्तिहरू समेत मारिएको घट्नाले फेरि 'किलो सेरा टु'लाई सम्झायो पनि । शायद सोही कारण सेनाले अहिले हवाइ आक्रमणलाई नियन्त्रण गरेको छ । परन्तु, मंसिर ११ यता धेरै ठाउँमा माओवादीभन्दा

# सैनिक अपरेशनको मोडेल

**राष्ट्रिय उद्देश्य**

माओवादीहरूलाई निशस्त्र पारेर शान्ति सुरक्षा कायम गर्ने

**मूल रणनीति**

एकीकृत आन्तरिक सुरक्षा तथा विकास

१. जनतालाई सुरक्षाको प्रत्याभूति गराउने
२. संपूर्ण सरकारी अंगहरूको परिचालन गर्ने
३. विरोधी राजनीतिक शक्तिहरूलाई तटस्थ बनाउने
४. सन्तुलित विकास गर्ने

- सबै एजेन्सीको सामूहिक प्रयास
- अधिकतम जासूसी
- न्यूनतम हिंसा
- उत्तरदायी सरकार

राजनीति | संचार | सैनिक | आर्थिक

**सैन्य रणनीति**

- सुरक्षाको प्रख्याभूति, विरोधीहरूको तटस्थीकरण, सन्तुलित विकास र संपूर्ण अंगहरूको परिचालनलाई सघाउन आवश्यक साधन-स्रोत जुटाउने ।
- माओवादीलाई निशस्त्र पार्न बल प्रयोग गर्ने र तिनलाई संसदीय राजनीतिको मूलधारमा आउन बाध्य पार्ने ।

जनसाधारण निकै ज्यादा मारिएको कुरा एमालेलगायत सबैजसो प्रतिपक्षी पार्टीहरूले एक मुखले बताएका छन् ।

प्रायः माओवादीहरू रैथाने हुने भएकाले स्थानिय परिवेशसँग सेनाभन्दा बढी परिचित छन्, जसका कारण उनीहरूलाई लड्न, लुक्न र भाग्न सजिलो छ ।

तर सेनालाई थकाउने रणनीति चीनमा झैं नेपालमा पनि सफल हुने आधार चाहिं पर्याप्त छैन । न यहाँ चीनमा जस्ता ठूल्ठूला आधार इलाकाहरू छन्, नत बाह्य सहयोग मिल्ने सम्भावना छ । अरू के अनुकूलता छ त ? "नेपालमा युद्ध सञ्चालनका लागि न विशाल भूभाग छ, नत कुनै समुद्र उपयोगको प्रत्यक्ष संभावना नै छ, न विशाल जंगल छ, न कुनै छिमेकी राष्ट्रबाट प्रत्यक्ष सहयोग र समर्थनको सम्भावना नै छ । तर जनतासँग प्रत्यक्ष सम्वन्ध राखी छापामार युद्ध सञ्चालनका लागि भौगोलिक स्थिति भने नितान्त अनुकूल रहेको छ र बहुसंख्यक जनजातिमाथि रहेको जातीय उत्पिडनको विरोधबाट पनि छापामार युद्धका निमित्त राम्रो जनाधार प्राप्त गर्न सकिन्छ ।" -नेकपा (माओवादी)ले जनयुद्ध शुरू गर्नुअघि तयार पारेको 'नेपाली नयाँ जनवादी क्रान्तिको राजनैतिक र फौजी कार्यदिशा'मा यस्तो ठहर गरिएको थियो । अहिले पनि माओवादीहरूले मध्य पश्चिमको दुर्गम भूगोल र भेदभावमा परेका जनजातिको समर्थनलाई आन्दोलनको मुख्य आधार ठानिरहेका छन् ।

माओवादीले सरकारको ध्यान विकेन्द्रित पार्न मुख्य क्षेत्रबाहिर पनि बारम्बार आक्रमण गरिरहन्छन्, जुन 'हिट एण्ड रन' शैलीको हुनेछ । तर पछिल्लो समयमा कालिकोट, जुम्ला आदिका सदरमुकाममा गरिएको हमला भने सफल भएन । यसअघि माओवादीले सल्लेरीमा हमला गरेर पूर्वमा आफ्नो प्रभाव बढेको सन्देश फैलाउन चाहेका थिए, ताकि सरकारले सो क्षेत्रमा सुरक्षा फौजको तैनाथी बढाओस् । तर माओवादीका पूर्वी गढहरू ध्वस्त पारिए पनि मध्य पश्चिमको पहाड (जसलाई माओवादीले विशेष उप-क्षेत्रीय व्युरोअन्तर्गत राखेका छन्) लाई नियन्त्रणमा नलिएसम्म विजयी भइँदैन भन्ने कुरा सरकारी पक्षले राम्रैसँग बुझेको जस्तो भान हुन्छ ।

माओवादीहरूले आफ्नो परम्परागत सैन्य अवधारणामै फेरवदल गरेकोतर्फ भने धेरैले ध्यान दिएका छैनन् । प्रतिविद्रोहको योजना बनाउने अधिकारीहरू चीनियाँ शैलीको 'मास ओरिएन्टेड' विद्रोह (जनयुद्ध) लाई प्रतिकार गर्ने तरीकामा मात्र पोख्त छन् । जवकि माओवादीहरूले गत सालदेखि ग्रामीण जनयुद्धलाई एउटा पक्ष मात्र मानेका छन् र त्यसलाई शहरी जनविद्रोहमा मिलाएर नयाँ ढंगको 'क्रान्ति' गर्ने रणनीति लिएका छन्, त्यसका निम्ति माओवादीले गाउँसँगै शहरी क्षेत्रमा आफ्नो गतिविधि केन्द्रित गर्ने सोच बनाएका छन्, भलै राजधानीलगायतका शहरमा आन्दोलन गरेर जनविद्रोह गराउन सक्ने हैसियत अहिले माओवादीसँग छैन । उनीहरूले शहरी क्षेत्रमा पाएको थोरथोर समर्थन पनि आफ्नै पछिल्ला सैन्यवादी क्रियाकलापका कारण गुमाएका छन् । शहरमा गुरिल्ला कार्वाही गर्न पनि माओवादीहरू दक्ष छैनन्, जसमा 'पिपुल्स वार ग्रुप'का भारतीय कमरेडहरू चाहिं माहिर मानिन्छन् ।

> माओवादीका पूर्वी गढहरू ध्वस्त पारिए पनि मध्य पश्चिमको पहाडलाई नियन्त्रणमा नलिएसम्म विजयी भइँदैन भन्ने कुरा सरकारी पक्षले राम्रैसँग बुझेको जस्तो भान हुन्छ ।

माओवादीले जनयुद्धसम्वन्धी माओका तीन रणनीतिहरू- रक्षा, सन्तुलन र आक्रमण-को क्रमवद्धतालाई पनि संशोधन गरेका छन् । अर्थात् अहिले रणनैतिक सन्तुलनको अवस्थामा सेनासँग भिडिरहेका छन् भने भोलि उनीहरू फेरी रक्षात्मक चरणमा फर्कन सक्छन् । रक्षा, सन्तुलन र आक्रमणको चरणमा परिस्थितिअनुरूप अगाडि पछाडि फर्कने नीति माओवादीले बनाएको छ ।

## सेनाको परीक्षण


अहिलेसम्ममा माओवादीले आफ्नो स्क्वाडदेखि बटालियनसम्मको सैन्य शक्तिलाई केन्द्रीकृत ढाँचा दिएर 'जनमुक्ति सेना' बनाए पनि त्यो शाही नेपाली सेना जस्तो नियमित सेना होइन, गुरिल्ला दस्ता मात्र हो । त्यसैले तालिमदेखि हतियारसम्म सैनिक सामर्थ्यका दृष्टिले माओवादी गुरिल्लाहरूभन्दा सेना धेरै अगाडि छ । यद्यपि आफूसँग उच्च मनोवल र वैचारिक प्रतिवद्धता रहेकाले शक्तिशाली




संकटकाल लागू भएपछि राजधानीमा गस्ती गर्दै शाही नेपाली सेना

शत्रुसँग पनि लड्न सक्ने सामर्थ्य छ भन्ने माओवादीको दावी छ । तर, धेरै युवाहरू 'ब्रेनवास्ड' भएर माओवादी बनेका हुनाले सैनिक कार्वाही बढ्दै जाँदा उनीहरूमा मारिने डर पनि बढ्छ र माओवादीप्रतिको युवा आकर्षण स्वतः घट्छ भन्ने सेनाको ठम्याइ छ । आत्मसमर्पण गर्ने र शहरबजार वा भारततिर भाग्ने घट्नाले त्यसको संकेत पनि दिएको छ ।

छ वर्षसम्म प्रहरीसँग लडेको अनुभवले माओवादीलाई पहाडी क्षेत्रमा गुरिल्ला कार्वाही गर्न अनुभवी बनाएको देखिन्छ । खम्पाविरूद्धको कार्वाही र शान्ति सेनामा बाहेक दशकौंदेखि नलडे तापनि शाही सेनामा गुरिल्ला युद्धसम्वन्धी तालिमप्राप्त जनशक्ति भने निकै छ । भारत, मिजोरमको 'काउण्टर इन्सर्जेन्सी एण्ड जंगल वारफेयर स्कूल' देखि अमेरिकाको 'जनरल कमाण्ड एण्ड स्टाफ कलेज'सम्मको अनुभव छ सेनालाई । देशमै पनि अमलेखगञ्जको 'प्रतिविद्रोह तथा जंगल युद्धकला तालिम केन्द्र'ले वर्षेनी सयौंलाई प्रशिक्षित पारिरहेको छ । अधिकृतहरूले समेत अत्यन्त धेरै किसिमका तालिम लिनुपर्ने थोरै



फोटो : सुधीर

माओवादी प्रभावित रूकुम जिल्लाको सदरमुकाम खलंगा बजार

सेनामध्येमा पर्छ, शाही नेपाली सेना । अचेल सेनाको आधारभूत तालिममा समेत 'कन्भेन्सनल वारफेयर' (परंपरागत युद्धकला) भन्दा 'अनकन्भेन्सनल वारफेयर' (अपरंपरागत युद्धकला) मा बढी जोड दिन थालिएको छ ।

सेनाले यसबीचमा माओवादीलाई लक्ष्य गरेर कैयौं अभ्यास, तालिम र तयारी गरिरहेको थियो । २०५४ सालदेखि फिल्डमै गएर तीन महिनाको 'कलेक्टिभ एक्सरसाइज' गर्न थालिएको थियो, जसमा एउटा समूह सेना र अर्को समूह माओवादी बनेर नक्कली युद्ध लड्छन् । पहिलोचोटी यस्तो 'डमी अपरेशन' पश्चिम र मध्य पश्चिममा गरिएको थियो, जसलाई 'चक्रव्युह' नाम दिइयो । २०५५ सालको अन्त्यमा मध्य र पूर्व क्षेत्रमा 'धर्म' नामको यस्तै नक्कली अपरेशन गरिएको थियो । अव आएर साँच्चैको अपरेशन शुरू भएको छ, जसमा शाही सेनाको परीक्षण हुनेछ ।

नेपालले माओवादीविरूद्धको अभियानमा धेरैतिरको 'अपरेशनल मोडल'लाई आधार मानेको छ । तर यसको धेरै कुरा चाहि अमेरिकी मोडलसँग मिल्छ । *(हेर्नुहोस् बक्स)* भियतनाम युद्धको अनुभवपछि अमेरिकी सेनाले तयार पारेको 'आइडयाड' (इन्टरनल डिफेन्स एण्ड डिभलपमेन्ट) योजनालाई नै नेपालमा 'एकीकृत सुरक्षा तथा विकास कार्यक्रम' का नामबाट लागू गरिएको छ, भलै त्यसले गति पक्रेको नहोस् । 'काउण्टर-इन्सर्जेन्सी'का ब्रिटिश वा फ्रेन्च डक्ट्रिनहरू को साटो अमेरिकी मोडल पछ्याउनुका पछाडि अर्को स्वार्थ पनि छ, भविष्यमा आवश्यक परेमा अमेरिकी सहयोग लिने । 'आइड्याड'को अवधारणामा आधारित प्रतिविद्रोही कार्वाहीलाई बढी प्राथमिकता दिने अमेरिकाको नीति रहेको छ ।

## *समाधान : सैनिक कि राजनीतिक ?*

सेनाले माओवादीविरूद्ध थालेको अभियानमा 'लजिस्टिक्स'को आपूर्त्तिदेखि लिएर 'इन्टेलिजेन्स'को कमीसम्मका कठिनाईहरू भोगिरहेको छ । केही दिनअघि प्रहरीले 'राजधानीमा डेढ, दुई सय सशस्त्र माओवादी घुसे' भन्ने अत्यन्त 'गोप्य सूचना' सेनालाई दियो । सिंहदरवारमा हलचल मच्चियो, सुरक्षा व्यवस्थालाई थप सतर्क बनाइयो, तर पछि थाहा भयो, त्यो खवर हावादारी रहेछ । अहिले सेनालाई 'इन्टेलिजेन्स'को अपर्याप्तता सवभन्दा खट्किएको छ, जसमा राष्ट्रिय अनुसन्धान, प्रहरी र सेना स्वयंको गुप्तचरतन्त्र पनि एकदम कमजोर साबित भएको छ ।

काउण्टर-इण्टेलिजेन्स अपरेशनमा कार्वाही थाल्नुभन्दा पहिले नै लक्षित क्षेत्रमा गुप्तचरहरूको जालो फिजाइन्छ, जुन कुरा नेपालमा हुन सकेन । एकैचोटि सेना परिचालन भयो । अहिले 'पेट्रोलिङ'का माध्यमबाट सूचना बटुल्ने कोशिश गरिदैछ । तर धेरै ठाउँमा स्थानीय वासिन्दाले सहयोग गरिरहेका छैनन् । सेनाले जनताको 'मन र मस्तिष्क' नजितेसम्म उनीहरूबाट खवर मिल्न सम्भव पनि छैन । अमेरिकाले भियतनाममा विशाल स्रोतसाधनका साथ आक्रमण गर्दासमेत सफलता पाएन, जसको मुख्य कारण उसले युद्धरत क्षेत्र र आफ्नै देशभित्र समेत जनसमर्थन नपाउनु थियो ।

सेनाले स्थानीय वासिन्दाको भरपूर सहयोग र सदभाव तव मात्र पाउन सक्छ, जव संस्थापन पक्षप्रति असन्तुष्ट जनताको विश्वास जाग्नेछ । राज्यले परिवर्तन चाहिरहेका बहुसंख्यक जनताप्रतिको आफ्नो प्राथमिक दायित्वसमेत बिर्सेको कारण नै विगतमा माओवादी आन्दोलनले फैलने अवसर पाएको थियो । तसर्थ राजनीतिक विद्रोहको जड कारणलाई नै मेटाउन चाहने हो भने अन्ततः राजनीतिक वार्ता र सामाजिक-आर्थिक सुधारका कार्यक्रम नै समाधानको सही बाटो सावित हुनेछन् ।

विदेशका विभिन्न अनुभवका आधारमा सेना स्वयंले पनि स्वीकारेको छ कि, माओवादी समस्याको सम्पूर्ण रूपमा हल गर्न व्यापक रूपमा सामाजिक आर्थिक कार्यक्रमहरू लागू गर्नैपर्छ । सोही ठम्याइका आधारमा विगतमा सेनाद्वारा नै प्रस्तावित एकीकृत आन्तरिक सुरक्षा तथा विकास योजना शुरू गरिएको थियो । उसवेला सेनाले माओवादी प्रभावित क्षेत्रमा आफ्ना व्यारेकहरू खडा गरिसकदा पनि अन्य सरकारी निकायहरू उदासिन बस्दिनाले सो योजना लागू हुन सकेको थिएन । तर अहिले पनि समस्या उही छ, सेनाले माओवादीलाई धपाएर गाउँ खाली पार्दै गएको छ, तर त्यहाँ अरू सरकारी निकाय र ब्यापक आर्थिक सामाजिक परिवर्तनका कार्यक्रमहरूको चाहिं नामोनिशाना छैन । ❑

## कसको कति क्षति ?

### सरकारी आँकडा

मंसिर ८ गतेदेखि पुस १८ गतेसम्ममा कति नेपाली मारिए ?

| | |
|---|---|
| ▸ मारिएका सैनिकहरू | ३३ |
| ▸ घाइते सैनिकहरू | ६६ |
| ▸ मारिएका माओवादीहरू | ४०० (लगगभ ५००) |
| ▸ बरामद गरिएका हतियारहरू | ६०८ थान लगभग |
| ▸ बरामद गरिएका पैसा | ने.रू.३८ लाख ३५ हजार ७१२<br>भारू १ लाख ४ सय |
| ▸ पक्राउ परेकाहरू कुल | ९११ मध्ये केहीलाई छोडिसकेको |

*स्रोत : रक्षा मंत्रालयको विज्ञप्ति*

### गैर-सरकारी आँकडा

मंसिर ८, २०५८ यता कति नेपालीहरू मारिए ?

| | |
|---|---|
| ▸ माओवादीबाट मारिएकाहरू | |
| प्रहरीहरु | ६४ |
| सैनिकहरु | ३६ |
| कर्मचारीहरु | २ |
| जनसाधारणहरु | ६२ |
| जम्मा | १६४ जना |
| ▸ राज्यबाट मारिएकाहरू | |
| माओवादीहरु | ६१३ |
| अन्य जनताहरु | ४९ |
| जम्मा | ६६२ |
| कुल जम्मा | ८२६ जना |

*स्रोत : INSEC (मंसिर ८ देखि पुस २४ सम्मको तथ्यांक)*

# यो कारणले हुँदैछ नेपालको युद्धमा विदेशीको चासो


६ वर्ष पुरानो माओवादी आन्दोलनका विरूद्ध सरकारले सेना परिचालन गरेपछि त्यसले पहिलोपटक व्यापक रूपमा अन्तर्राष्ट्रिय चर्चा पाएको छ । छिमेकको भारतदेखि लिएर पूँजीवादी अमेरिका र माओको मुलुक चीनसम्मले माओवादी मामिलामा चासो देखाएका छन् । र, सरकारी कदमको समर्थन गरेका छन् । तर उनीहरूको समर्थन स्वभाविक सहानुभूतिमा मात्र सीमित छैन, त्यसको आडमा राजनीतिक-सामरिक स्वार्थसमेत प्रकट हुन थालेको छ ।

नेपाली कांग्रेसले मनाउने राष्ट्रिय मेलमिलाप दिवसका दिन, पुस १६ गते सो पार्टीकी नेतृ शैलजा आचार्यले खुलेरै भन्नु भयो, "देशमा निर्णायक शक्ति हामी छैनौं । भारत, चीन र अमेरिकाले जे चाहन्छन्, त्यही हुन्छ ।" माओवादी नेताद्वय प्रचण्ड र बाबुराम भट्टराईले भारत, चीन, अमेरिका, युरोपियन युनियन र संयुक्त राष्ट्र संघलाई हालै पठाएको ज्ञापन पत्रमा पनि चीन र भारतलगायत बाह्य शक्तिहरूलाई नेपालको आन्तरिक मामिलामा हस्तक्षेप नगर्न अनुरोध गरेका छन् । अहिले संस्थापनदेखि विद्रोही पक्षसम्मले देशमा विदेशी शक्तिको भूमिका बढेको महसूस गरेका छन् ।

भारतले माओवादीविरूद्धको सैनिक कार्वाहीलाई सघाउने प्रस्ताव राखेर त्यसमा आफ्नो भूमिका सुरक्षित गर्न चाहेको छ । अमेरिकाले सदाझैं यसपालि पनि नेपाललाई भारतकै चश्माबाट हेरेको छ र नेपालप्रतिको भारतीय स्वार्थलाई साथ दिने संकेत दिएको छ । सामान्यतया नेपालको आन्तरिक मामिलाहरूमा मौनता साँध्ने उत्तरको चीनले समेत यसपटक एकपछि अर्को टिप्पणी गरेको छ । नेपालमा भारत र अमेरिकाको अभिरूचि बढेका कारण चीनबाट असामान्य प्रतिक्रिया आएको बुझ्न गाह्रो छैन ।

संकटकाल लागेको चौथो दिन नै अमेरिकी विदेश विभागका उप-प्रवक्ता फिलिप रिकेरले 'युद्धविराम भंग हुनुअघि सरकारले गरेको अनुरोधका आधारमा अमेरिकाले हतियार उपलब्ध गराउने सोच बनाएको' बताएका थिए । मसिरको अन्तिम साता नेपाल आएका दक्षिण एशियाका लागि अमेरिकाका उप-सहायकमन्त्री डेभिड क्याम्पले पनि 'नेपालको आतंकवादविरोधी अभियानमा सहयोगी हुन अमेरिका इच्छुक रहेको' कुरा दोहोऱ्याए । नेपालकै एकजना मन्त्रीले समेत केही युद्ध-हेलिकाप्टरहरू दिन अमेरिका तयार रहेको बताए । यद्यपि अमेरिकाले सैन्य सहयोग उपलब्ध गराइसकेको कुरा प्रकाशमा आएको छैन ।

*भारतले माओवादीविरूद्धको सैनिक कार्वाहीलाई सघाउने प्रस्ताव राखेर त्यसमा आफ्नो भूमिका सुरक्षित गर्न चाहेको छ*



भारतीय विदेश मन्त्री जसवन्त सिंह

भारतले भने माओवादीविरूद्धको अभियानलाई सघाउन 'चिता' नामका दुइटा साना हेलिकप्टरहरू दिएको छ । तर तिनीहरू यति थोत्रा छन् कि, गत मसिर २६ गते भारत, पश्चिम बंगालको सेवोकस्थित 'एयर बेस'बाट काठमाडौंमा ल्याइएपछि बोका काटी पूजाआजा गरेर उद्घाटन-उडान गर्न खोज्दा एउटा हेलिकप्टर त 'स्टार्ट' नै भएन, बनाएपछि मात्र उड्यो । एउटा एकपटक र अर्को दुईपटक 'ओभरहल' गरिसकिएका ती पुराना हेलिकप्टरहरू अब करिब ३०० घण्टा मात्र उड्नेछन्, त्यसपछि फेरि ५० लाखभन्दा बढी खर्च गरेर 'ओभरहल' गर्नुपर्ने हुन्छ । भारतले हेलिकप्टरबाहेक ट्रक, गोलीगठ्ठालगायतका सैनिक सामग्रीहरू पनि दिएको थियो, जो काँकरभिट्टा र सुनौली नाकाबाट ल्याइए ।

भारतका प्रधानमन्त्रीको नेपालका राजा र प्रधानमन्त्रीसँग टेलिफोन सम्वाद भएपछि ती सामग्रीहरू आएका थिए । संकटकाल लागेपछि जर्मनीको भ्रमण रद्द गरेर फर्कने क्रममा प्रधानसेनापति प्रज्वल्लशमशेर राणाले नयाँ दिल्लीमा आफ्ना भारतीय समकक्षी जनरल एस.पद्मनाभनलाई भेटेर युद्ध सामग्रीका लागि आग्रह गरेको कुरा पनि भारतका पत्र-पत्रिकाले उल्लेख गरेका छन् । नेपालले आग्रह गर्नासाथ भारतले सहयोग गर्नुका पछाडि उसको 'आतंकवादविरूद्धको प्रतिवद्धता' भन्दा अरू धेरै स्वार्थले काम गरेको छ, जसमध्ये एउटा तात्कालिक स्वार्थ हो- हात-हतियारको बिक्री । भारत अहिले आफूद्वारा उत्पादित हतियारको बजार विस्तार गर्न प्रयत्नरत छ, जसको नजिकको सजिलो क्रेता अब नेपाल बन्न सक्छ ।

शाही सेनाको सम्भाररथी विभागले ठूलो परिमाणमा हात-हतियार आवश्यक भएकाले इच्छुक कम्पनीहरूलाई सुचीकृत हुन गत वैशाखमै आव्हान गरेको थियो । यसवीच माओवादीविरूद्ध सैनिक 'अपरेशन' थालिएपछि त थप हतियार र गोलीगठ्ठाको आपूर्ति अत्यावश्यक भयो । खासगरी सिपाहीहरूको 'निजी हतियार'का रूपमा रहेको ३० वर्ष पुराना सेल्फ लोडिङ राइफल (एसएलआर) लाई बदलेर त्यसको ठाउँमा तत्कालै आधुनिक बन्दुक ल्याउनु पर्ने सेनाले महसूस गरेको छ । सोही सिलसिलामा पहिलो चरणमा जर्मनीको हेक्लर एण्ड कोच कम्पनीबाट ५ हजार थान जी-३६ राइफल आउन लागेको छ भने थप ५० हजार हतियार कहाँबाट ल्याउने भन्नेबारे टुंगो लागिसकेको छैन । रक्षा सूत्रका अनुसार, भारतले 'एके-४७' लाई नमूना मानेर सन् १९८८ देखि उत्पादन गरिरहेको 'इन्सास' राइफल बेच्न चाहिरहेको छ र नेपाललाई सहयोगस्वरूप थोत्रा हेलिकप्टरहरू दिएर भए पनि आफ्नो हतियार किन्न लगाउने वातावरण बनाउँदैछ । सेनालाई निकट भविष्यमै ठूला हात-हतियार पनि चाहिने भएकाले भारतले नेपाललाई सम्भावित ग्राहकका रूपमा लिएको हुनसक्छ । तर भारतले हतियार बिक्रीलाई अगाडि आइपरेको एउटा अवसर मात्र ठानेको छ, उसको मुख्य स्वार्थ र सरोकार अरू नै दुईटा कुरामा केन्द्रित छ :

◆ माओवादी समूहहरूले दक्षिण एशियाली मोर्चा बनाएपछि नेपाल र भारतका माओवादीहरूबीच बढेको सहकार्यलाई भारतले गम्भीर चुनौति ठानेको छ र ऊ त्यसलाई तोड्न चाहन्छ ।

◆ जलसम्पदा र भू-राजनैतिक अवस्थितिका कारण नेपालमाथि भारतको पुरानो राजनीतिक-आर्थिक स्वार्थ रहेको छ र यहाँ संकट बढ्दै जाँदा प्रभुत्व जमाउने अवसर आफूलाई मिल्ने उसले ठानेको छ ।

### भारतको आँखामा माओवादी

माओवादीले लामो अवधिदेखि भारतीय भूमिलाई भाग्न, लुक्न र बस्नका निम्ति सुरक्षित मान्दै आएका थिए । त्यहाँको प्रवासी नेपाली समुदाय

र तिनमाभ्क फैलिएको माओवादी संगठनले पनि त्यसलाई सजिलो पारेको थियो । तर केही समय पहिलेदेखि भारतले कडाइ गर्न थालेपछि त्यहाँ माओवादी गतिविधि पहिले भैं खुल्लमखुला छैन । खुला कार्यकर्ताहरू भूमिगत भएका छन्, सेल्टरहरू फेरिएका छन् । विगतमा जनयुद्धको समर्थनमा 'सोलिडारिटी फोरम टु सपोर्ट द पिपुल्स वार इन नेपाल' ले नयाँ दिल्लीमा सार्वजनिक प्रदर्शन गर्थ्यो, 'स्ट्रगलिङ फोरम फर पिपुल्स रेजिसटेन्स'ले कलकत्तामा सेमिनार गर्थ्यो । तर अब त्यस्ता गतिविधि गान्धी पिस फाउण्डेसनको हलमा सीमित हुन थालेका छन् । नयाँ दिल्लीको जवाहरलाल नेहरू युनिभर्सिटीका बामदेव क्षेत्रीदेखि बागडोगराको नर्थ बंगाल युनिभर्सिटीकी सरस्वती महरासम्म भारतीय प्रशासनको वक्रदृष्टिमा परेका छन् ।

माओवादीका त्रिनेत्र प्रचण्ड, किरण र डा. बाबुराम भट्टराईले गत साउनको अन्त्यमा पश्चिम बंगालको सिलीगुडीनजिक चम्पासरीमा नेपालका वाम नेताहरूसँग भलाकुसारी गरेपछि भारतमा उनीहरूको उपस्थितिको पुष्टि भएको थियो । माओवादीहरूले भारतीय भूमि प्रयोग गरेको घट्ना सार्वजनिक भएपछि नयाँ दिल्ली मौन वस्नु कूटनीतिक दृष्टिले सम्भव थिएन । भारतका विदेशमन्त्री जसवन्तसिंहले भनिदिए- "नेपालका माओवादी पनि आतंकवादी हुन् ।" त्यसको लगत्तै ११ सेप्टेम्बरमा न्यूयोर्क काण्ड भएपछि अमेरिकाले आतंकवादविरूद्ध अन्तर्राष्ट्रिय अभियान चलायो, जसको दक्षिण एशियाली प्रवक्ताका रूपमा भारतले आफूलाई प्रस्तुत गर्‍यो । त्यसपछि त 'आतंककारी' घोषित माओवादीविरूद्ध नेपालले चलाएको सैनिक कार्वाहीप्रति सबभन्दा अगाडि सरेर समर्थन जनाउने राष्ट्र नै भारत बन्न पुग्यो ।

नेपालमा माओवादीविरूद्ध कार्वाही थाल्नासाथ भारतले आफ्नो देशका माओवादी समूहमाथि पहिलो चोटी केन्द्र स्तरबाटै प्रतिवन्ध लगाउनु संयोग मात्र थिएन । त्यहाँ हालै 'पिपुल्स वार' (पीडब्लु) समूह र 'माओइस्ट कम्युनिष्ट सेन्टर' (एमसीसी) लाई कश्मिर र पूर्वोत्तर क्षेत्रका पृथकतावादी समूहहरूकै लहरमा राखेर आतंकवाद उन्मूलनसम्बन्धी प्रस्तावित अध्यादेश 'पोटो' (प्रिभेन्सन अफ टेरोरिज्म अर्डिनेन्स) अन्तर्गत आतंकवादी घोषित गरिएको छ । भारतको गृह मन्त्रालयले आफ्नो वार्षिक प्रतिवेदन (२०००/०१) मा 'काश्मिर र पूर्वोत्तर क्षेत्रको आतंकवाद' पछि 'वामपन्थी उग्रवाद'लाई राष्ट्रिय सुरक्षामाथिको तेस्रो ठूलो खतरा मानेको छ । र, त्यसको मुकाविला गर्न केन्द्रिय गृह सचिवको अध्यक्षतामा सात वटा राज्यहरू सम्मिलित समन्वय केन्द्र नै खडा गरिसकेको छ ।

भारतले माओवादी गतिविधिविरूद्ध भटाभट अंकुश लगाउनुमा नेपाल, भारत, बंगलादेश र श्रीलंकाका नौ वटा माओवादी समूहहरूले गरेको मोर्चाबन्दी एउटा मुख्य कारण बनेको छ । खासगरी नेकपा (माओवादी)को पहलमा गत असारमा 'कोअर्डिनेसन कमिटी अफ माओइस्ट पार्टी एण्ड अर्गनाइजेसन्स अफ साउथ एशिया' (कम्पोसा) गठन गरिएपछि भारतीय अधिकारीहरू तर्सिएका थिए । 'कम्पोसा'को पहलमा नेपाल, भारत, भूटान र बंगलादेशका पत्रकार, कानून व्यवसायी तथा मानवअधिकारकर्मीहरू सम्मिलित 'एसोसिएशन अफ साउथ एशियन लयर्स एण्ड ह्युमन राइट्स एक्टिभिस्ट्स' र 'साउथ एशियन पिपुल्स जर्नलिष्ट एसोसिएशन' जस्ता क्षेत्रीय संस्थाहरूको गठनलाई भारतले थप चुनौतिका रूपमा लियो । त्यहाँको 'इन्टेलिजेन्स व्युरो'का चीफ के.पी.सिंहले नेपाल र भारतका वामपन्थी विद्रोहीहरू मिलेकाले दुई देशको सम्वन्ध खतरामा परेको सार्वजनिक टिप्पणीसमेत गरे ।

नेपाल र भारतका माओवादीले एकअर्काको 'जनयुद्ध'प्रति ऐक्यवद्धता मात्र जनाएका छैनन्, त्यसलाई साभा रूप दिने कोशिशमा पनि छन् । अमेरिकाको बहुराष्ट्रिय कम्पनी कोका कोलामाथि भएको प्रहारलाई यसको उदाहरण मान्न सकिन्छ । भारतको 'पिपुल्स वार'का माओवादीले कोका कोलाको आन्ध्र प्रदेशको गुन्टुर जिल्लास्थित बोटलिङ प्लान्टलाई कात्तिक ५ गते विस्फोट गरेर उडाए । नेपालका माओवादीले पनि मंसीर १४ गते ठीक त्यसैगरी काठमाडौंको कोका कोला प्लान्टलाई ध्वस्त पार्ने कोशिश गरे ।

सीमा वारपारका माओवादीले रोल्पादेखि दक्षिण भारतको दण्डकारण्यसम्मको उत्तर-दक्षिण मेरूदण्डमा 'जनयुद्ध'को लहरो तन्काउन खोजेका छन्, ताकि हैदराबाददेखि काठमाडौंसम्म क्रान्तिको रेखा कोर्न सकियोस् । नेपालबाट भारतको बिहार, भारखण्ड, मध्य प्रदेश, छत्तिसगढ हुँदै आन्ध्र प्रदेशसम्म छुट्टाछुट्टै चलिरहेको माओवादी आन्दोलन एउटै मालामा गाँसियो भने निश्चित छ, त्यो नेपाल र भारतका निम्ति ठूलो टाउको दुखाइको थप कारण बन्नसक्छ ।

भारतीय उपमहाद्विपभरि अलगअलग चलिरहेको माओवादी आन्दोलनलाई एउटै सूत्रमा बाँध्ने अवधारणा नेकपा (माओवादी)को दोस्रो राष्ट्रिय सम्मेलनले लिएको थियो । सो सम्मेलनद्वारा पारित 'प्रचण्डपथ' सम्वन्धी दस्तावेजमा भनिएको छ- "यस क्षेत्रको विशिष्ट अवस्थाले सवै देशका कम्युनिष्ट क्रान्तिकारीहरूका अगाडि भारतीय एकाधिकार पूँजीवादी शासक वर्ग र विभिन्न देशका उसका दलालहरूका विरूद्ध एकीकृत रणनीतिको विकास अपरिहार्य हुन गएको छ ।" सोही अवधारणाअनुरूप 'कम्पोसा'को गठन गरिएको बताइन्छ ।

**नेपालमा माओवादीविरुद्ध कार्वाही थाल्नासाथ भारतले आफ्नो देशका माओवादी समूहमाथि पहिलो चोटी केन्द्र स्तरबाटै प्रतिवन्ध लगाउनु संयोग मात्र थिएन**

## मौकाको प्रतिक्षा

माओवादी अध्यक्ष प्रचण्डले १७ मंसीरको *टाइम्स अफ इण्डिया* मा "भारत, जो आफै गणतन्त्र हो, ले नेपालमा सामन्ती राजतन्त्रविरूद्ध भइरहेको जनआन्दोलनको विरोध गर्ने कुरा आफूले नबुझेको" बताउँदै उसले नेपालमा हस्तक्षेप नगर्ने आशा राखेका छन् । जवकि 'जनयुद्ध'का क्रममा भारतीय हस्तक्षेप अवश्यम्भावी रहेको माओवादी पक्षको आधिकारिक दृष्टिकोण रहेको छ । प्रचण्ड स्वयंले धेरै ठाउँमा त्यस्तो सम्भावना दोहोर्‍याएका छन् । *रिभोल्युसनरी वर्कर* (फेब्रुअरी २०००) सँगको अन्तर्वार्तामा पनि उनले भनेका थिए, "...त्यसबेला हजारौं हजार भारतीय सेना नेपाल पस्नेछन् र उनीहरूसँग हामी नडराइकन लड्नेछौं ।" तर अहिले आएर माओवादीहरूले आफ्नो वक्तव्यमा समेत भारतप्रति नरम शब्द प्रयोग गरिरहेका छन्, जवकि भारतले भने उनीहरूमाथि कडा व्यवहार गर्न थालेको छ ।

केही समयअघि भूपू प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र प्रतिपक्षी नेता माधवकुमार नेपालले माओवादीलाई भारतबाट संरक्षण र प्रश्रय मिलिरहेको आरोप लगाएका थिए, तर त्यसबारे उनीहरूले कहिले पनि खुलस्त पारेनन् । नेपाली अधिकारीहरूको भनाइमा भारतले आफ्नो भूमिमा भइरहेको माओवादी गतिविधिमाथि पहिले नै नियन्त्रण गरेको भए स्थिति यति जटिल बन्ने पनि थिएन । नेपालमा संकट गहिरिदै गएमा आफ्नो हस्तक्षेप स्वभाविक हुने दाउमा भारतले उसवेला माओवादीलाई छुट दिएको थियो । तर अहिले परिस्थिति फेरिएपछि उसले आफूलाई संस्थापन पक्षको सहयोगीका रूपमा प्रस्तुत गरेको छ ।

शाही सेनाको सामना गर्नु परिरहेको यसबेला भारतसँग समेत प्रत्यक्ष टकराव गर्नु परेमा गाह्रो हुने ठानेर माओवादीले हाल भारतप्रति नरम देखिने कार्यनीतिक-कुटनीति अख्तियार गरेको विश्लेषकहरूको ठहर छ । उनीहरूको भनाइमा, भारत र माओवादी दुवैले भविष्यमा एकअर्कालाई उपयोग गर्ने कोशिश पनि गर्न सक्छन्, तर अन्ततः एउटा विन्दुमा पुगेपछि उनीहरूको टकराव भइहाल्छ । शायद त्यही वेला हो, जव माओवादीले भनेजस्तै भारतले सैन्य हस्तक्षेपसमेत गर्न सक्छ । नेपालमा भारतको पुरानो सुरक्षा स्वार्थ छ, जसलाई उसले कहिले चीनियाँ खतराका रूपमा र कहिले पाकिस्तानी गतिविधिका रूपमा उछाल्ने गर्छ । भविष्यमा त्यो 'माओवादी खतरा'का रूपमा प्रकट हुन सक्छ ।


राजदरवार हत्याकाण्डपछि विकसित नयाँ राजनीतिक परिदृश्यमा माओवादीले चीनको समर्थन हासिल गर्न पनि भरमग्दूर प्रयास गरेका थिए । तर चीनले माओवादीलाई सघाउनु त परै जावोस्, सम्वन्ध र सम्पर्क राख्नसमेत अनिच्छा देखायो । चीनियाँ विदेशमन्त्री ताङ जियासुआनले प्रम देउवालाई फोन गरेर "चीनको कम्युनिष्ट पार्टी र चीन सरकारको कुनै अंगको सम्पर्क र समर्थन नेपालका आतंककारीहरूसँग नरहेको" जनाउ दिए । यससँगै चीनले नेपालमा अमेरिका र भारतको बढ्दो अभिरूचिबाट आफू असन्तुष्ट रहेको संकेत पनि कूटनीतिक तवरबाट दियो । हुन पनि नेपालको भू-राजनैतिक अवस्थिति नै यस्तो छ, जहाँबाट चीनको सम्वेदनशील तिब्बत क्षेत्रमा गडबडी मच्चाउन गाह्रो छैन । पछिल्लो घट्नाक्रमले देखाएको छ : नेपालमा भारत, चीन र अमेरिका जस्ता शक्ति राष्ट्रहरू माओवादी आन्दोलनबाट उत्पन्न परिस्थितिलाई आ-आफ्नो सामरिक स्वार्थपूर्ति गर्ने माध्यम बनाउने खेलमा जुटिसकेका छन् ।

❑ *सुधीर शर्मा*

# चीनमा भेटिएको नक्सामा पनि कालापानी-लिम्पियाधुरा नेपालकै

- बुद्धिनारायण श्रेष्ठ

भारतद्वारा अतिक्रमित कालापानी-लिम्पियाधुरा क्षेत्र नेपाल सरहदभित्र पर्छ भनी अंकित गरिएका नक्साहरू विभिन्न देशका पुस्तकालयमा सुरक्षित रहेका पाइएका छन् । अमेरिकास्थित वासिंग्टन डि.सि.को लाइब्रेरी अफ् कंग्रेस (जियोग्राफी एण्ड म्याप डिभिजन) तथा लण्डनको ब्रिटिश लाइब्रेरी (इण्डिया अफिस रेकर्डस् एण्ड कलेक्सन्स)मा यस्ता कैयन पुराना नक्साहरू रहेका छन् । सन् १८६० सम्ममा निर्माण भई प्रकाशित गरिएका त्यहाँ रहेका नक्साहरूमा भएको विवरणअनुसार लिम्पियाधुरासम्मको भू-भाग नेपालकै देखिन्छ । किनकि यी नक्साहरूमा लिम्पियाधुराबाट उद्गम भएको नदीलाई 'कालीनदी' भनी अंकित गरिएका छन् र ४ मार्च १८१६ मा नेपाल र इस्ट इण्डिया कम्पनीबीच भएको सुगौली सन्धिअनुसार नेपालको पश्चिमी सीमाना कालीनदी हो ।



चिनियाँ लिपीमा मुद्रित नक्सा

चीनको प्राचीन एटलास सन्-१९०३

संसारका ठूला पुस्तकालयहरूको नाम लिनु पर्दा अमेरिकाको लाइब्रेरी अफ् कंग्रेस, संयुक्त अधिराज्यको ब्रिटिश लाइब्रेरी, बेइजिङ्गको नेशनल लाइब्रेरी अफ् चाइनाजस्ता पुस्तकालयहरू स्वतः अग्र पंक्तिमा आउँछन् । यी प्रत्येक पुस्तकालयमा लाखौं पुस्तक, जर्नल, न्युजलेटर, रिसर्च बुलेटिन, पत्र-पत्रिका, विश्वमानचित्र, एट्लास तथा विभिन्न प्रयोजनका नक्साहरू व्यवस्थित तरिकाले राखिएका छन् । दैनिक हजारौं अनुसन्धानकर्ता, शोधकर्ता, विद्यार्थी तथा व्यावसायिक व्यक्तिहरूले यी पुस्तकालयहरूमा अध्ययन-अनुसन्धान गरिरहेका पाइन्छन् । दुईतीन सय वर्षअघिका सामग्रीहरूका साथै विभिन्न देशहरूका बीच भएको सन्धि, सम्झौता, कन्भेन्सन तथा दस्तावेजहरूको प्रति पनि पुस्तकालयका विभिन्न डिभिजन तथा शाखामा सुरक्षित राखिएका छन् । यस्ता सामग्री तथा कागजातहरूलाई आधिकारिक दस्तावेजका रूपमा लिइन्छ ।

सन् १७५३ मा स्थापित ब्रिटिश म्युजियम लाइब्रेरीका साथै अन्य पुस्तकालयलाई गाभेर संचालन गरिएको लण्डनको ब्रिटिश लाइब्रेरी संसारकै सबैभन्दा पुरानो पुस्तकालय हो । यसमा ३ सय ५० भाषाका ९० लाख पुस्तकहरू, १ लाख २० हजार पूर्वीय जर्नल पिरियोडिकलहरू, ६५ हजार पूर्वीय हस्तलिखित सामग्रीहरू तथा २ लाख नक्सा, एट्लास, ग्लोब एवम् विश्वमानचित्र रहेका छन् । यस्तै, सन् १८०० मा स्थापना गरिएको संसारको सबैभन्दा ठूलो पुस्तकालय 'लाइब्रेरी अफ कंग्रेस'मा १ करोड ५० लाख पुस्तक तथा अन्य सामग्रीहरू रहेका छन् । यहाँ २० हजार नक्साहरू तथा २ हजार एट्लास मात्रै छन् ।

*भारतले कालापानी-लिम्पियाधुरा क्षेत्र नेपालको हो भनी मान्न आनाकानी गरिरहेको छ, तापनि पुराना नक्सा, दस्तावेज, पत्राचार, जग्गाको तिरोतिरान, तत्कालीन जनगणनाका आधार-प्रमाणमा यो नेपालकै भू-भाग ठहरिन्छ*



एसियाको सबैभन्दा विशाल र विश्वको चौथो ठूलो पुस्तकालयको रूपमा नेशनल लाइब्रेरी अफ् चाइना केही प्रान्तहरूका पुस्तकालयहरू समेतलाई एकीकरण गरी सन् १९०९ मा बेइजिङ्गमा स्थापना भएको हो । यहाँ २२ लाख ४० हजार पुस्तकहरू र करिब ७० हजार नक्साहरू रहेका छन् । यहाँ अधिकांश चिनियाँ लिपीमा रहेका पुस्तक भएतापनि अंग्रेजीसहित विश्वका विभिन्न भाषामा लेखिएका सामग्रीहरू पनि उपलब्ध छन् । यस पुस्तकालयको दुर्लभ सामग्रीकक्षमा सयौं वर्षअघिका प्राचीन सामग्री तथा नक्साहरू हिफाजतसाथ संग्रह गरी राखिएका छन् ।

ब्रिटिश लाइब्रेरी तथा लाइब्रेरी अफ् कंग्रेसको जियोग्राफी एण्ड म्याप डिभिजनमा अध्ययन गरीसकेको यस पंक्तिकारले केही समयअगाडि बेइजिङस्थिति नेशनल लाइब्रेरी अफ चाइनामा पुराना नक्सा तथा दुर्लभ सामग्रीकक्ष तथा 'स्टेट ब्युरो अफ सर्भेइङ्ग एण्ड म्यापिङ'को आर्काइभमा पनि अध्ययन अनुसन्धान गर्ने मौका पाएको थियो । सामग्री खोज्दै जाँदा के थाहा लाग्यो भने यहाँ संग्रह गरिएका कतिपय प्राचीन नक्साहरूमा कालीनदी लिम्पियाधुराबाट उद्गम भएको तथा नेपालको उत्तर पश्चिम सीमाना लिम्पियाधुरासम्म पुगेको पाइएको छ । यस्ता नक्साहरूमध्ये छिङ् वंशको शासक गुआङसु २९ लेखी पुरानो चिनियाँ लिपीमा मुद्रित सन् १९०३ मा प्रकाशित चीनको प्राचीन एट्लास (Old Atlas of China-1903) मा लिम्पियाधुराबाट उद्गम भई आएको नदीलाई स्पष्ट रूपमा अंकन गरिएको छ । र, यसै नदीलाई सीमाना मानी नदीदेखि पूर्व 'नेपाल' भन्ने शब्द लेखिएको छ ।

यस्तै, सन् १९१६ जुलाईमा तयार गरी १९२१ अक्टोबरमा प्रकाशित एसियाको ऐतिहासिक नक्सा (His-

torical Map of Asia Imply 1916 July, Printing 1921 October) मा नेपालको उत्तर पश्चिमी सीमाना संकेतचिन्हद्वारा लिम्पियाधुरासम्म अंकन गरी देखाइएको छ ।

"भौगोलिक क्षेत्रको परिवर्तनशील इतिहास नक्सा- १९२२ मिंगुवा", शीर्षक भएको चिनियाँ लिपीको अर्को नक्सामा लिपुलेक र लिम्पियाधुराबाट उद्‌गम भएका नदीहरू अंकन गरिएका छन् । तर दुवै नदीको नाम लेखिएको छैन । चाइना कार्टोग्राफिक पब्लिसिङ्ग हाउसबाट सन् १९९९ मा प्रकाशित 'टोपोग्राफिक म्याप अफ् चाइना'मा चिनीयाँ लिपीमा प्रकाशित नक्सामा संकेत चिन्हद्वारा लिपुलेकलाई सीमाना देखाई कालापानी क्षेत्र नेपालतर्फको भएको देखाइएको छ ।

चीनको राष्ट्रिय पुस्तकालयमा अध्ययनको क्रममा जापानी भाषामा मुद्रित नक्सा पनि पाइएको छ । फुजिता मोतोहारूले बनाई 'जापान कन्ट्रोल ल्याण्ड रेगुलेट'द्वारा सन् १९३४ मा प्रकाशित 'दक्षिण एसियाको जमीनको सूची' नामक नक्सामा संकेतचिन्हले नेपालको उत्तर पश्चिमी सीमानालाई लिम्पियाधुरा पुऱ्याई अंकन गरिएको छ । सो पुस्तकालयमा रहेको लण्डनबाट प्रकाशित 'हिस्टोरिकल एट्लास अफ साउथ एसिया'को पाना नं. ५५-५६ मा 'गुर्खा एक्स्पान्सन, १७६०-१८१६' (Gurkha Expansion 1760-1816) लेखिएको विशाल नेपालको नक्सासमेत देखाइएको रंगीन नक्सामा लिम्पियाधुराबाट निःसृत नदीलाई महाकाली नदी लेखिएको छ । यस्तै Stanford Geographical Establishment द्वारा सन् १९१० मा प्रकाशित 'इन्डियन एम्पायर एण्ड सिलोन' नामक नक्सामा लिम्पियाधुराबाट उम्रेको नदीलाई 'कालीनदी' भनी उल्लेख गरिएको छ । जर्ज फिलिप्स लिमिटेड लण्डनबाट सन् १९६८ मा प्रकाशित 'एसिया' नामक रंगीन नक्सामा पनि नेपालको सीमानालाई लिम्पियाधुरामै पुऱ्याई संकेत चिन्हले अंकित गरिएको छ ।




**ग्रेटर नेपाल** : 'हिस्टोरिकल एट्लास अफ साउथ एसिया'को पाना नं. ५५-५६ मा 'गुर्खा एक्स्पान्सन, १७६०-१८१६' लेखिएको विशाल नेपालको नक्सामा लिम्पियाधुराबाट निःसृत नदीलाई महाकाली नदी लेखिएको छ ।

सन् १९६२ को नोभेम्बरमा भारत र चीनबीच छोटो तर तेजीलो सीमायुद्ध हुँदा भारतीय सेनाको हार भई 'बहादुरीका साथ भारतीय सेना पछाडि हट्दैछन्' भन्ने नारासहित उनीहरू कालापानी क्षेत्रमा आइपुगे । उनीहरूले यस क्षेत्रलाई सामरिक दृष्टिकोणले उपयुक्त देखेकाले भारतीय सेनाले त्यहीं अड्डा जमाए ।

तत्कालीन तिब्बती क्षेत्रबाट ताक्लाकोट हुँदै सीमानाको लिपुलेक घाँटी (भञ्ज्याङ्ग) भएर नेपाल तथा भारततर्फ पस्ने जो-कोहीलाई पनि सजिलै पहिचान गर्नसक्ने स्थितिमा रहेको कालापानी क्षेत्रलाई युद्धका दौरानमा उनीहरूले उपयुक्त स्थान ठानेको हुनुपर्छ । यहाँ रहेको ६,१८० मिटर अग्लो डाँडाबाट उत्तरतर्फको तिब्बती क्षेत्रको गतिविधिमा निगरानी राख्न र दक्षिणतर्फ रहेको नेपाल तथा भारतबाट को को आउँदैछन् भन्ने अवलोकन गर्न अति सुविधाजनक रहेकोले यसलाई महत्वपूर्ण ठहऱ्याइएको हुनुपर्छ । शुरूमा कालापानी क्षेत्रमा पाल टाँगेर भारतीय सेनाले क्याम्प खडा गरेका थिए भने सामरिक दृष्टिकोणले उपयोगी क्षेत्र भएको कारणले त्यस ठाउँमा क्रमशः घरहरू तथा पक्की भवनहरू बनाउँदै गए । कालान्तरमा भूमिगत बङ्करहरू निर्माण गर्दै संचारका साधनहरू पनि जडान गर्दै आइरहेका छन् । भारत र पाकिस्तानबीच फेरि ताजा सीमायुद्ध चम्कने संभावनाका कारण र यस क्षेत्रमा आतंककारी गतिविधि बढ्नाको कारणले कालापानीमा हालै सेनाको संख्यामा थप गरिएको सुनिन आएको छ ।

> *साविकमा सामरिक दृष्टिकोणले र हालमा सुरक्षाका कारणले महत्वपूर्ण अवस्थितिमा रहेको कालापानी-लिम्पियाधुरा क्षेत्रको नेपाली भू-भागलाई गत ३९ वर्षदेखि भारतले अतिक्रमण गर्दै भोग गरेर आइरहेको छ*


साविकमा सामरिक दृष्टिकोणले र हालमा सुरक्षाका कारणले महत्वपूर्ण अवस्थितिमा रहेको कालापानी-लिम्पियाधुरा क्षेत्रको नेपाली भू-भागलाई गत ३९ वर्षदेखि भारतले अतिक्रमण गर्दै भोग गरेर आइरहेको छ । तर भारतजस्तो प्रजातान्त्रिक तथा अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नै छवि भएको देशले छिमेकी राष्ट्रको भूमिलाई अतिक्रमण तथा बेदखल गर्नु सुहाउने कुरा होइन ।

भारतले कालापानी-लिम्पियाधुरा क्षेत्र नेपालको हो भनी मान्न आनाकानी गरिरहेको छ, तापनि पुराना नक्सा, दस्तावेज, पत्राचार, जग्गाको तिरोतिरान, तत्कालीन जनगणनाका आधार-प्रमाणमा यो नेपालकै भू-भाग ठहरिन्छ । यस्ता प्रमाणहरूमध्ये नक्साका सम्बन्धमा यस पंक्तिकारलाई बेइजिङ्गको 'नेशनल लाइब्रेरी अफ् चाइना'मा अध्ययन अनुसन्धानको लागि उपलब्ध ऐतिहासिक तथा प्राचीन नक्साहरूले पनि अमेरिका र बेलायतमा प्राप्त पुराना नक्साहरूको परिपूरक प्रमाण सामग्रीको रूपमा काम गरेको छ । चिनियाँ तथा जापानी लिपीमासमेत अंकित यस्ता नक्साहरूले कालापानी-लिम्पियाधुरा क्षेत्र नेपालको नै हो भन्ने ऐतिहासिक तथ्यलाई प्रमाणित गर्न अरू बल पुगेको छ ।

□□


*(लेखक : नापी विभागका भूतपूर्व महानिर्देशक तथा नक्साविज्ञ हुनुहुन्छ ।)*

**जापानी लिपीमा मुद्रित नक्सा** :
दक्षिण एशियाको जमीनको सूची नक्सा, सन् १९३४



# जलविद्युत विकास नीति - २०५८

# संविधान छल्ने अर्को चाल ?!



- दीपक ज्ञवाली

श्री ५ को सरकारबाट गएको असोज २९ गते स्वीकृत गरिएको जलविद्युत विकास नीति- २०५८ ले नेपालको जलविद्युत क्षेत्रमा रहेका कमी-कमजोरी र चुनौतीहरूलाई केही हदसम्म आत्मसात गर्न खोजेको देखिएता पनि यसलाई पुरानै अर्थ-राजनीति, भ्रम र गल्तीहरूले गाँजेको पाइन्छ । पृष्ठभूमि, औचित्य, उद्देश्य, रणनीति, नीति र कार्यनीति गरी जम्मा ६ भागमा विभाजित गरेर प्रस्तुत गरिएको यो नीति संक्षिप्त, तर चुस्त र स्पष्ट नीतिगत दस्तावेज हुनु पर्नेमा अत्यन्त भद्दा र अनावश्यक रूपले लम्बेतान वर्णनमा अल्मलिएको दस्तावेजको रूपमा यसलाई मानिसहरूले सम्झना गर्नेछन् ।

यो दस्तावेजको भद्दापन र अनावश्यक लम्बाइको ज्वलन्त उदाहरणका रूपमा यसको भाग ६ लाई लिन सकिन्छ, जसमा कार्यनीति शीर्षकअन्तर्गत नै बूँदा र उपबूँदाहरू समेत गरेर एकसय चारवटा दफाहरू छुट्याइएका छन् । यो कस्तो नीति हो, जसमा कार्यनीति शीर्षकमै यति ज्यादा दफाहरू राखिन्छन् ? त्यसमाथि थप यी दफाहरू प्रचलित संविधान, ऐन, उद्योग र लगानी नीतिसँग पनि नराम्ररी बाझिएका छन् । यतिमात्रै होइन, यी दफाहरू आपसमै पनि बाझिएका छन् ।

यो नीतिको सबैभन्दा आपत्तिजनक बूँदा यसको दफा ६.११.४ मा देखिन्छ । जसमा नेपालको संविधान २०४७ को धारा १२६ लाई चलाखीपूर्वक छल्ने मनसाय स्पष्ट रूपले अभिव्यक्त भएको पाइन्छ । उदाहरणका लागि यसमा लेखिएको छ :

"जलाशययुक्त बहुउद्देश्यीय आयोजनाको कार्यान्वयनको अनुमति यसै नीतिअन्तर्गत श्री ५ को सरकारको स्वीकृतिबाट प्रदान गरिनेछ । तर प्राकृतिक श्रोतको बाँडफाँडको विषय यो नीतिको परिधिभन्दा बाहिर हुनेछ ।"

यो नीतिअन्तर्गत अब उप्रान्त संविधानको धारा १२६ लाई सिधै छलेर कुनै पनि ठूला बहुउद्देश्यीय र जलाशययुक्त आयोजना सरकारले कसैलाई पनि सुम्पन सक्नेछ । प्राकृतिक स्रोतको बाँडफाँडसम्बन्धी संवैधानिक र कानूनी व्यवस्था यो नीतिको परिधिमा पर्नेछैन ।

कानुन्वी भाषा छोडेर धेरैले बुझ्ने साधारण नेपाली भाषामा यसलाई उल्था गर्ने हो भने यो बूँदाको सरल अर्थ यस्तो निक्लन्छ : ठूला जलाशययुक्त र बहुउद्देश्यीय आयोजना कार्यान्वयन गर्न कसैलाई पनि अनुमतिपत्र दिंदा संविधानको धारा १२६ सित (जसले प्राकृतिक स्रोतको बाँडफाँडबारे सरकारी कामकाजमा नियन्त्रणकारी बन्देज लगाउँछ) हामीलाई मतलब छैन । संसदमा पेश नभएको, त्यसको साधारण बहुमतले समेत अनुमोदन नगरेको, केवल मन्त्री परिषद्ले मात्र पास गरेको यस नीतिले कर्णाली एनरोनसरहलाई, सप्तकोशी भारत सरकारले खड़ा गरेको कुनै एउटा कम्पनीलाई, माथिल्लो कर्णाली वा त्यस्तै कुनै बहुमूल्य प्राकृतिक स्रोत मन्त्रालयमा बसेर खुसुक्क कुनै आर्थिक हैसियत नै खुलाउन नसकेको एनजीओलाई लाइसेन्स बाँड्ने प्रथामार्फत् सुम्पन सक्ने व्यवस्था गर्नका खातिर हामी नोकरशाहहरू आफैंले बनाएको यो नीति गम्भीरतापूर्वक नपढ्ने मन्त्रीहरूको क्याबिनेटबाटै पास गराई आफैंलाई प्रदान गरेका छौं ।

क्याबिनेटले खुसुक्क एउटा जल-विद्युत नीति पास गरेर तपाई प्राकृतिक स्रोत बाँडफाँडसम्बन्धी संविधान र ऐनमा भएको व्यवस्था काट्नुहुन्छ भने योभन्दा ठूलो बिडम्बना अरू के हुनसक्छ ? मलाई अचम्म लागेको कुरो के हो भने- यस्तो आपत्तिजनक नीति नोकरशाहहरूले ल्याउँदाखेरी हामीले चुनेर पठाएका सरकारमा पुगेका नेताहरूले चूपचाप स्वीकारे कसरी ? यो नीति ल्याएको दुई महिना बितिसकेछ, हाम्रा प्रमुख प्रतिपक्ष र अन्य प्रतिपक्षले यसलाई बिनाटिप्पणी स्वीकार गरीबसे कसरी ? किन उनीहरूले नयाँ जलविद्युत नीति सरकारसित मागेर

**क्याबिनेटले खुसुक्क एउटा जल-विद्युत नीति पास गरेर तपाई प्राकृतिक स्रोत बाँडफाँडसम्बन्धी संविधान र ऐनमा भएको व्यवस्था काट्नुहुन्छ भने योभन्दा ठूलो बिडम्बना अरु के हुनसक्छ ?**



संसद : राष्ट्रलाई फाइदा पुग्नेगरी नीति बनाउन कति सक्षम ?



जलश्रोत मन्त्रालय : नीति निर्माण र कार्यान्वयनमा कति गम्भीर ?

हेरेर यसबारे बेलैमा टिप्पणी गरेनन् ? सरकारले जलविद्युत नीतिबारे यति ठूलो आपत्तिजनक गल्ती गर्दा प्रतिपक्ष चूँ बोल्दैन भने प्रतिपक्षको अस्तित्वको औचित्य के ?

यो नीतिको अर्को दूरगामी असर हुने खतरनाक पक्ष बूँदा नं. ६.१५ र ६.१६ मा उल्लेख भएका संस्थागत व्यवस्थासित सम्बन्धित बूँदा हुन् । ६.१५ मा जलविद्युतको विकास गर्न संस्थागत व्यवस्था यस्तो-यस्तो हुनेछ भनेर वर्णन गरिएको छ । ६.१६ मा विद्युत क्षेत्रमा सरकारी नोकरशाहहरूको भूमिका बढाउने चेष्टा गरिएको छ । सबभन्दा खतरनाक पक्ष ६.१५ को संस्थागत व्यवस्थामा छ ।

यो किन खतरनाक छ भन्ने कुरा स्पष्ट पार्न थोरै इतिहासको कुरा कोट्याउनु जरूरी हुन्छ ।

भयो के भने सन् १९८५ अर्थात् २०४२ सालमा महँगो मर्स्याङ्गदी जलविद्युत आयोजनाको निम्ति ऋण प्राप्ति गर्न दाताहरूले नेपालको राष्ट्रहित विपरीत देशको जल-विद्युतसम्बन्धी संस्थागत संरचना नै खलबल्याउने गरी राखेको एउटा शर्त सरकारले स्वीकार गऱ्यो । त्यो शर्त थियो- विद्युत विभाग र विद्युत कर्पोरेशनलाई गाभी एउटै विद्युत प्राधिकरण निर्माण गर्ने । यो शर्तमार्फत् दाताहरूलाई केवल छुट्टाछुट्टै विद्युत आयोजनाहरूको लागि मात्र ऋण नदिई सिंगो राष्ट्रको नाउँमा पावर सेक्टर लोन भनेर विदेशी ऋणको भार थोपर्न सजिलो पर्न जान्थ्यो । पंचायती सरकारले खुरूक्क त्यो शर्त मानेर दाताहरूलाई त्यसो गर्ने बाटो खोलिदियो, आजभन्दा १६ वर्षअगाडि ।

यो नीतिको एउटा सकारात्मक पक्ष भनेको १६ वर्षअगाडि गरिएको त्यो काम गलत थियो भनेर स्वीकारिएको छ । दफा ६.१५.२ ले विद्युत प्राधिकरणलाई विभाजन गरी उत्पादन, प्रसारण र वितरणलाई छुट्टाछुट्टै संस्थागत संरचनामा बाँड्ने भनेको छ । यो सुन्दा ठीकै लागे पनि यसको पछाडिको नियत भने ठीक देखिँदैन । त्यसको उदाहरण दफा ६.१६ र ६.१५ मा भएको व्यवस्था हो ।

इतिहास साक्षी छ, विद्युत विभागका केही टाठाबाठाहरू दुवै संस्था गाभिएर विद्युत प्राधिकरण बनेपछि त्यसमा समावेश हुन चाहेनन् । उनीहरू मन्त्रालयमै खारेज भएको विभागबाट काज खाएर बसे । यही जत्थाले गिरिजाप्रसाद कोइरालाको पहिलो प्रधानमन्त्रीत्वकालमा जलश्रोत राज्यमन्त्री लक्ष्मणप्रसाद घिमिरेमार्फत् दाता संस्थासितको समझदारी विपरीत अचानक विद्युत विभाग पुनर्जीवित गराई विद्युत विकास केन्द (EDC) खडा गरे । अरूण-तेस्रोलाई विश्वबैंकले खारेज गरेको कारणमध्ये यो पनि एउटा कारण थियो । किनभने, विद्युत विभाग पुनर्जीवित गराइएपछि श्री ५ को सरकारको विश्वसनीयतामाथि नै प्रश्नचिन्ह सृजना भएको थियो । महाकाली सन्धिबारे सरकारलाई गलत सूचना दिएर दिग्भ्रमित पार्न यही जत्थाले ठूलो भूमिका खेलेको थियो । विद्युत विकास केन्द्र EDC लाई हाल आएर विद्युत विकास विभाग EDD मा बदलिएको छ । यसको मुख्य काम बहुउद्देश्यीय आयोजनाहरूको अध्ययन र संचालन गर्नु भनेर भनिएको थियो । तर नयाँ नीतिको दफा १६.५.१ ले के देखाएको छ भने यसले नियमन (regulatory) संस्था, अध्ययन प्रवर्द्धन संस्था र उर्जा व्यवस्थापन अध्ययन संस्थासमेत गरी आफू अलावा तीनवटा थप सरकारी विभाग वा संस्था खडा गरी आफ्नो साम्राज्य विस्तारको नीति अगाडि ल्याएको छ ।

गजबको कुरा के भने यो नयाँ नीतिले एकातिर छँदाखाँदाको विद्युत प्राधिकरणलाई खारेज गर्ने कुरा गरेको छ, अर्कोतिर विद्युत विकास विभागका अलावा तीनवटा नयाँ सरकारी संस्था वा विभाग खडा गर्ने कुरा पनि यसैले गरेको छ । यो जलविद्युतका क्षेत्रमा सरकारी नोकरशाहहरूको एकछत्र ठेक्कापट्टा साम्राज्य विस्तार गर्ने प्रपञ्चबाहेक अरू केही हुँदै होइन । नत्र, विद्युत प्राधिकरण पनि भंग गरी दिने, निजी क्षेत्रलाई पनि विद्युत क्षेत्रमा छिर्न नदिने, नगरपालिकालाई पनि चलाउन नदिने, अर्कोतिर विद्युत विकासका सबै फाँटमा अलग अलग सरकारी संस्था जन्माउने भन्नुको मतलब के हो ? यो जलविद्युतको क्षेत्रमा अब उप्रान्त नोकरशाहहरूको एकछत्र ठेक्कापट्टा साम्राज्य विस्तार हुनसक्ने भनिएको हो ।

यो मनसाय दफा ६.१६ मा अरू प्रष्टसित अभिव्यक्त भएको छ । यसमा भनिएको छ : "श्री ५ को सरकारले आवश्यकताअनुसार आफैंले कुनै मित्रराष्ट्र वा अन्तर्राष्ट्रिय संघ-संस्थासित सन्धि वा सम्झौता गरी सोअनुसार जलविद्युत आयोजनाहरूको निर्माण र संचालन गर्न सक्नेछ ।" यो दफामार्फत् माथि भनिएको टाठाबाठा नोकरशाहहरूको जत्थाले संविधान, ऐन र यही नीतिलाई समेत पन्छाएर कुनै मित्रराष्ट्र वा दातालाई फँसाउन सके विद्युत प्राधिकरण, स्थानीय निर्वाचित जनप्रतिनिधिको स्थानीय सरकार, सहकारी संस्था वा निजी क्षेत्रलाई समेत बाइपास गरी जलविद्युत आयोजनाहरू आफै ठेक्कापट्टा गरी संचालन गर्ने ढोका उदांगो खोलेको छ ।

नेपालको नोकरशाहीतन्त्रले हरेक ऐनमा यस्तो मनपरी गर्न पाउने दफा राखेको हुन्छ । यस्तो गर्नका लागि उसले ऐनमा 'बचाउ' शीर्षकअन्तर्गत 'माथि जेसुकै लेखिएको भएतापनि श्री ५ को सरकारले भने जे मन लाग्यो त्यही गर्न सक्नेछ' भनेर व्यवस्था गरेको हुन्छ । यो नीतिमा ६.१६ को दफामार्फत् पनि विद्युत नोकरशाहहरूले त्यस्तै व्यवस्था गरेका छन् । यो दफा नीतिगत दस्तावेजको अन्त्यमा दिइएको छ । यसको तात्पर्य के हो भने माथि 'निजी क्षेत्र', 'सरकारी संस्था', 'स्वशासित सार्वजनिक संस्था'को जतिसुकै उल्लेख भए पनि विद्युतसम्बन्धी सारा योजनाको निर्माण, संचालन, नियमन, अध्ययन, प्रवर्द्धन र ऊर्जा व्यवस्थापन सारा श्री ५ को सरकारको संस्था वा सरकार आफैंले गर्न सक्ने व्यवस्थाले माथिका सारा कुरा काटियो । आखिर श्री ५ को सरकारले वा उसको मातहतको संस्थाले यी सारा कुरा गर्ने भन्नुको तात्पर्य के हो ? यो त सरासर सरकारी नोकरशाहहरूले यी सारा कुरा गर्ने भनेको हो नि । यो त सरकारी नोकरशाहहरूले आफैले बसेर ठेक्कापट्टा गर्ने र जलविद्युतको प्रोजेक्ट चलाउने भनेको हो नि । दातृ संस्थालाई हामी छौं, हामीमार्फत् नै प्रोजेक्ट चलाऊ भनेको हो नि ।

यसप्रकार यो नयाँ जलविद्युत नीतिको चूरो कुरो यिनै दुईवटा हुन् : एउटा, बहुउद्देश्यीय र ठूला जलाशययुक्त आयोजना निर्माण र संचालन गर्दा प्राकृतिक स्रोतको बाँडफाँड सम्बन्धमा बन्देज लाउने संविधानको धारा १२६ को व्यवस्था छल्ने, दोस्रो, जलविद्युत आयोजनाको सबै पक्ष र फाँटमा सरकारी नोकरशाहहरूको एकछत्र साम्राज्य विस्तार गर्ने ।

अरूलाई अनुशासनमा राख्न चाहनेले सर्वप्रथम आफू अनुशासनमा बस्नुपर्ने हुन्छ । जो आफू अनुशासनमा रहन चाहँदैन, उसले अरूलाई पनि अनुशासनमा राख्न सक्दैन । अनुशासन नभएको त्यस्तो कुनै संरचनामा कुनै स्वदेशी वा विदेशी लगानीकर्ताले आफ्नो पैसा फँसाउन चाहँदैन । नेपालमा जलविद्युत क्षेत्रमा विदेशी लगानी तब भित्रिन सक्छ, जब स्वदेशी लगानीकर्ताहरू यहाँको संस्थागत संरचनामा अनुशासन देख्छन् र त्यहाँ लगानी गर्दा आफ्नो




**यो जलविद्युत नीतिले विद्युत विकासको अहिलेसम्मको सारा संस्थागत संरचनालाई ध्वस्त पार्छ**

पूँजी सुरक्षित हुने र त्यसबाट आफूलाई फाइदा हुने संभावना देख्छन् । जब स्वदेशी लगानीकर्ता नै नेपालमा लगानी गर्नुमा सुरक्षा र लाभ अनुभूति गर्दैन, कुनै विदेशी लगानीकर्ताले नेपालमा लगानी गर्ने मूर्खता गर्दैन । यो कुरा नेपालका नोकरशाहहरूले नबुझे पनि संसदमा बसेका र बस्न चाहने राजनेताहरूले बुझ्नु जरूरी छ ।

यो जलविद्युत नीतिले विद्युत विकासको अहिलेसम्मको सारा संस्थागत संरचनालाई ध्वस्त पार्छ । जलविद्युत विकासको संस्थागत संरचनामा नोकरशाहहरूको एकलौटी साम्राज्य खडा गर्छ । यसको मतलब भरे एउटा सचिव फेरिनेबित्तिकै उसले के के गर्छ ठेगानै हुँदैन । यस्तो अनुशासन नभएको, भविष्यको ठेगान नभएको संरचनामा कसले लगानी गर्छ ? विदेशी लगानी भित्रिने भनेको स्वदेशी लगानीकर्ताले २० लाख लगानी गर्न सुरक्षित सम्झ्यो भने उसले २० करोड लगानी गर्न सुरक्षित सम्झने हो । स्वेदशी लगानी कर्ताले १० लाख रूपैयाँ लगानी गर्न समेत डराउने नीति सरकारले ल्याएपछि विदेशी लगानीकर्ता कहाँबाट आउँछन् ? मलाई लाग्छ, यो जलविद्युत नीतिले स्वेदशी तथा विदेशी लगानीको संभावना खत्तम पार्नेछ ।

बहुदलीय व्यवस्थामा नीति भनेको राजनीतिक दलले पेश गर्ने हो । चुनावमार्फत् त्यो नीति बहुमत जनताद्वारा अनुमोदन गराएर सरकारको नोकरशाही यन्त्रद्वारा त्यसलाई कार्यान्वियन गराउने हो । यो अजबको नेपालमा त्यसको ठीक विपरीत भएको छ । जलविद्युत नीति नोकरशाहहरूले आफ्नो स्वार्थ र हितअनुकूल बनाएका छन् र नेताहरूमार्फत् क्याविनेटबाट पास गराई यसको कार्यान्वियन गराएका छन् । प्रजातन्त्रमा योभन्दा ठूलो विडम्बना र संकट अरू के हुनसक्छ ?

मेरो ठम्याइमा यति लम्वेतान जलविद्युत नीतिको कुनै आवश्यकता थिएन । छोटोमा ४-६ वटा मुख्य बूँदामा जलविद्युत नीति तर्जुमा गर्न सकिन्थ्यो र बाँकी सारा कुराहरू त कानून र नियमावलीमार्फत् ब्यवस्था गरिनुपर्थ्यो । नीतिको काम, कानून र नियमावली नै आवश्यक नपर्ने गर्नु कदापि हुनुहुँदैन । संविधान, ऐन, नियमलाई नीतिले मिच्ने कार्य पनि कदापि गर्नुहुँदैन । परन्तु यो नीतिले ती दुवै बेठीक कुरा एकसाथ गरेको छ ।

> *मेरो ठम्याइमा यति लम्वेतान जलविद्युत नीतिको कुनै आवश्यकता थिएन, छोटोमा ४-६ वटा मुख्य बूँदामा जलविद्युत नीति तर्जुमा गर्न सकिन्थ्यो*

मेरो विश्लेषणमा नेपालको नयाँ जलविद्युत नीति भनेर केवल यति ४ वटा बूँदा प्रस्तुत गरे पुग्छ । बाँकी विस्तृत कुराहरू कानून र नियमावली बनाएर व्यवस्था गर्नु जरूरी हुन्छ :

१. नेपालको जलविद्युत विकास त्यो हेतुले गर्नुपर्छ, जसबाट नेपालको कृषि र उद्योग व्यवसायहरू अरू देशको भन्दा सस्तो र भरपर्दो बिजुली पाएर क्षेत्रीय र विश्वबजारमा प्रतिस्पर्धी हुन सक्नेछन् ।

२. यस्तो बिजुली उत्पादन र वितरण गर्न एकल निकायको सट्टा उत्पादनको हकमा निजी क्षेत्रलाई सहभागी गराउने खुला प्रतिस्पर्धी वातावरण, वितरणको हकमा स्थानीय सरकारको अधिकतम सहभागिता र प्रसारणको हकमा राष्ट्रिय सरकारको रेखदेख हुने गरी निजी, स्थानीय र राष्ट्रिय निकायहरू सबै समेटिने संस्थागत संरचना सिर्जना गरिनेछ ।

३. बिजुली नपाएका ८५ प्रतिशत जनतालाई बिजुली पुऱ्याउन उनको र उनका स्थानीय निकायहरूका प्रयासलाई टेवा पुऱ्याउन राष्ट्रिय प्रसारण ग्रिड विस्तार गर्ने कर्तव्य सरकार र यसको स्वामित्वमा रहेको राष्ट्रिय प्रसारण प्राधिकरणको हुनेछ, जसले मित्रराष्टहरूसँग उभ्रेको बिजुली 'एभोइडेड कस्ट'का सिद्धान्तमा व्यापार गर्न सक्नेछ ।

४. भारतको विद्युत बजारमा निर्यात गर्न खोज्ने नेपाली वा अन्तर्राष्ट्रिय लगानीकर्ताका हकमा भने निम्न नीति लागू हुनेछ । निर्यात हुने बिजुलीमा सलामी दस्तुर, आय, निर्यात र अन्य करहरू साधारणतया छुट दिइने छैन ।

(क) रन-अफ-रिभर योजनाबाट उत्पादित बिजुली राष्ट्रिय ग्रिडमार्फत् निर्यात गर्न खोज्ने लगानीकर्ताको हकमा संविधानको धारा १२६ बमोजिम सो प्रयासलाई व्यापक, गम्भीर र दीर्घकालीन नभई कुनै पनि संसदमा बहुमत प्राप्त सरकारले उचित निर्णय गर्न सक्ने ।

(ख) जल भण्डारसहितको योजना - जसको सम्पूर्ण संचित पानी नेपालभित्रै प्रयोग हुने व्यवस्था हुन्छ, विस्थापित हुने जनसंख्या एक हजारभन्दा कम हुन्छन् र निर्यात हुने विद्युत राष्ट्रिय प्रसारण ग्रिडबाट हुन्छ, त्यसको हकमा पनि (क) बमोजिमको प्रावधान लाग्ने ।

(ग) जल भण्डारसहितको योजनाबाट राष्ट्रिय विद्युत प्रसारण ग्रिड प्रयोग नगरी सोझै भारत निकास गर्न खोज्ने लगानीकर्ताले निर्यात गर्ने मोल र सरकारलाई चढाउन सक्ने सलामी दस्तुर खुलाई सरकारमा निवेदन गर्नुपर्छ । निवेदन तयार गर्न अध्ययन तथा सर्भे आवश्यक भए त्यसका लागि अनुमति सरकारले दिन सक्नेछ । निवेदन, त्यसलाई पुष्टि गर्ने समस्त प्रतिवेदनहरू, सरकारले उचित ठहऱ्याएको दस्तुर, कर तथा सामाजिक र वातावरणीय प्रभावको न्यूनीकरण गर्ने प्रस्ताव सरकारले संसदको दुईतिहाइ बहुमतबाट अनुमोदित हुन संसदमा पेश गर्नेछ । यस्तो निवेदन सरकारले भारत सरकारसँग तल्लो तटीय फाइदाको लाभ बाँडफाँडबारे टुङ्गो लगाइसकेका योजनाहरूमा मात्र गर्न सकिनेछन् ।

यिनै चार बूँदासँग मेल खानेगरी जलविद्युत ऐन र त्यससँग सम्बन्धित अन्य नियमावलीहरू संसोधन गरिनेछ भनी उल्लेख भए पुग्छ । ❑

**हत्या र हिंसा सामाजिक अपराध हुन् । यस्ता कुराले समाजको विकास, उन्नति र प्रगतिमा बाधा पार्दछन् । नेपालको जुनसुकै नागरिकको हत्या भएपनि नेपालमाताको एउटा होनहार सपूत छोरा गुम्छ । तसर्थ हत्या र हिंसाको विचार छाडी प्रत्येक जात, जाति, वर्ग, समुदाय र विचारहरूको आधारमा विखण्डन ल्याउने प्रवृत्तिलाई अलग्याएर पारस्परिक सहयोग र सद्भावना बढाउनेतर्फ लाग्नु समस्त नेपालीको कर्तव्य हो ।**

**श्री ५ को सरकार**
**सूचना तथा संचार मन्त्रालय**
**सूचना विभाग**

SAARC

सन्दर्भ : ११ औं सार्क शिखर सम्मेलन

# साफ्टा कसरी हाम्रो लागि प्रभावकारी र लाभदायी हुन सक्छ ?

काठमाण्डौमा पुस २१ र २२ गते सम्पन्न ११ औं सार्क शिखर सम्मेलनले सन् २००२ भित्र साफ्टाको खाका तयार पार्ने निर्णयमा अनुमोदन गरिसकेको अवस्थामा नेपालजस्तो अति कम विकसित मुलुकहरूले साफ्टा 'दक्षिण एशियाली खुला व्यापार व्यवस्था' (SAFTA) बाट कसरी आफ्नो फाइदा अभिवृद्धि गर्ने भन्नेजस्ता कुरामा ध्यान दिनु आवश्यक छ । नेपालजस्तो मुलुकको आर्थिक विकासको लागि दक्षिण एसियाली खुलाव्यापार व्यवस्था लाभदायी हुनसक्छ । तर हाम्रो फाइदा केमा छ, त्यो पहिचान हुन सक्नुपर्छ । विश्व व्यापार संगठन (डब्लू.टि.ओ.) होस् वा साफ्टा, केवल तिनको सदस्यता लिएरमात्र नेपालले केही गर्न सक्दैन । अहिलेदेखि नै गंभीर गृहकार्य र योजनाबद्ध तम्तयारी नहुने हो भने यसबाट आर्थिक उपलब्धि हुनुको साटो अर्थतन्त्र झनै अकल्पनीय रूपमा तहस-नहस पनि हुनसक्छ ।

ढिलो चाँडो नेपाल विश्वव्यापार संगठनको सदस्य हुँदैछ । र, दक्षिण एसियाली खुल्ला व्यापार क्षेत्रमा प्रवेश गर्दैछ । यसरी सदस्यता लिइसकेपछि वा प्रतिस्पर्धा गर्नसक्छौं ? तर यसबाहेक हामीसँग अर्को विकल्प पनि के हुनसक्छ ? आजको परिस्थितिमा जसरी हुन्छ हाम्रो फाइदाका क्षेत्रहरू पहिचान गरेर जनस्तरबाटै हाम्रो प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्नुपर्ने हुन्छ । साफ्टाको फाइदा बेफाइदाका बारे जनता सुसूचित हुनुपर्छ ।


साफ्टा के हो ? साफ्टाबाट नेपालजस्तो मुलुकलाई के फाइदा हुन्छ भन्नेबारे सर्वसाधारणले जनताले बुझ्नु आवश्यक हुन्छ ।

साफ्टा वास्तवमा एउटा यस्तो व्यापारिक अवधारणा हो, जसअन्तर्गत दक्षिण एशियाली मुलुकहरूमा व्यापार तथा सेवाहरू एक अर्को देशका बजारमा बिनारोकतोक किनबेच गरिन्छ । यस सन्दर्भमा नेपालले पनि आफूले फाइदा लिनसक्ने वस्तु तथा सेवाहरूमा बेलैमा जोड दिइएमा भोलिका दिनहरूमा दक्षिण एसियाली बजारमा आफ्नो गुणस्तरीय सामान सजिलै बिक्री गरी आर्थिक उन्नति पनि गर्नसक्छ । त्यसो नगरेमा आफ्ना भएका उद्योग व्यवसायहरू पनि भटाभट ढल्न सक्छन् ।

साफ्टाका बारेमा आफ्ना पाठकहरूसमक्ष यिनै कुराहरू पुऱ्याउन यसै विषयलाई लिएर **'मूल्यांकन मासिक'**ले गत पुस १० गते यस क्षेत्रका विशेषज्ञहरूसँग एक अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेको थियो ।

खुलाव्यापार क्षेत्रमा प्रवेश गरेपछि त्यसको फाइदा बेफाइदाको परिणाम अन्ततः नेपाली जनताले नै भोग्नुपर्छ । सिंहदरवारका प्रशासकहरू, नीति-निर्माताहरू, दातृसंस्थाका सल्लाहकारहरू वा मुट्ठीभरका केही व्यापारीहरूलाई आर्थिक पक्षको नकारात्मक परिणाम त्यति भोग्नु नपर्ला । त्यसैले साफ्टा खुल्ला व्यापार प्रावधानबाट नेपालजस्तो अति कम विकसित मुलुकले कसरी फाइदा उठाउने भन्ने कुरामा समयमै ध्यान नदिइएमा साफ्टा वास्तवमा समस्याको रूपमा विकास नहोला भन्न सकिंदैन । सन् १९९५ बाट यस क्षेत्रमा सौविध्य प्राप्त व्यापार प्रणाली (SAPTA) लागु भयो, तर नेपालको फाइदाको कुरा गर्ने हो भने हात लाग्यो शून्य । करिव ५४०० भन्दा बढी सामानहरूले सौविध्य प्राप्त सामानको रूपमा पहिचान प्राप्त गरेतापनि व्यापार हुने वस्तुको संख्या ज्यादै कम छ । यसरी हेर्ने हो भने प्रश्न उठ्छ- के 'साफ्टा' पनि त्यस्तै हुने त होइन ? नेपालसँग के त्यस्तो वस्तु छ, जसको व्यापार गरेर उसले फाइदा लिन सकोस् ?

ठीकै छ, नेपालजस्तो मुलुकले तुरुन्तै उसका सबै वस्तुहरूमा शुन्य भन्सार शूल्क लगाउनु नपर्ला, तर ५-१० वर्षभित्रमा खुलाव्यापार प्रणालीअन्तर्गत शुन्य भन्सार दरमा झर्नु त पर्छ नै । त्यसो गर्दा आयात भन्सार महशूलमा आधारित हाम्रो राजश्व धेरै घट्न सक्छ । त्यसपछि हामीसँग के उपाय हुनसक्छ ? के हामी हाम्रा उद्योगहरूलाई त्यो हदसम्म लान सक्छौं ? ५-१० वर्षमै के हामी छिमेकी मुलुकका वस्तु तथा सेवाहरूसँग


दीपेन्द्रबहादुर क्षेत्री

त्यस कार्यक्रममा नेपाल राष्ट्र बैंक, वैदेशिक व्यापार शाखाका प्रमुख **दीपेन्द्रबहादुर क्षेत्री**ले आफ्नो कार्यपत्र प्रस्तुत गर्दै भन्नुभयो- दक्षिण एशियाली मुलुकहरूको आर्थिक सहयोग लगायतका सम्बन्ध सुमधुर राख्न सन् १९८५ मा दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन 'सार्क'को गठन भएको थियो । आर्थिक सहयोग वृद्धिको माध्यम 'व्यापार'लाई उपयोग गर्ने हिसाबले सार्कका सदस्य राष्ट्रहरूले 'दक्षिण एशियाली सौविध्य व्यापार व्यवस्था', साप्टा (SAPTA) को स्थापनाका लागि ११ अप्रिल १९९३ मा दस्तखत गरे । तर यो व्यवस्था व्यवहारमा उतार्न भने अर्को दुई वर्ष लाग्यो । सन् १९९५ डिसेम्बर ७ मा 'साप्टा' कार्यान्वयनमा ल्याउने काम भयो ।

भू-परिवेष्ठित देश नेपाल र भूटान, जलपरिवेष्ठित श्रीलंका र माल्दिभ्सका साथै पूर्व ब्रिटिश उपनिवेशअन्तर्गत एउटा राज्यमा रहेका तर कालखण्डामा तीन राज्यमा खण्डित भएका भारत, पाकिस्तान र बंगलादेशका समस्याहरू सार्क क्षेत्रमा जटिल मानिन्छन् । तैपनि साप्टाको गठन भैसकेपछि सदस्य राष्ट्रहरूले व्यापारका लागि जम्मा २२६ वस्तुहरूमा आपसमा शुल्क छुटको व्यवस्था गरे । सबैभन्दा बढी वस्तुहरूमा शुल्क छुट दिने बाचा गरेको भारतले जम्मा १०६ वस्तुलाई छुटको निम्ति किटान गऱ्यो । पाकिस्तानले ३५, श्रीलंकाले ३१, माल्दिभ्सले १७, नेपालले १४, बंगलादेशले १२ र भूटानले

११ वस्तुहरू किटान गरे । शुल्क छुट शतप्रतिशत गरिएका वस्तुहरूमध्ये रासायनिक मल पनि पर्दछ, जुन ज्यादै महत्वको मानिन्छ । तर, छूट घोषणा गरिएका अधिकांश वस्तुहरू ब्यापारमा चल्तीमा नआउने खालका परेकाले SAPTA बाट आशा गरेजत्तिको क्षेत्रीय ब्यापार फष्टाएन ।

यसै अवधिमा विश्वको अर्को कुनामा विश्व ब्यापार संगठन (WTO) को गठन गर्न ल्याटिन अमेरिकी देश उरूग्वेमा ब्यापारका बहुपक्षीय नीति नियमबारे छलफल चलिरहेको थियो । ब्यापारमा उदारता ल्याउन 'राष्ट्रिय मान्यता प्रदान गर्नुपर्ने एउटा देशको वस्तुले पाएको सहुलियत सबैलाई दिनुपर्ने, अति सौविध्य राष्ट्र (Most Favoured Nation) र शुल्कका माध्यमबाट मात्र ब्यापार प्रवर्द्धन गर्नुपर्ने, गैर शुल्क बन्देज (Non tariffe barrier) ( परिमाणात्मक बन्देज, गुणस्तरको अड्को थाप्ने जस्ता) लगाउन नपाउने व्यवस्था WTO मा भएकाले साप्टालाई पनि त्यो मोहले छोयो । फलस्वरूप माल्दिभ्सको मालेमा भएको सार्क शिखर सम्मेलनले साप्टा मात्र होइन, अब दक्षिण एशियाली स्वतन्त्र ब्यापार व्यवस्था (SAFTA) शुरू गर्ने र सन २००१ सम्ममा त्यो व्यवस्था लागु गर्ने निधो गऱ्यो ।

साफ्टाले सदस्य राष्ट्रहरूमा पाइने साधन र श्रोतको अधिकतम उपयोग गर्न सक्ने, आर्थिक उन्नति, बैदेशिक सहयोग (AID) को माध्यमबाट भन्दा ब्यापार (TRADE) को माध्यमबाट हुनसक्छ भनेर महसूस गर्ने, साझा ब्यापारबाट भविष्यमा यूरोपेली युनियनमा जस्तै मुद्रा एकीकरणसम्म पनि पुऱ्याउन सकिने, भू-आर्थिक (geo-economic) अवस्थाले आर्थिक दायरा नाघेर रणनैतिक सहकार्य (Strategic Alliance) प्रवर्द्धन गर्न र अन्ततः क्षेत्रीय आर्थिक सहयोगद्वारा क्षेत्रीय सुरक्षालाई सुदृढ गर्न सकिने कुरा SAFTA अवधारणा अन्तर्गत राखियो ।

साफ्टा अहिलेसम्म पनि लागु भैसकेको छैन । साँचो बोल्नुपर्दा यो ११ औं सार्क शिखर सम्मेलनको गर्भमा छ । हालसम्म साफ्टामा जाने भन्ने धारणा मात्र राखिएको छ, तर कुन पद्धतिबाट कति समयमा साफ्टा लागु गर्ने भन्ने विस्तृत ब्याख्या र कार्यक्रम सन् २००२ को अन्तसम्ममा मात्र तय हुनेछ । विश्वास गरौं, क्षेत्रीय सहयोगको लक्ष राखेको सार्कका अगुवाहरूले यस क्षेत्रमा गरीबी र सामाजिक उत्पीडनले सताइएका जनताका लागि आर्थिक उन्नतिको अवसरका रूपमा SAFTA लाई स्वीकार गर्नेछन् ।

परन्तु, स्वतन्त्र ब्यापारकै पनि समस्या छन् । जस्तो कि भारतले श्रीलंकासँग सम्पन्न गरेको 'स्वतन्त्र ब्यापार संझौता'ले 'नकारात्मक सूची'का वस्तुहरूले त्यो संझौता भरिभराउ भएकाले चिताएजस्तो गति लिन सकेन । चिया र रबर श्रीलंकाका प्रमुख निर्यातका वस्तुहरू हुन् । भारतले राखेको नकारात्मक सूची अन्तर्गत तिनै वस्तुहरू भारतमा निर्यात हुन नसक्ने भए । कारण, भारतका उद्यमी ब्यापारीले ती वस्तुमा आफ्नो आन्तरिक बजार तहसनहस भएको बताएपछि ती वस्तुहरू नकारात्मक सूचीमा परे ।

ठीक त्यस्तै, नेपालसँगको भारतको ब्यापार सन्धि एक अर्कालाई समान रूपले सहुलियत दिनु नपर्ने (Non reciprocity) शर्तका आधारमा भएपनि सन्धिअनुसार नेपाली वस्तुले भारतमा पहुँच पाउने व्यवस्था पनि खतरामा परेको छ । सन्धिअनुसार यी वस्तु नेपालले निर्यात गर्नु कानूनी भएपनि वनस्पति घ्यू, तामाको तार, पोलिस्टर कपडा र जी.आई पाइप लगायतका वस्तुहरूले भारतको आन्तरिक उत्पादनलाई दखल दियो भन्ने निहुँ थापेर भारतले ब्यापार सन्धिमा व्यवस्था भएबाहेकको ५० प्रतिशत मूल्य अभिबृद्धि लगाउने वा लागतभन्दा न्यून मूल्यमा बिक्री गर्ने जमर्को गरेको भनी Anti dumping शुल्क लगाउने भएको छ । त्यसैले, ब्यापार सन्धिको म्याद सकिएपछि पनि नयाँ ब्यापार सन्धि सम्पन्न नभई तीन महिनाको म्याद थपिएको छ । यसबाट स्तन्त्र ब्यापारको सन्धि भइहाले पनि आर्थिक वा अन्य कुनै कारणले बलवान मुलुकले निमुखालाई निचोर्छन् भन्ने सावित हुन्छ ।

त्यसो त सार्क क्षेत्रमा भारतको स्थान सबभन्दा बलवान देखिन्छ । तालिकामा दिइएका आर्थिक सूचकका अतिरिक्त स्वतन्त्र ब्यापारका लागि भारतलाई अन्य मुलुक र क्षेत्रीय संगठनहरूबाट प्राप्त निम्तोबाट पनि यसबारे यथेष्ट प्रमाण मिल्दछ । न्यूजिल्याण्ड, दक्षिण अफ्रिका, सिंगापुर र ओमनले भारतसँग स्वतन्त्र ब्यापार संझौता गर्ने आशय प्रकट गरेका छन् । बंगलादेश, भारत, श्रीलंका, म्यानमार र थाईल्याण्ड सम्मिलित आर्थिक सहयोग संझौतामा (जसमा नेपाल पर्यवेक्षक छ) भारतको प्रभुत्व छ । एशिया प्रशान्त क्षेत्रीय आर्थिक सहयोगमा पनि भारत सामेल छ भने दक्षिण पूर्वी एशियाली राष्ट्रहरूको संगठन (ASEAN) मा क्षेत्रीय वार्ता सहकर्मी (dialogue partner)

## साफ्टालाई लाभदायी बनाउने हो भने...

- नेपालले आफ्नो कृषि-जलवायु स्थितिको विशिष्टतामाथि ध्यान पुऱ्याएर यहाँ तुलनात्मक रूपले सस्तो मूल्यमा उत्पादन र प्रशोधन हुनसक्ने खास-खास वस्तुको निर्यातमा अहिलेदेखि नै फोकास् गर्न थाल्नुपर्छ ।
- खास-खास फलफूल, जडीबूटी, तरकारी, फूल (अर्किड), चिया, ऊनी गलैंचा, सुन-चाँदीका गहना, कृषिजन्य, वनजन्य तैयारी मालको निर्यातमा नेपालले फोकस् गर्नुपर्दछ ।
- उच्च शीपयुक्त दक्ष जनशक्तिको उत्पादन गर्ने किसिमको शिक्षा-प्रणाली देशमा लागु गर्नुपर्दछ । अहिलेको शिक्षा-प्रणालीमा आमूल हेरफेर गर्नुपर्दछ ।
- निर्यात गरिने वस्तुको उच्च गुणस्तर, नियमित आपूर्ति र पर्याप्तताको ग्यारेन्टी गर्ने अनुसन्धान र विकास तथा परीक्षण र अनुगमन गर्ने प्रणाली विकास गर्ने अहिलेदेखि नै ध्यान दिनुपर्दछ ।
- पर्यटन, स्वास्थ्य सेवा, संचार प्रविधि र शिक्षा : यी चारवटा क्षेत्रमा नेपालले काफी विकास गरेर सेवा बिक्री गर्ने प्रशस्त संभावना छ । यसमा दीर्घकालीन विकास योजना बनाउन थाल्नु जरूरी छ ।
- सार्क राष्ट्रहरूमध्ये खास वस्तुको उत्पादन र प्रशोधनका लागि कृषि-जलवायु स्थिति, प्रविधि र दक्ष सस्तो जनशक्तिका कारणले जसको उत्कृष्टता छ, त्यसलाई निर्दिष्टताको निम्ति अरूले ठाउँ छोडीदिने हिसाबले सार्कका अन्य राष्ट्रहरू प्रतिस्पर्धी बन्नबाट बिस्तारै हट्ने प्रणाली विकास गर्नुपऱ्यो । जस्तो- चिया र तैयारी पोशाकमा श्रीलंका, भारत, बंगलादेश, नेपाल चारैवटा देशले किन फोकस् गर्ने ? गलैंचा भारत र नेपाल दुवैले किन उत्पादन गर्ने ?

❑ दीपेन्द्रबहादुर क्षेत्री




अन्तर्क्रिया सम्पन्न हुँदाको एक दृश्य फोटो : नरेश श्रेष्ठ

का रूपमा भारतलाई लिइएको छ, जब कि चीन र रूस परामर्शको स्तरमा मात्र सीमित छन् । त्यसैले सार्कसम्बन्धी अन्तर्राष्ट्रिय स्तरको काठमाण्डौमा भएको छलफलमा सहभागी विद्वानहरूले भारतलाई आफ्ना क्षेत्रीय संगठनका सदस्य राष्ट्रहरूसँग सहकार्य गर्दा दादा (big brother) होइन, 'जेठो दाज्यू (elder brother) को व्यवहार गर्न अनुरोध गरेका थिए ।

## भारतको प्रभाव आर्थिक स्वरूपका आधारमा

*रकम अमेरिकी डलरमा (करोडमा)*

| कस्को | निर्यात | आयात | जनसंख्या | गार्हस्थ उत्पादन |
|---|---|---|---|---|
| विश्वको | ६३५०१० | ६५५०७२ | ६०५.४ | ३१३३६८९ |
| सार्क क्षेत्र | ६३४० | ७८१७ | १३३ | ६११६४ |
| नेपाल | ७९.५ | १५९ | २.४ | ५४५ |
| भारत | ४२३६ | ४९८३ | १०२ | ४७९४० |
| सार्कमा भारतीय अंश | ६६.८% | ६३.७ % | ७६.७% | ७८.४% |

*स्रोत : विश्व विकास प्रतिवेदन २००२, विश्व बैंक*

यो तालिका नियाल्दा सार्क क्षेत्रमा भारतको व्यापारले दुई तिहाई अंश र जनसंख्या र ग्रार्हस्थ उत्पादनमा तीन चौथाई भन्दा बढी अंश ओगटेको प्रष्टै देखिन्छ ।

सार्क क्षेत्रमा आर्थिक सहयोगका समस्याहरू हेर्दा सार्क क्षेत्रका मुलुकहरूको आर्थिक, सामाजिक विविधता रहेको छ । व्यापारका वस्तुहरूमा समान वस्तुहरू पर्न जाँदा यदाकदा प्रतिस्पर्धा अस्वस्थ्य हुने गर्छ । सार्कको आर्थिक-व्यापारिक गतिविधिमा प्रतिकूलता उत्पन्न हुने गरेको छ । सदस्य राष्ट्रहरूबीच राजनैतिक, समाजिक, धार्मिक खिचातानीले व्यापार सम्बन्धलाई पनि प्रतिकूल असर पारेको छ । सदस्य मुलुकहरूको आर्थिक विकासको स्तर र प्रविधिको उन्नतिका आधारमा छुट्टाछुट्टै व्यवस्था हालसम्म नहुनु र भू-परिवेष्ठित मुलुकहरूका लागि विशेष व्यवस्था नहुनु पनि सार्क क्षेत्रको व्यापारको समस्याका रूपमा रहेका छन् । सार्कलाई सरकारी नोकरशाहहरूको दायरामा मात्र राख्दा पर्न आउने समस्याहरूलाई दृष्टिगत गर्दा गैरसरकारी वा नागरिक समाजको सक्रियतालाई बढावा दिनुपर्छ । हाल सार्क क्षेत्रीय च्याम्बर अफ कमर्स एण्ड ईण्डष्ट्री मात्र यस दिशामा सक्रिय रहेको पाइन्छ ।

माथि लेखिएका समस्याहरूको उचित समाधानका लागि नेपालले मुलुकभित्र निर्यातयोग्य वस्तुहरूको पहिचान गरी विकसित गर्न सक्नुपर्दछ । सेवा क्षेत्र, कृषिमा आधारित वस्तुहरू र बन जंगलमा आधारित वस्तुहरू र नेपालको विशाल जैविक विविधता क्षेत्रीय व्यापारमा नेपालले फाइदा लिनसक्ने आशाका केन्द्र हुन् । त्यसका अतिरिक्त जनशक्तिलाई उत्पादनमूलक बनाउन शिक्षा क्षेत्रमा व्यापक परिवर्तन गर्न जरूरी छ । यसो गर्न नसके सेवा क्षेत्रमा नेपालले लिनसक्ने फाइदाको संभावना पनि सीमित हुन जान सक्दछ । गरीबी र बेरोजगारीबाट पीडित नेपाली र संधै भिखको अर्चना गर्नुपर्ने नेपालले साफ्टालाई आत्मसात गरी फाइदा लिन सकिन्छ भनेर अग्रपंक्तिमा वकालत गर्दै आएको छ । तर विगत र वर्तमानमा जस्तै ऋण थुपार्ने र सदुपयोगितातिर ध्यान नदिने, इमान्दारिता नदेखाउने हो भने साफ्टा बरदान होइन राष्ट्र र राष्ट्रियतालाई खतरा र जनताका लागि थप बोझयुक्त पनि हुनसक्छ । त्यसैले, गर्भमा रहेको साफ्टालाई 'कंश' बनाउने वा 'कृष्ण' बनाउने ? नेपाली नीति-निर्माता र उद्यमी व्यवसायीको इमान्दारितापूर्ण सहकार्यमा भर पर्छ भन्न सकिन्छ ।

**छलफल**का क्रममा **पद्म ज्योति**, उपाध्यक्ष सार्क चेम्बर अफ कमर्सले साप्टा (SAPTA) को परिचालन भएपछि पनि यसले खासै आर्थिक गतिविधि बढाउन नसकेको कुरा उल्लेख गर्नुभयो ।



पद्म ज्योति

"साप्टाले व्यापारिक हिसाबमा राम्रो रिजल्ट दिएन, खासै व्यापार नहुने सामानको भन्सार महशूल घटाउन आर्थिक क्षेत्रमा पहिलोपटक सातैवटा मुलुक सहमत भए । यसको पनि आफ्नै महत्व छ । क्षेत्रीय संगठनले यसरी आउनुको मतलब एक दिन हामी एक अर्काको बजार लिएर आफ्नो आफ्नो आर्थिक उन्नति गर्छौं भन्ने हो । अरू क्षेत्रमा पनि यही छ । जस्तो ASEAN, EU । नत्र यस्ता क्षेत्रीय संगठनको औचित्य नै हुँदैन । कि त हामीले SAARC नै चाँहिदैन, सार्कको औचित्य छैन भन्न सक्नुपर्‍यो । आर्थिक कुरालाई पर सारेर अगाडि बढ्नु संभव छैन ।

सार्कलाई जिउँदो राख्ने हो भने यस्ता आर्थिक कुरालाई अगाडि बढाउनैपर्छ । पहिले सहयोग गर्ने, पछि एकीकरण (integration) को प्रकृयामा जाने । तर स्वतन्त्र व्यापार भनेपछि हामीजस्ता साना मुलुकको व्यापार खत्तमै हुन्छ, भारतले हस्तक्षेप गर्छ भन्ने चिन्ता हामीलाई मात्र हैन, श्रीलंका र बंगलादेशलाई पनि होला । तर अरू क्षेत्रको अनुभवले के देखाउँछ भने- जस्तो अब भारतले जे गर्छ, त्यसैमा प्रतिस्पर्धा गर्ने हो भने त हाम्रो हालत झन् खतम हुन्छ, नत्र हामीले फाइदा हुने क्षेत्रतर्फ अहिलेदेखि नै जोड दिई अगाडि बढ्नुपर्छ । जस्तो आयरल्याण्ड, पोर्चुगल, इटालीजस्ता देश शुरूमा कमजोर मुलुकमा गनिन्थे । तर अहिले खुला व्यापारबाट सबैभन्दा बढी फाइदा लिने मुलुकमा पर्छन् । किनकि उनीहरूले आफ्नो फाइदा हुने क्षेत्र पहिल्याएर त्यसैमा जोड दिने नीति अप्नाए । आसियानमा मलेसिया, थाइल्याण्डलाई लिन सकिन्छ । तर सदस्यमात्र भएर स्वतन्त्र व्यापार क्षेत्रमा मात्र गएर फाइदा लिन सकिन्छ भन्ने भरमा हामी



अन्तर्क्रिया फोटो : नरेश श्रेष्ठ

बस्नु हुँदैन, फाइदा लिनका लागि गृहकार्य गरेर केही ठोस कुरा नगरिकन यसबाट फाइदा लिन सक्ने स्थिति छैन ।"

बहसको शुरूमा कार्यक्रम संचालक **श्याम श्रेष्ठको SAFTA बाट फाइदा कसरी लिन सकिएला** भन्ने प्रश्नको जवाफमा उद्योगपति पद्म ज्योतिले भन्नुभयो- "यूरोपेली संघ EU को केसमा आयरल्याण्डले फाइदा लिएजस्तै हामीले आयरल्याण्डबाट धेरै कुरा सिक्न सक्छौं । **हामीले फाइदा लिन सकिने क्षेत्र र वस्तु पहिचान गरेर अहिलेदेखि त्यसैमा फोकस गरी आफ्नो गुणस्तरीय वस्तु बिक्री गर्न सक्नुपर्छ ।** सार्क चेम्बर पनि सार्ककै गतिमा अगाडि बढिरहेको छ । हामीले साझेदारीको भावनालाई अगाडि बढाउनुपर्छ ।" एक पुस्तामा २५ वर्ष हुन्छ । विगत २५ वर्षमा पूर्व एसियाले धेरै उन्नति गऱ्यो, हामी झन् तल गयौं । विभिन्न अध्ययनको आधारमा आउँदा वर्षहरूमा यहाँको जनसंख्या, बजार आदिको कारणले धेरै हदसम्म आर्थिक उन्नति गर्न सकिन्छ भन्ने संभावना देखिएको छ ।

**बहस**को क्रममा सार्कका पूर्व महासचिव **यादवकान्त सिलवालले** यो साफ्टासम्बन्धी कुराको जानकारी सर्वसाधारणमा पनि हुनुपर्ने जोड दिनुभयो । गत अक्टोबरमा फोकल प्वाइन्टको मिटिङ्ग भयो, जसअनुसार साफ्टाको ड्राफ्ट यूरोपेली आर्थिक आयोग (इइसी), नाफ्टा (उत्तर अमेरिकी स्वतन्त्र व्यापार क्षेत्र)को आधारमा तयार गरिएको छ । दक्षिण एसियामा निजी क्षेत्रलाई अगाडि बढ्न ज्यादै गाह्रो छ । हाम्रो समाजको प्रकृति कस्तो छ भने निजी क्षेत्र भनेपछि डाँकाको दृष्टिले हेर्ने । तर नागरिक समाजको प्रवृत्ति बिस्तारै सकारात्मक हुँदैछ । यसले अन्तरसरकारी निकायहरूको आवाज सुन्नुपर्छ । तर जे भए पनि सार्कमा यसको शुरूवातदेखि नै राजनैतिक इच्छाशक्तिले ठूलो काम गरेको छ । कारण के भने सन् १९८५ देखि नै अर्थ र वाणिज्य गतिविधिहरूलाई सार्कले उकासेको छ । वाणिज्य गतिविधि ७-८ प्रतिशत वृद्धि गऱ्यो । जहाँसम्म साप्टाको कुरा छ, सन् १९९३ मा स्वीकार भए पनि सन् १९९५ मा आएर यो कार्यान्वयन भयो । स्वतन्त्र व्यापारको अवधारणा सन् १९९४ मा दिल्लीमा भएको सार्क नेताको सम्मेलनले प्रस्तुत गरेको थियो, जसमा आइ. के. गुजराल पनि हुनुहुन्थ्यो । सन् १९९७ को माले शिखर सम्मेलनमा स्वतन्त्र व्यापारसम्बन्धी कुरा बडो सकारात्मक रूपमा अगाडि बढे पनि कोलम्बो समिटमा यी कुराहरू अगाडि बढ्न सकेन । भारतीय जनता पार्टीले भारतमा शासन चलाएपछि उनीहरूको प्राथमिकतामा केही परिवर्तन आएको छ, जसको प्रतिविम्ब सार्कमा देखिन्छ । स्वतन्त्र व्यापारको विषयमा मान्छेहरूमा यस्तो भ्रम छ- फ्रि ट्रेड भन्नेबित्तिकै सबै भारतले नै फाइदा लिन्छ भने सोचाइ छ । तर वास्तवमा त्यसो होइन । अतिकम विकसित मुलुकहरू जस्तो नेपाल, भुटानलाई साफ्टाको प्रावधान लागू गर्ने सन्दर्भमा केही छुट त भइहाल्छ, फेरि अल्पविकसित मुलुकको राजस्वसम्बन्धी कुरालाई क्षतिपूर्ति गर्न त्यहाँ विशेषत: क्षतिपूर्ति गर्ने प्रणालीको पनि विकास गरिनेछ । साथै त्यस्ता मुलुकका वस्तुहरूलाई केही प्राथमिकता दिने प्रावधान पनि राखिनेछ । यी यावत कुराहरूलाई हेर्दा के लाग्छ भने साफ्टाबाट बेफाइदा हुने कारण देखिंदैन ।

यो ११ औं सार्क शिखर सम्मेलनले पनि यसै कुरामा जोड दिने विश्वास लिन सकिन्छ ।

**छलफल**कै क्रममा उद्योगपति **पद्म ज्योतिले** आफ्नो के धारणा व्यक्त गर्नुभयो भने साफ्टामा दस्तखत हुनासाथ यो लागु भइहाल्ने होइन- सार्क चेम्बरले पनि यसबारेमा छलफल गर्नेछ, जसअनुसार, वस्तुहरूलाई विभिन्न भागमा विभाजन गरिनेछ । जस्तो : प्राथमिक वस्तु, अर्ध तयारी वस्तु र अन्तिम वस्तु । यसअनुसार विभिन्न मुलुकको लागि विभिन्न भन्सार दर कायम गरिनेछ । अति कम विकसित मुलुकको लागि प्राथमिक वस्तुमा २५ प्रतिशत भन्सार, जसलाई ४ वर्षमा शून्यमा ल्याउने र अर्ध तयारीको लागि १२.५ प्रतिशत कायम गरिनेछ ।



यादवकान्त सिलवाल



प्रदिपकुमार श्रेष्ठ



केशव आचार्य

**साफ्टा कसरी लाभदायी हुनुसक्छ** भन्ने प्रश्नमा उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष **प्रदिपकुमार श्रेष्ठले** नेपालजस्ता मुलुकहरू स्वतन्त्र व्यापारबाट हुने अवसर र चुनौतिहरूलाई पहिल्याउनु सक्नुपर्छ भन्नुभयो । "जसरी नाफ्टा (NAFTA) शुरू हुनुभन्दा अगाडि अमेरिकाले यसबाट धेरै फाइदा लिन्छ भन्ने कुरा थियो तर आफ्नो हिसाबले क्यानडा र मेक्सिकोले पनि नाफ्टाबाट धेरै फाइदा लिइरहेका छन् । म यसलाई सानो पोखरीबाट ठूलो पोखरीमा जाँदा बढी ठाउँ प्राप्त हुन्छ र त्यही मात्रामा चुनौति पनि भन्छु । मेक्सिकोको सस्तो श्रम भएजस्तै हामी पनि साफ्टाबाटै त्यस्तो फाइदा लिनसक्छौं । निर्यात व्यापारका लागि हामीले हाम्रो तुलनात्मक फाइदाका क्षेत्रहरू र प्रतिस्पर्धात्मक फाइदाका क्षेत्रहरू पहिचान गरेर त्यसमा विशेष जोड दिन सक्नुपर्छ । फाइदाजनक खास खास वस्तुको उत्पादनको र प्रशोधनको विशिष्टीकरणमा जानुपर्छ । र, वस्तु विशेषमा जोड दिनुपर्छ । यसको लागि राजनैतिक प्रतिबद्धता, नीति-निर्माणकर्ता र निर्णयकर्ताहरूको भूमिका सकारात्मक हुनुपर्छ ।"

**यसै** छलफलकै क्रममा साफ्टाबाट नेपालले फाइदा लिने ठाउँ कहाँ छ भन्ने प्रश्नको जवाफमा **प्रदिपकुमार श्रेष्ठ** भन्नुहुन्छ- "हाम्रो जैविक विविधता, आइ.टी. (संचार प्रविधि), स्वास्थ्यमा आयुर्वेद, जलविद्युतजस्ता क्षेत्रहरूमा नेपालले फाइदा उठाउनसक्छ । अब निर्भरतालाई अन्तरनिर्भरतामा बदल्ने प्रयास गर्नुपर्छ । श्रोत प्रभावकारी रूपमा परिचालन हुनुपर्छ ।

**नेपाल** राष्ट्र बैंकका अर्का अर्थशास्त्री **केशव आचार्यले** साफ्टामा भन्दा पाकिस्तानलगायत केही मुलुकको अन्यत्रै ध्यान केन्द्रित हुने बताउनुभयो । "पाकिस्तानको बजार भनेको अन्य इस्लामिक मुलुकहरूको हो । भारतको प्रभाव कम गर्न पनि साफ्टामा पाकिस्तानको सक्रिय भूमिका आवश्यक छ । साथै व्यापारिक घाटा कम गर्न सटही व्यापारको प्रावधान हुनुपर्छ । र, व्यापारिक घाटाको 'म्याग्नीच्यूड'लाई कम गर्न व्यापारिक बचत (TRADE SURPLUS) हुने मुलुकले घाटा हुने मुलुकबाट सामान खरिद गर्ने प्रावधान हुनुपर्छ ।"

**केशव आचार्य**को विचारमा हाम्रो मुलुकमा हरित क्रान्तिले पनि निर्यातमा प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्न सघाउ पुऱ्याउने विश्वास लिन सकिन्छ । भारतले कृषि अनुदान दिने, नेपालमा हटाउने, अनि कसरी हाम्रो कृषिक्षेत्र प्रतिस्पर्धात्मक हुन्छ ? हामीले पनि अनुदान दिएर भएपनि कृषि उत्पादन र कृषिजन्य उद्योगलाई जोड दिनुपर्छ । भरे हामीले SAFTA मा निर्यात गर्नसक्ने खास वस्तु कृषिजन्य तैयारी माल नै हुन्छ ।

**छलफल**कै क्रममा **प्रा. गुणनिधि शर्माले** साफ्टा वा डब्लूटिओबारे जनचेतना अभिवृद्धि गर्नुपर्ने कुरामा जोड दिनुभयो । अहिलेको आवश्यकता भनेको व्यापारबाट फाइदा लिनु हो ।

वास्तवमा साप्टा र साफ्टा (SAPTA & SAFTA) एक अर्काका परिपूरक नै हुन् । साफ्टा शतप्रतिशत सौविध्यप्राप्त व्यापार हो भने साप्टा त्योभन्दा कम प्रतिशतको सौविध्य प्राप्त व्यापार हो । वास्तवमा SAFTA बाट नेपालले फाइदा लिन सक्ने ठाउँ थुप्रै छ । पहिलो, त द्विपक्षीय मुद्दालाई बहुपक्षीय (MULTILATERISM)



प्रा. गुणनिधि शर्मा



प्रा. चैतन्य मिश्र

मा लान सकिन्छ । दोस्रो, अहिलेको सन्दर्भमा नेपाललाई आफ्नो ट्यारिफ रेट पनि बढी घटाउनु पर्दैन जबकि अन्य मुलुकको हकमा लगभग ५० प्रतिशतले ट्यारिफ दर कम गर्नुपर्छ ।

साफ्टामा जाँदा स्वभाविक रूपमा केही चुनौतिहरू त हामीले सामना गर्नैपर्छ । जस्तो- यसले समाजका विभिन्न जीवनस्तरका व्यक्तिहरूलाई प्रत्यक्ष रूपमा प्रभाव पार्छ । अर्कोकुरा, यसको सम्पूर्ण फर्म्याटिङ्ग (बनोट ढाँचा) नव शास्त्रीय मोडलमा आधारित छ । यस मोडेलले आय-असमानता सृजना गर्छ । र, धनी गरिबबीच तीव्र विभाजन गर्छ ।

फेरि, व्यापारको क्षेत्र पनि धेरै चुनौतिपूर्ण छ । कारण नियम-कानूनमा परिवर्तन, मापदण्ड निर्धारण आदिले समस्या खडा गर्ने देखिन्छ ।

यस सन्दर्भमा **प्रा. शर्मा** थप भन्नुहुन्छ- "उत्पादन क्षमता, उत्पादन लागत र गुणस्तरमा जोड दिनुपर्छ, जसको लागि छुट्टाछुट्टै योजना र प्याकेज ल्याइनुपर्छ ।"

**प्रा. शर्मा** जो एघारौं सार्कको आर्थिक परिषद्को सल्लाहकार पनि हुनुहुन्छ- उहाँ साफ्टाबाट नेपालले फाइदा लिने हो भने अहिलेदेखि नै यसका वित्तीय नीति, मौद्रिक नीति आदिमा सुधार गर्नुपर्ने कुरा औंल्याउनुहुन्छ । अनुसन्धान र विकासलाई जोड नदिइकन साफ्टाबाट फाइदा लिन्छु भन्नु असंभवजस्तै हो । अहिलेको हाम्रो श्रम नीति, बाणिज्य नीतिलाई सन् १९५० को सन्धीले घाँटी समात्छ नत्र 'कोडाक' नेपालबाट भाग्नुपर्ने थिएन । यस सम्बन्धमा हाम्रो नीति स्पष्ट हुनुपर्छ नत्र नेपालले फाइदा लिन सक्दैन ।

**छलफल**कै क्रममा **प्रा. चैतन्य मिश्र**ले भन्नुभयो : नेपालजस्ता मुलुकले साफ्टाबाट धेरै फाइदा लिनसक्ने कुरा यहाँ मित्रहरूले बताउनुभयो । साफ्टामा जानुभन्दा अगाडि राजनैतिक र सुरक्षाको कुरालाई ध्यान दिनुपर्ला कि ?

सुरक्षा र मिलिटरी बडीले साफ्टा सफल असफल हुन ठूलो सहयोग पुऱ्याउँछ । वार्ता र विश्वास जित्ने (confidence building) कुरालाई अगाडि बढाउनुपर्छ । साफ्टालाई जनस्तरमै लानुपर्छ । यो खालि आर्थिक अभ्यासमात्र नभएर राजनैतिक अभ्यास पनि हो । तर नेपालजस्तो मुलुकले खालि वस्तु निर्यातमा मात्र सीमित नरहेर संचार प्रविधिजस्ता क्षेत्रमा पनि अगाडि बढ्नुपर्छ ।

**प्रा. मिश्र**कै भनाइलाई जोड दिँदै **दीपेन्द्र क्षेत्री**ले नेपालजस्तो मुलुकले कृषि क्षेत्रको अलावा अन्य क्षेत्रमा पनि आफ्नो प्रतिस्पर्धी क्षमता वृद्धि गर्दै लानुपर्ने कुरा गर्नुभयो । तर दक्ष जनशक्तिको अभिवृद्धि गर्न हाम्रो शिक्षा प्रणालीमा परिमार्जन नगरी नहुने कुरा पनि औंल्याउनुभयो ।

उद्योगपति **पद्म ज्योति**ले SAFTA लागू भएपछि भन्सार महशूल न्यून भएर राजस्वमा जुन कमी आउँछ, त्यो VAT र आयकरको बृद्धिले पूरा गर्नसक्छ भन्नुभयो ।

**साफ्टा अगाडि बढ्न नसक्नुका अवरोधहरू के के हुनसक्छ** भन्ने प्रश्नको जवाफमा वक्ताहरूले भन्नुभयो- "पूर्वाधार खडा गर्नु, मापदण्ड तोकिनु र द्विपक्षीय सन्धिका प्रावधानबारे केही समस्याहरू खडा हुनसक्छन् तर सातै मुलुकका प्रतिनिधिहरूले यसबारे गम्भीर रूपमा छलफल गरेर साफ्टाका समस्याहरू हटाउँदै जाने प्रयास गर्नुपर्छ ।" छलफलमा सबै वक्ताहरूले साफ्टा आजको आवश्यकता भएको कुरा औंल्याउनुभएको थियो ।"

❑❑

बाल पत्रिका
प्रतिभा



चाँडै प्रकाशित हुँदैछ

❖ तपाई 'प्रतिभा'का लागि रचना लेखेर पठाउन चाहनुहुन्छ भने-

- बाल-बालिकाहरूलाई कामलाग्ने कथा, कविता, गीत, नाटक, चित्र, चुट्किला, गाउँखाने कथा, लेख, संस्मरण आदि जे लेखेर पठाउनु भएपनि हामी स्वागत गर्दछौं ।
- आफ्नो अध्ययन र भ्रमणको बारेमा, आफू वरिपरि भइरहेका घटनाहरूको बारेमा, स्कूलको बारेमा, पढाइ र परीक्षाको बारेमा, आफ्ना साथीभाइ र शिक्षक-शिक्षिकाहरूको बारेमा, आफ्नो गाउँ-शहरको समाज अनि देश-विदेशका घटनाहरूको बारेमा लेखेर पठाउनु भए हामी उचित ठाउँ दिनेछौं ।



आफ्ना दुःख-सुखहरू आफ्ना समस्या र संघर्षहरू सबै नेपालीहरूबीच साटासाट गर्न चाहनुहुन्छ भने प्रतिभा सबै बाल-बालिकाको असल साथी बन्न तयार छ ।

© अन्तर्क्रिया प्रकाशन प्रा.लि.




# परिवर्तनका संकेतहरू

- प्रत्यूष वन्त

मिडियाको विकास र सामाजिक परिवर्तनबारे नेपाली बौद्धिक संसारमा मिहिन खालको छलफल विरलै चल्ने गर्छ । हामी विभिन्न किसिमका थोक निर्णय दिन खप्पिस छौं, तर हाम्रैअगाडि भइरहेको मिडियाको विकास र हाम्रो समाजमा आइरहेको परिवर्तनबारे मसिना कुराहरूसहित विश्लेषण गर्ने मामलामा हामी अल्छी छौं । त्यो अल्छीपनालाई जित्ने क्रममा गएका चार-पाँच वर्षमा काठमाण्डौले भोगेको/सुनेको राज्यइतर स्वामित्वका रेडियो स्टेशनहरूको विकासबारे यहाँ एक किसिमको विश्लेषण गरिएको छ ।

काठमाण्डौ उपत्यकामा रेडियो नेपालबाहेक अरू नेपाली रेडियो बज्न थालेको पाँच वर्ष हुन लाग्यो । रेडियो सगरमाथाबाट सन् १९९७ मा शुरू भएको यो अभ्यासमा आज ७/८ वटा छुट्टाछुट्टै एफ्.एम्. रेडियो स्टेनशनहरू सम्मिलित छन् । यिनीहरूको सहप्रसारणले काठमाण्डौले के पायो त ? कम्तिमा सात कुराहरू पायो जस्तो लाग्छ ।

पहिलो, एफ.एम. रेडियोले रेडियोबाट उपलब्ध हुने समाचारहरूको मात्रालाई बढाएको छ । लाइसेन्समा लगाइएको बन्देजको कारणले यी स्टेशनहरूले स्वतन्त्र 'समाचार' बुलेटिन नै प्रसारण गर्न नपाए पनि 'हालचाल', 'डायरी' इत्यादि नामका कार्यक्रमअन्तर्गत यिनीहरूले समाचार प्रसारण गरिरहेका छन् । देशको राजनैतिक समाचारको लागि पत्रपत्रिकामा आधारित भए पनि अरू समाचारहरू आफैं पनि निर्माण गर्छन् यी रेडियोहरू । आर्थिक कृयाकलाप, खेलकूद, साहित्य, संस्थागत कार्यक्रमहरू, कला प्रदर्शनी तथा अरू घटनाहरूबारे समाचार प्रसारण गरिन्छ । सामुदायिक प्रयासहरू, स्कूल/कलेजका समाचार पनि आउने गर्छन् । 'गैर-राजनैतिक' समाचार प्रसारण गर्न बाध्य पारिंदा यी रेडियोहरूले 'समाचार'को नेपाली अभ्यासलाई नै नयाँ परिवेशहरू समेटिने गरी तन्काएका छन् ।

दोस्रो, एफ्.एम्. रेडियोले दैनिक आवश्यक सूचनाको मात्रा बृद्धि गरेको छ । विशेष घटनाहरू, ट्राफिकको स्थिति, मौसमको जानकारी, बस र हवाईजहाजका तालिकाहरू, तरकारी र फलफूलका भाउ, वायु प्रदूषणका रिपोर्टहरू, स्वास्थ्यसम्बन्धी जानकारी र राशिफल (तिनमा विश्वास गर्नेहरूको लागि) जस्ता कुराको जानकारी रेडियोबाट शहरी समाजले पाउन थालेको छ । सरकारी रेडियोभन्दा भिन्न ढंगले चुनाव, धार्मिक मेला वा राष्ट्रिय पर्वहरूको 'लाइभ' रिपोर्टिङ्ग पनि हुने गरेको छ यी रेडियोहरूबाट ।

तेस्रो, एफ्.एम्. रेडियोले ज्ञानको वितरण रेडियो तरङ्गमार्फत् नयाँ ढंगले गर्न थालेको छ । यो काम श्रोताहरूको विभिन्न कुरा जान्ने चाहनालाई ध्यानमा राखी गरिएको छ । पेशागत जानकारी, संगीत, चलचित्र, नाटक, खेलकूद, भाषा, साहित्य, स्वास्थ्य, मानिसका अन्य रूचिहरूबारे रेडियोमा विभिन्न कार्यक्रमहरूमा केही न केही संप्रेषित भइरहेको हुन्छ । प्रश्नउत्तर, गफ वा सांगीतिक कार्यक्रममार्फत् यो काम भइरहको छ । 'ज्ञान' भनिएको सूचना सामग्रीमध्ये कतिपय त हल्काफुल्का कुरा हुन्, तर त्यो पनि रेडियो तरङ्गमा आइरहेको प्रजातन्त्रीकरणको एक खुड्किला हो ।

चौथो, एफ्.एम्. रेडियोले तरङ्ग माध्यममा उपलब्ध सामाजिक विश्लेषणको मात्रा बढाएको छ, त्यो पनि रेडियो नेपालमा पहिले उपलब्ध नै नभएका कार्यक्रमका 'फर्म्याट'हरूमा । एकल टिप्पणीको रूपमा ऋतुराज, चट्याङ्ग मास्टर, डि.पी. भण्डारी, भैरव रिसाल, बसन्त लोहनीजस्ता चीरपरिचत विश्लेषकहरूको आवाजमात्र होइन, पहिले नचिनेका मानिसहरूको विश्लेषण पनि 'मम्स् पप'को रूपमा हामीले सुन्न पाइरहेका छौं । वार्ताको रूपमा अन्तर्वार्ता, छलफल, फोन इन कार्यक्रम प्रसारण भइरहेका छन् । यस्ता कार्यक्रममा चिठ्ठीपत्र वा फ्याक्स वा इमेलमार्फत् पनि अरू श्रोताहरूको संलग्नता भइरहेको छ । फिचर रिपोर्टिङ्गमा पनि सामाजिक विश्लेषण भइरहेको छ । एफ्.एम्. रेडियोमा अहिले बजिरहेका कतिपय विषयहरू रेडियो नेपालमात्र हुँदा काठमाण्डौबासीहरूले रेडियोमा कहिले पनि सुन्न पाएका थिएनन् । कति कार्यक्रममा रेडियो नेपालमा असम्भव हुने आलोचनात्मक प्रवृत्तिसहितको सामाजिक विश्लेषणहरूसमेत परिरहेको छ । नेपाली र नेपाल भाषा (नेवारी)मा यो भइरहेको छ । अलिकति तामाङ्ग भाषामा पनि होला, तर त्यसको सोभै जानकारी मसँग छैन ।

> अन्यथा एफ्.एम्. रेडियोहरू माया गाँस्ने तन्नेरीहरूको लागि 'लमी' बने भन्ने खालका निरर्थक आलोचनाहरूमात्र दोहोऱ्याउन हामी विवश हुनेछौं

पाँचौं, एफ्.एम्. रेडियोमा सरकारी पक्षधरहरू वा राजनैतिक पार्टीका वक्ताहरूसँग भएका कुराकानीमार्फत् हाम्रो शासनपद्धतिका विभिन्न खोटहरू, कुशासनका नमूनाहरूबारे हाम्रो ज्ञानभण्डारमा बृद्धि भएको छ । त्यसैगरी रेडियोले विभिन्न विधाका विशेषज्ञहरूसँग कुराकानी गरी थोरै हदसम्म भएपनि विशिष्ट ज्ञानका स्रोतहरूलाई प्रजातान्त्रिक हुन घचघच्याएको छ ।

छैठौं, एफ्.एम्. रेडियोले हाम्रो सामाजिक इतिहासको भण्डारलाई मौखिक इतिहासका कार्यक्रममार्फत् समृद्ध बनाउन पनि मद्दत पुऱ्याएको छ । सामाजिक हिसाबले 'ठूला' मानिसहरूको जीवनगाथादेखि 'साना' मानिसहरूको आवाज र जिन्दगी वा पेशाको 'प्रोफाइल' बजाउने काम समेत यी रेडियोले गरेका छन् । साथसाथै व्यक्तिगत जीवनका आख्यानहरू पनि चिठी साहित्यको रूपमा प्रासारित भइरहेका छन् ।

सातौं, एफ्.एम्. रेडियोले काठमाण्डौको समाजमा विभिन्न थरिका मिडियाहरूबीच हुने सह-उद्वतीकरण र सह-उपयोगको मात्रालाई बढाएको छ । समाचारपत्रहरू रेडियोमा पढिने काममात्र होइन, रेडियोले दिन थालेको सामुदायिक हालचालले समाचारपत्रहरूको पेजमा देखिने सामाग्रीमा पनि केही प्रभाव पार्न थालेको छ । रेडियो कार्यक्रममा संयोजकहरूले इन्टरनेटका सामग्रीहरू पनि रेडियोबाट प्रसारण गर्ने र रेडियोका कार्यक्रमहरू पनि इन्टरनेटमा उपलब्ध हुने प्रक्रिया बढ्दो छ ।

यी सात कुरामात्र एफ्.एम्. रेडियोले काठमाण्डौको समाजमा ल्याएका परिवर्तन हुन् भन्ने जिद्दी म गर्दिन । मैले देखाएका यी कुराहरू त परिवर्तन प्रवृत्तिका संकेत मात्र हुन् । तिनको मननबाट काठमाण्डौमा बन्दै गइरहेको एक नयाँ किसिमको पब्लिक संस्कृतिबारे सोच्न हामी समर्थ हुन्छौं । प्रगतिशील ढंगबाट रेडियोको प्रयोग कसरी गर्ने र त्यो संस्कृतिमा कसरी हस्तक्षेप गर्ने भनेर खाका कोर्नमात्र पनि यी संकेतहरूपट्टि हाम्रो ध्यान जान आवश्यक छ । अन्यथा एफ्.एम्. रेडियोहरू माया गाँस्ने तन्नेरीहरूको लागि 'लमी' बने भन्ने खालका निरर्थक आलोचनाहरूमात्र दोहोऱ्याउन हामी विवश हुनेछौं । ❑

अहिले नेकपा (एकता केन्द्र)ले लिइरहेको नीति पनि त्यही चौथो महाधिवेशनले बनाएको मूल नीतिमै आधारित छ । अहिलेसम्म पार्टीमा मेरो योगदान र मैले पाइरहेको सम्मानको मूल कारण के हो भने २०३१ सालमा बनारसमा भएको नेपाल कम्युनिष्ट पार्टीको चौथो महाधिवेशनले पारित गरेको दस्तावेजलाई पछ्याउने र त्यसको भावनाको विपरीत जाँदा त्यसको रक्षा गर्ने काम मैले गरेको छु । तपाईंले हिजोको चौथो महाधिवेशनले पारित गरेको दस्तावेज र अहिलेको एकता केन्द्रको मूल नीतिलाई दाँजेर हेर्नुहोस्, त्यहाँ तपाईं उही कुरा पाउनु हुन्छ । हुनसक्छ, त्यतिखेरको र अहिलेको प्रस्तुतीकरणमा केही भिन्नता होला तर आधारभूत नीति भने उही हो ।

प्रचण्ड-मोहनबिक्रमको पार्टीभित्र फेरि उनीहरूको बीचमा पनि फाटो देखापर्‍यो । उनीहरू फेरि फुटे । एउटा मोटो 'मशाल' भयो अर्को पातलो 'मसाल' भयो । किरण र प्रचण्डहरू मोटो 'मशाल'मा रहे भने मोहनबिक्रमहरू पातलो 'मसाल'मा रहे ।

फेरि पनि देशमा संघर्ष अगाडि बढ्दै गयो । खासगरी पंचायतविरोधी संघर्षहरू चर्किन थाले ।

२०३५ सालमा दिल्लीमा कमरेड पुष्पलालको देहान्त भएपछि नेपालमा उहाँको लास ल्याउने प्रयत्न गरियो । पंचायतले लास ल्याउन दिएन । त्यसपछि उहाँको अस्तु ल्याउने चाँजोपाँजो मिलाइयो । म आश्चर्यचकित भएँ । हामी आश्चर्यचकित भयौं । पंचायतकालको त्यत्रो भयावह अवस्थामा जेल, नेल, लाठी, गोली सबैको डर हुँदाहुँदै पनि हजारौं मानिसहरू एयरपोर्टमा अस्तुको स्वागत गर्न गए । त्यो अस्तुलाई हजारौंको जुलुसले बागमतीमा लगेर सेलायो । पंचायतका सम्पूर्ण प्रतिबन्धहरू अप्रत्यक्ष रूपमा, अनौपचारिक रूपमा जनताद्वारा तोडिएको देखियो ।

त्यसैताका सम्भवतः जग्गा कर-ऐन होला, त्यसलाई ह्वात्तै ल्याएर राष्ट्रिय पंचायतमा पारित गराउन खोजियो । त्यसको विरोधमा हाम्रो पार्टीले सोझै देशव्यापी रूपमा किसानहरूलाई संघर्षको मैदानमा उत्रन अपील गर्‍यो । अरू पार्टीहरूले त्यस संघर्षमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले सहयोग गरे । जिल्ला-जिल्लामा बढ्दो जग्गा-करको विरूद्ध विरोधका आवाजहरू उठे । त्यही कारणबाट राष्ट्रिय पंचायतमा त्यो जग्गा कर बढाउने विधेयक सरकारले ल्याउन सकेन ।

यसरी जनताहरू सानातिना घटनाहरूको विरोधमा पनि सडकमा उत्रन थाले । यसै क्रममा त्यसबेला चितवनमा संघर्षले व्यापक रूप लियो । त्यहाँ सडकमा उत्रेका जनताको विरूद्धमा प्रहरीले लाठी चलायो, गोली चलायो ।

त्यो घटनाको लगत्तै हाम्रो पार्टीको केन्द्रीय कमिटीको बैठक बस्यो । त्यस बैठकमा पोलिट्व्यूरोको प्रतिवेदन पेश भयो । त्यस प्रतिवेदनमा देशव्यापी आन्दोलनको नारा थियो ।



# बी.पी. आफ्नो क्षेत्रमा साँच्चि नै महान नेता थिए

- निर्मल लामा -



यसरी पार्टी विभाजित भएर पनि मोहनबिक्रमसँगको बैचारिक, सैद्धान्तिक संघर्ष टुङ्गिएन । डा. केशरजंग रायमाझीको पालादेखि पार्टीभित्र लगातार चलेको संघर्ष थियो- पार्टी राजावादी हुने कि साँच्चिकै कम्युनिष्ट पार्टी हुने ? त्यस्तैगरी, मोहनबिक्रमको समयमा आएर पार्टीले व्यापक संयुक्त मोर्चाको नीति लिने कि पार्टीलाई संकीर्ण घेराभित्र मात्र राख्ने भन्ने सवालमा चौथो महाधिवेशनभित्र कहीं प्रत्यक्ष र कहीं अप्रत्यक्ष रूपमा लगातार संघर्ष चल्नथाल्यो । पार्टी सर्लक्कै पश्चिमतिर किरण, प्रचण्ड, मोहनबिक्रम पक्षमा र पूर्वतिर सर्लक्कै चौथो महाधिवेशनकै नाममा कायम रह्यो । र, त्यहीअनुसार आफ्नो आफ्नो नाम र शैलीमा काम भइरह्यो । आ-आफ्ना मुखपत्रहरू पनि निक्लिरहे । किरणहरूले 'मशाल' नामको मुखपत्र निकाले र हामीले 'विचारधारा' निकाल्यौं ।

यो क्रम अगाडि बढ्दै थियो ।

> "कुरा गर्नको निम्ति नै बोलाएको हुँ ।" -गणेशमान सिंहले भने ।
> "त्यसोभए कुरा गरौं न ! कुरा गरेपछि मात्र ड्रिंक गरौं ।" मैले भनें ।

यसअघि पोखरामा एउटा काण्ड भएको थियो । त्यो थियो- सुनिता-नमिता काण्ड ।

त्यस काण्डको विरोधमा पनि देशव्यापी रूपमा स्वःस्फूर्त आन्दोलन भएको थियो ।

यी सबै स्वःस्फूर्त आन्दोलनहरू देखेर नै हामीले देशव्यापी संघर्षको आह्वान गर्‍यौं । खासगरी चितवन र पूर्वी तराई क्षेत्रमा केन्द्रबाट म खटिएर गएको थिएँ । त्यहाँ कामरेड जयगोबिन्द साह र क. आजाद त हुनुहुन्थ्यो नै, पश्चिमतिर किरण, चित्रबहादुर के.सी. आदि कामरेडहरू खटिनुभयो ।

हामीले आह्वान गरेपछि त्यो आन्दोलन क्रमशः विकसित हुँदैगयो । र, त्यसले देशव्यापी रूप लिन थाल्यो । त्यसैबेला नै पाकिस्तानमा पूर्व राष्ट्रपति जुल्फिकार अलि भुट्टोलाई त्यहाँको सैनिक शासक जियाउल हकले फाँसी दिए । त्यसको बिरोधमा नेपालका बिद्यार्थीहरू आन्दोलनमा उत्रे । काठमाण्डौस्थित पाकिस्तानी दूतावासमा विरोधपत्र बुझाउन गएका

विद्यार्थीहरूलाई प्रहरीले लाठी चार्ज गरी ठूलो दमन गऱ्यो । त्यही दिनको साँझ ५/६ बजेतिर अस्कल कलेजमा प्रहरीहरूले भित्र पसेर छात्रावास भवनको दुई तीन तलामाथिको झ्यालबाट विद्यार्थीहरूलाई तल सडकमा फाल्ने काम गरे । तिनीहरूले छात्रावासभित्रका रेडियो, भाँडाकुँडा, किताब आदि सबै झ्यालबाट तल सडकमा फाले ।

त्यस समयमा म आफ्नै घर म्हेंपीमा थिएँ । म्हेंपीमा एउटी साहुनी थिइन्- कान्छा साहुनी । उनलाई भूमिगत भए पनि म म्हेंपीमा छु भन्ने कुरा थाहा थियो । उनी घरको गेटनिर आई कराइन्- 'हे निर्मल ! त्यहाँ अस्कलमा तीन तल्लामाथिबाट मान्छे फालिसक्यो तिमी यहाँ घरमा के हेरेर बसिराखेको ? मेरो आफ्नै आँखाले हेरेर आएकी हुँ । त्यो तीन तल्लामाथिबाट फालिने मान्छे त पक्कै पनि बाँचेन होला ।" उनले त्यस्तो भनेपछि म पनि आत्तिएँ ।

त्यसपछि म घरपछाडिबाट बाहिर निक्लेर पाटनतिर हिंडे । त्यहाँ पार्टीका साथीहरूसित बसेर संघर्षका कार्यक्रमहरू तयार गर्ने काम भयो । त्यही संघर्षले बिस्तारै विकसित रूप लिई २०३६ सालमा जनता र पंचायती ब्यबस्थाबीच नयाँ खालको राजनीतिक शक्ति सन्तुलन कायम हुनगयो । त्यही बेला राजाले फ्याट्ट जनमत संग्रहको घोषणा गरेर राजनीतिक चाल चले । जनमत संग्रह धोका हो भनेर हामी करायौं, चिच्यायौं । तर सबैजसो पार्टीले जनमत संग्रहलाई स्वीकारे ।

त्यसबेला 'जनमत संग्रह धोका हो, यसलाई बहिष्कार गर्नुपर्छ' भन्नेहरूमा हामी एक्लो पऱ्यौं । त्यसपछि हामीले तुरून्तै हाम्रो पार्टीको केन्द्रीय कमिटीको बैठक राख्यौं । र, हामीले नीति परिवर्तन गऱ्यौं । 'जनमत संग्रह जनताहरूका सानातिना संघर्षहरूको उपलब्धी हो, यसलाई उपयोग गरौं' भनेर हामी जनमत संग्रहलाई उपयोग गर्नेतिर लाग्यौं । कतिपय पार्टीहरूले बाहिर बहिष्कारको नारा दिएर भित्रभित्र पहेंलो (पंचायत)मा भोट हाल भनेर प्रचार गर्दै पनि हिंडे । यो कुरा थुप्रै मानिसहरूलाई थाहा छ ।

बी.पी. कोइराला स्वयं 'जनताको यो ठूलो विजय हो' भनेर आए । र, उनी बहुदललाई जिताउनुपर्छ भनेर लागे । अब संघर्षले निर्वाचनको रूप लियो । मतपत्रमा नीलोमा भोट हाले बहुदलको पक्षमा र पहेंलोमा हाले पंचायतको पक्षमा हुने भयो ।

यही समयमा मलाई एकजना वकिलले भने- "ए निर्मल दाई ! के गर्नुभएको तपाईहरूले ?"

"के भयो र ! निर्दल - बहुदलको नै त निर्वाचन भइरहेछ नि !" - मैले जवाफ फर्काएँ ।

उनले भने- "होइन । पंचायत होइन । सुधारिएको पंचायत पो त । तपाईं राम्रोसित हेर्नुस् त !"

साँच्चै राम्ररी पढ्दा त सुधारिएको पंचायत कि बहुदल भन्ने कुरो पो रहेछ । यसरी घोषणा नै भ्रमपूर्ण थियो ।

त्यसबेला सूर्यबहादुर थापा प्रधानमन्त्री थिए । पूर्वमा पूर्व-पश्चिम राजमार्गको काकडभिट्टादेखि इटहरीसम्म टन्न जंगल थियो । जनमत संग्रहभन्दा अगाडि त्यतातिर धेरै चोटि म बसबाट हिंडेको थिएं । जनमत संग्रह सिद्धिएको २/४ महिनापछि म फेरि त्यही बाटोबाट पूर्व गएँ । जंगल त सबै सखाप भइसकेको रहेछ । जता पनि जंगल काटिएको मात्र देखिन्थ्यो । त्यहाँका जनताहरूलाई सोध्दा 'सारा जंगल सखाप पारेर त्यसबाट आएको रकम खर्च गरी सूर्यबहादुरले पंचायतलाई जितायो' भनेर उनीहरूले आक्रोश व्यक्त गरे । अहिले पनि त्यहाँका जनताहरूले यही कुरा भन्छन् ।



क. पुष्पलाल श्रेष्ठ



क. आजाद


जनमत संग्रहमा पंचायतले जितेको घोषणा भएको लगत्तै मैले ऋषिकेश शाहलाई फोन गरें । उनले मलाई 'तपाईं आउनुस् न' भने । उनीकहाँ गएँ । म पुगेपछि उनले त्यहींबाट टंकप्रसाद आचार्यलाई फोन गरे । बी.पी. लगायत सबै नेताहरूले जनमत संग्रहको परिणामलाई स्वीकारे । मैले पटक्कै मानिन । ऋषिकेशले फोनबाट बी.पी.सँगको कुराकानीमा 'निर्मल पनि यहीं हुनुहुन्छ, उहाँ पटक्कै मानिराख्नु भएको छैन, तपाईं कुरा गर्नुस्" भनेर उनले फोनको रिसिभर मलाई दिए । मैले फोनबाट जनमत संग्रहको परिणामलाई मान्ने कुराको विरोध गरिदिएं । बी.पी.ले भने- "होइन निर्मलजी । अहिलेको राजनीतिक परिवेशमा यो परिणामलाई स्वीकारेर यहींभित्र पस्ने र भित्रैबाट यसको हामीले विरोध गर्नुपर्छ ।"

त्यसको २ वर्षपछि बी.पी.को मृत्यु भयो । उनको शवयात्रामा ठूलो जुलुस निस्कियो । बी.पी आफ्नो क्षेत्रमा साँच्चि नै महान नेता थिए । नेपाली कांग्रेसमा त्यस पार्टीको विचारधारा बोक्ने र त्यसअनुरूप पार्टीलाई अगाडि बढाउन सक्ने व्यक्ति अरू कोही छैनन् । अरू संसारमा पनि बी.पी.जतिको महान नेता पाउन गाह्रो हुन्छ ।


बी.पी.सँग हामी पक्कै पनि वैचारिक मतभेद राख्छौं । त्यो अलग कुरा हो । तर आफ्नो विचारमा अडान लिन सक्ने, परिस्थितिलाई बेलैमा बुझ्न सक्ने उनको त्यो क्षमताबाट म प्रभावित छु । त्यसैले मलाई बी.पी. मन पर्छ । त्यसैले उनले त्यतिखेर 'यो परिणाम धाँधलीरहित छ भन्न मिल्दैन' भनिदिएको भएमात्र पनि हामीले जनमत संग्रहको परिणाम मान्दैनथ्यौं । त्यतिबेला वामपन्थीमा हाम्रो पार्टीलाई सबभन्दा ठूलो र शक्तिशाली मानिन्थ्यो । हामीले जनमत संग्रहको परिणाम नमान्नासाथ अरूले पनि त्यसको सिको गर्ने सम्भावना थियो । तर त्यस्तो हुन पाएन । र जनताले नचाहँदा नचाहँदै पनि पहेंलोले जितेको ठहर भयो । पंचायतले नै जितेको मानियो ।

जनमत संग्रहमा पंचायतलाई जिताइए पनि त्यसपछिको समयमा केही खुकुलोपन आयो । राजनीतिक पार्टीहरूका अफिसहरू खुल्न थाले । पार्टीहरूले अगाडि प्र.अर्थात् 'प्रतिबन्धित' लेखेर जे पनि बोल्न पाउने भए । जे पनि लेख्न पाए । देशमा करिब करिब पार्टी-सिस्टम आयो ।


विश्वेश्वरप्रसाद कोइरालाको मृत्युपछि नेपाली कांग्रेसको नेतृत्वमा गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई



क. जयगोविन्द साह



क. चित्रबहादुर के.सी.



गणेशमान सिंह



कृष्णप्रसाद भट्टराई

◄ आत्मकथा

र गिरिजाप्रसाद कोइराला आए । गणेशमान र भट्टराईको तुलनामा गिरिजा जुनियर हुन् । तर उनी विश्वेश्वरका भाइ हुन् । विस्तारै पार्टीमा उनले जरो गाड्न थाले ।

कांग्रेस पार्टीभित्र गिरिजाप्रसाद कोइरालाले एकातिर पारिवारिक दृष्टिले विश्वेश्वरको भाइ हुनुको कारणले जरो गाड्न थाले भने अर्कोतिर राजनीतिक विचारमा 'पंचायतमा पसेर चुनाव लड्नुपर्छ' भनेर उनी अगाडि आए ।

पंचायतमा पसेर चुनाव लड्न नेपाली कांग्रेसले के शर्त राख्यो भने चुनावमा पार्टीले आफैंले रोजेको एउटै चुनाव चिन्ह हुनुपर्छ । तर पंचायतले यो कुरा मानेन । उसले चुनावमा निर्वाचन आयोगले चुनाव चिन्ह प्रदान गर्छ भन्यो । त्यतिमा नेपाली कांग्रेस र पंचायतबीच खटपट चलिरहेको थियो । गिरिजाप्रसाद कोइराला निर्वाचन आयोगले दिएको चुनाव चिन्ह लिएर नै पनि चुनावमा जाने पक्षसम्म पुगे ।

त्यतिखेर म पाटनमा भूमिगत थिएँ । एकदिन अचानक एकजना कामरेड आएर 'तपाईंलाई पि.एल. सिंहले खोजिराखेको छ' भने । 'ठीक छ । उनी कहाँ छन् ? उतै हिँडौं, ल जाऔं !' भनेर म ती कामरेडको साथमा बाहिर हिडें - दिउँसै ।

भेट हुनासाथ पि.एल. सिंहले 'तपाईंलाई गणेशमान सिंहले भेट्न खोजिराख्नु भएको छ । उहाँलाई मैले लगन टोलमा राखिराखेको छु ।' भने । 'ठीक छ ल हिँडौं' भनेर उनको गाडीमा गएँ । लगन टोलको एउटा घरमा गणेशमान सिंहलाई भेटें । भेट हुनासाथ मैले नमस्कार गरें । उनीसँग मेरो २००७ साल अगाडिदेखिको चिनजान थियो । तर अहिले धेरै समयपछाडि भेट भएको थियो ।

"चिया खाने ?" उनले भने ।

"चिया के खाने ? अलि अलि ड्रिंक गरौं न !" मैले भनें ।

"ड्रिङ्क गर्ने हिसाबले मलाई बोलाउनु भएको हो कि कुरा गर्ने हिसाबले बोलाउनु भएको हो ?" मैले फेरि थपें ।

"कुरा गर्नको निम्ति नै बोलाएको हुँ ।" -गणेशमान सिंहले भने ।

"त्यसोभए कुरा गरौं न । कुरा गरेपछि मात्र ड्रिंक गरौं ।" मैले भनें ।

"ठीक छ त्यस्तै गरौं । तर अहिले एक बोतल बियर खाऊँ न !" भनेर उनले बियर मगाए । बियर त पहिले नै ठीक पारेर राखिएको रहेछ । बियरका चरावटा बोतलहरू तुरुन्त हाम्रो अगाडि आइपुग्यो ।

त्यसपछि कुराकानी शुरू भयो । गणेशमानले मलाई स्पष्टै भने- "हेर निर्मल ! २००७ सालदेखि कोइराला परिवारले मलाई च्याप्दै ल्याइरहेछ । म बीच बीचमा बिद्रोह गर्छु । बी.पी.को बेलामा त म सभापतिमा पनि उठें, तर थच्चिएँ । अहिले बी.पी. मरेपछि पनि त्यस्तै छ । के गर्ने हो, निर्मल ? यिनीहरू पंचायतले दिएको चुनाव चिन्हमा चुनावमा जाऔं भन्छन् । म भन्छु कम से कम पार्टीको चुनाव चिन्ह नभइकन कसरी चुनावमा जाने ? तर मान्दैनन् यिनीहरू । त्यसकारण मैले बिद्रोह गरेको छु । भट्टराईले मलाई बिद्रोहमा साथ दिन्छन् । वामपन्थीहरूले पनि मलाई साथ दिनुपऱ्यो । हामी मिलेर संघर्षमा उत्रौं !"

उनीसँग मेरो पहिलेदेखि नै ठाडो छलफल हुन्थ्यो । मैले ठाडै सोधें-

"गणेशमानजी संयुक्त संघर्ष भनेको सम्झौता होइन र ?"

"हो नि त !" उनले भने ।

"सम्झौतामा लेनदेन हुन्छ । तपाईंले नेपाली कांग्रेसको तर्फबाट के के गर्ने र मैले नेकपा (चौथो महाधिवेशन)को तर्फबाट के के गर्ने भन्ने कुरामा हामी आऔं न !" -मैले भनें । उनले "होला नि ! खोजौं न !" - भने । कुरा गर्दागर्दै उनले र मैले दुवैले गिलासमा थपेर टन्न बियर पियौं । त्यसपछि गणेशमानजीले फेरि भने- "खोजौं न खोजौं कुनै उपाय !"

मैले भनें- "गणेशमानजी, तपाई मान्नु हुन्छ भने म एउटा कुरा भन्छु । म तपाईंलाई नयाँ जनवाद दिन्छु खतरा मोलेर, तपाईं मलाई संसदीय ब्यवस्था दिन सक्नुहुन्छ ?"

अनि उनले "के नारा दिने ?" भने ।

"बहुदलीय ब्यबस्था" -मैले भनें ।

"मैले संसदीय ब्यवस्था भन्न नपाउने ?" गणेशमान सिंहले सोधे ।

"संघर्षको अवधिभरि मात्र हो त्यो सधैंलाई होइन ।" -मैले स्पष्ट गरें ।

"कुरा त राम्रो छ" -उनले चित्त बुझेजस्तो गरे ।

"मैले यो संघर्षभरि नयाँ जनवादको कुरा उठाउँदिन । यो संघर्ष बहुदलीय जनवादको निम्ति भन्छु । संसदीय ब्यवस्था भन्दिन, बहुदलीय ब्यवस्था भन्छु ।"

मैले आफ्नो कुरो अझ राम्री राखें ।

"मलाई त हुन्छजस्तो लाग्छ ।" - गणेशमानजीले भने ।

"तपाईंले आफ्ना साथीहरूलाई मनाउन सक्नुहुन्छ ?" मैले सोधें ।

"सक्छु भनेर अहिले ग्यारेन्टी त म कसरी गरूँ, तर म कुरा चलाउँछु । अहिले नै म भट्टराईसँग कुरा चलाउँछु ।" -उनले भने । *क्रमशः*

❑ *प्रस्तुति : तुल्सीदास महर्जन*

◄ खेलकूद

# पेले र म्याराडोना उत्कृष्टताको सूचीमा किन आउन सकेनन् ?

हालै 'द टाइम्स अफ इण्डिया'मा अफगानिस्तानको संघर्ष प्रकरणमा एक महत्वपूर्ण प्रसङ्ग उठाइएको थियो- के अमेरिकी संचारमाध्यम साँच्चिकै स्वतन्त्र छ ? उसले 'अल जजीरा' टेलिभिजनलाई अगाडि ल्याएर कैयौं प्रश्न तेर्स्याएको थियो । अहिले खेल प्रसङ्गमा त्यही प्रश्न त होइन, तर मूल्यांकनको आधारको कसी हेर्दा केही जिज्ञासाहरू भने उत्पन्न भएकै छन् । एशोसिएटेड प्रेस अमेरिकाको विश्वव्यापी र प्रतिष्ठित समाचार समिति हो । तर हालै प्रकाशित उसको वर्षको सर्वश्रेष्ठ महिला र पुरूष खेलाडीको सूची हेर्दा त्यसको मूल्यांकनका आधारहरूको व्यापकताबारे केही कुरा खट्किरह्यो । सन्देह खेलाडीहरूबारे उति छैन, जति खेलका सीमित क्षेत्रलाई लिइएकोमा छ । उदाहरणका लागि सन् १९९० देखि एपीले घोषणा गरेको वर्षका सर्वश्रेष्ठ महिला खेलाडीको सूचीलाई नै लिऊँ । त्यसमा जम्मा पाँचजनाको नाम यस्तो छ, जुनबारे लगभग विश्वको हरेक क्षेत्र अवगत र सन्तुष्ट पनि हुनसक्ला ।

सन् १९९१ र १९९२ मा मोनिका सेलेस, १९९७ मा मार्टिना हिंगिज, सन् २००० मा मेरियन जोन्स र सन् २००१ मा जेनिफर क्याप्रियाटी एपीद्वारा वर्षका सर्वश्रेष्ठ महिला खेलाडी घोषित भइन् । तर केही नाम यस्ता छन्, जसबारे विश्वका, खासगरी तेस्रो विश्वका, कैयौं देशका खेलप्रेमीहरू अनभिज्ञ छन्, जस्तै कि सन् १९९३ मा सर्वश्रेष्ठ घोषित बास्केटबल खेलाडी सेरिल सुपेस, सन् १९९४ मा सर्वश्रेष्ठ घोषित स्पिडस्केटिङ्गका बोनि ब्लेयर, सन् १९९५ का बास्केटबलका सर्वोत्कृष्ट खेलाडी रेबेका ओबोरबारे कतिलाई थाहा छ ?

सन् १९९० देखि २००१ सम्मको ११ वर्षमा टेनिस खेलाडीले चारपटक, बास्केटबल खेलाडीले दुईपटक, स्पिड, स्केटिङ्ग, पौडी, गल्फ, ट्रयाक र अमेरिकी महिला फुटबल टिमले एकपटक वर्षको सर्वश्रेष्ठ खेलाडी हुने सौभाग्य पाए । तर आश्चर्य लाग्छ, सन् १९३१ मा एशोसिएटेड प्रेसले शुरू गरेको वर्षको सर्वोत्तम खेलाडीको क्रममा विश्वको सबैभन्दा लोकप्रिय फुटबल खेल एकपटक मात्र उत्कृष्टताको सूचीमा किन पऱ्यो ? टेनिस खेलाडीले विगत ७० वर्षमा २५ पटक सर्वाधिक उत्कृष्टताको पुरस्कार पाए भने गल्फका खेलाडीले



विश्वविख्यात फुटबल खेलाडी पेले



म्याराडोना : नजान्नेले पनि जान्ने नाम, बुझ्नेले कसरी बुझ्न सकेनन् ?

# पश्चिमा संचारमाध्यमको खेलभित्रको झेल

- एस.आर. 'प्रकाश' -

१८ पटक, तर ट्र्याक एण्ड फिल्डजस्तो विश्वकै लोकप्रिय खेलका खेलाडीहरूले विगत ७१ वर्षमा ९ पटकमात्र उत्कृष्टताको पुरस्कार पाए । अझ १९९० देखि मेरियन जोन्स (सन् २००० मा) मात्र एथ्लेटिक्सबाट पुरस्कृत एकमात्र महिला खेलाडी हुन सकिन् ।

के यसले ठूला र पश्चिमा संचारमाध्यमको दृष्टिकोणमा व्यापकताभन्दा स्थानीय प्रभाव व्याप्त रहेको पुष्टि हुन्न ? यो सूचीमा कुनै पनि भलिबल, मार्शलआर्ट, बक्सिङ्ग अथवा ब्याडमिन्टन, टेबुलटेनिस, बुद्धिचालका महिला खेलाडीहरूको नाम किन आउन सकेन ? के यसको जवाफ एपीसँग होला ? यो सूचीमा यी खेलका खेलाडीहरूमात्र उपेक्षित छैनन्, तेस्रो देशका खेलाडीहरू पनि सर्वोत्कृष्टताको सूचीमा नगन्य छन् । यसलाई विश्वव्यापी खेलहरूभन्दा कुनै खास देश वा क्षेत्रका लोकप्रिय खेललाई दिइएको प्राथमिकता सूची मान्ने हो वा दृष्टिकोणको दुर्बलता ?

पुरूषहरूतर्फ पनि आश्चर्य लाग्छ, ७१ वर्षको सूचीको इतिहासमा र विश्वव्यापी रूपमा खेलिने फुटबलका कुनै हस्ती पनि वर्षका सर्वश्रेष्ठ खेलाडी बन्न सकेनन् । विश्वका महानतम दुई फुटबल खेलाडी पेले तथा डिएगो म्याराडोना उत्कृष्टताको सूचीमा आउन सकेनन् भने फ्रांज बेकन वाउर, जोहान क्रुफ, फ्रेंक पुस्कास, इसिवियो, ववी चार्ल्टन अथवा रोमारियो, रोनाल्डो, जिदान र फिगाहरूको कुरै भएन । हो, अमेरिकी फुटबलका स्थानीय हस्तीहरू १३ पटक एपीको उत्कृष्टताको सूचीमा परे भने बेसबल खेलाडीहरू सर्वाधिक २९ पटक उत्कृष्टताको सूचीमा परे । मोहमद अलीजस्ता महान् मुक्केबाजमात्र एकपटक सन् १९७४ मा वर्षका सर्वश्रेष्ठ खेलाडी छानिए । जर्ज फोरम्यानले १९९४ मा मात्र यो सम्मान पाए । तर जो फ्रेजियर, माइक टाइसन, इभान्डर होलिफिल्डजस्ता हस्तीहरू यो सूचीमा पर्न सकेनन् । ९० को दशकमा माइकल जोर्डन सन् १९९१, ९२ र ९३ मा लगातार तीनपटक तथा गल्फका प्रसिद्ध खेलाडी टाइगर उड्स १९९७, १९९९ र सन् २००० मा तीनपटक उत्कृष्ट भने घोषित भए । तर यो सर्वेक्षण विश्वव्यापी लोकप्रियताको आधारमा गरिएको हुँदो हो भने यही दशकमा लोथार मेथ्युज, रोमारियो, जिदान, पिट साम्प्रास, ब्रायन लारा, सचिन तेन्दुलकर, गैरी कास्पारोभजस्ता कैयौं खेलका सर्वाधिक लोकप्रिय खेलाडीहरू अवश्य पर्थे । यद्यपि, यो जानी जानी निकालिएको पूर्वाग्रहपूर्ण घोषणा नहुन पनि सक्छ । अमेरिकामा विश्वको सबै भागमा खेलिने फुटबलभन्दा आफ्नै खालको लोकल अमेरिकी फुटबल बढी लोकप्रिय छ । सन् १९९४ को विश्वकप फुटबलताका एक सर्वेक्षणमा ठूलो संख्यामा अमेरिकीहरूले आफूहरू त्यहाँ विश्वकप फुटबल प्रतियोगिता हुनलागेको कुराबाट अनभिज्ञ रहेको बताएका थिए ।

यो त बुझ्न सकिन्छ, तर कार्ल लुइसजस्ता धावकले १९८३ र १९८४ मा दुईपटक वर्षको सर्वश्रेष्ठ खेलाडी हुने अवसर पाए पनि हिटलरको घमण्ड तोड्ने जेसी ओवन्सजस्ता महान् अश्वेत धावक एपीको श्रेष्ठताको सूचीमा कहिल्यै किन पर्न सकेनन् ? यसको जवाफ खोज्न गाह्रो छ ।

तर कुरा एपीको मात्र होइन, दृष्टिको पनि हो । आ-आफ्ना ठाउँको लोकप्रिय खेलहरूले खेल-पत्रकार, पाठक, समीक्षक जोसुकैलाई पनि बढी प्रभावित पार्नु अस्वाभाविक होइन । तर त्यसलाई विश्वव्यापी रूप दिने हो भने तदनुरूप नै मूल्यांकन गरी महत्व दिनुपर्छ । यस वर्ष वर्षका सर्वश्रेष्ठ घोषित बेसबलका खेलाडी बेरो बन्ड्सलाई विश्वका कुन कुन देशका खेलप्रेमीहरू चिन्दछन् ? धेरैले त बन्ड्सको नाम पनि पहिलो पटक सुनेका होलान् । टेनिसका युवा हस्ती लेटन हेविट आठौं स्थानमा, फुटबलका चर्चित हस्ती डेभिड वेकह्याम १८ औं स्थानमा, पौडीका विश्वप्रसिद्ध स्टार इयान थोर्प २१ औं स्थानमा रहेबाट छनौटका आधारबारे अन्यत्रका खेलप्रेमीहरूलाई हाँसो उठ्नु आश्चर्यको कुरा होइन ।

कुरा दृष्टिकोण, अझ स्वतन्त्र र विश्वव्यापी दृष्टिकोणको हो । अफगानिस्तानमा आतंकवादीहरूलाई तह लगाउन पश्चिमेली संचारमाध्यममा 'वार अगेन्स्ट टेरर'को श्रृङ्खला अनवरत चल्दा पीडाको पृष्ठभूमि बुझ्न सकिन्छ, तर छापाहरूमा त्यो लडाइँ बामियानका ऐतिहासिक बुद्ध मूर्ति ध्वस्त गरिँदा शुरू गर्न सकिएको भए त्यसको प्रासङ्गिकता र महत्व अरू बढ्ने थियो । खेलक्षेत्रमा स्थानीय महत्वका खेलहरूलाई अगाडि बढाउनु नराम्रो कुरा होइन, तर त्यसलाई विश्वरूप दिँदा विश्वव्यापी रूची र लोकप्रियतालाई पनि अझ वास्ता नगर्नु संचार हैकमको कन्जुस्याईको नमूना होइन र ? ❑

सन्दर्भ : शहीद सूर्यनाथ यादवको स्मृति दिवस



धनुषाका प्रख्यात कम्युनिष्ट नेता सूर्यनाथ रान यादवका कान्छा छोराको परिवारको वर्तमान !



# यसरी बाँचिरहेको छ एक क्रान्तिकारी नेताको परिवार

- मुक्ता श्रेष्ठ -

२०५७ साल पौष २७ गतेको दिन एकाबिहानै एकजना साथीसँगै खेतैखेतको बाटो हिँडेर एउटा गाउँमा म पुगें । त्यस गाउँको बीचमा पुगेपछि मसँगै जाने साथीले देखाएबमोजिम जोडेर बनाइएको दुईवटा छाप्रोअगाडि हामी पुग्यौं ।

त्यहाँ पुगेर झट्ट हेर्दा मलाई लाग्यो- त्यो छाप्रो गाईवस्तु बाँध्ने गोठ होला । छाप्रो टाटीले बारेर त्यसमाथि माटोको लेप लगाएर बनाइएको थियो । त्यसको ढोका पनि त्यस्तै खालको थियो र छाना खरले छाइएको थियो । एउटा छाप्रोको अगाडि उभिएर मसँगै गएका साथीले बोलाउनुभयो- प्रमोद, ए प्रमोद ! तुरून्तै प्रमोदले ढोका खोले । उनीसँग मेरो अघिल्लो दिन नै चिनापर्ची भइसकेको थियो । अभिवादनको आदानप्रदानपछि हामी सबै त्यस छाप्रोभित्र पस्यौं । भित्र पसेपछि मलाई अचम्म लाग्यो । किनभने जुन छाप्रो मैले गाईवस्तुको गोठ होला भन्ने सोचेको थिएँ, त्यो मान्छे बस्ने घर रहेछ । त्यसै छाप्रोमा प्रमोद एक छोरी र एक छोरालगायत चारजनाको परिवारसहित बस्दा रहेछन् ।

त्यस छाप्रोभित्र पुगेर मैले चारैतिर आँखा दौडाएँ । छाप्रोको आकार करिव करिव चौडाइ १० फीट र लम्बाइ १४ फीट जति थियो होला । त्यसै छाप्रोभित्र एउटा कुनामा एउटा खाट राखिएको थियो । त्यसलाई खाट पनि के भनुं ? चारैतिर कुन्नि केले हो अड्याएर त्यसमाथि फल्याकहरू ओछ्याइएका थिए । अथवा भनुं चारजना सुत्नको लागि खाटको आकारमात्र बनाइएको थियो । त्यस खाटको आकारमाथि पुराना कपडाहरूबाट बनाइएको एउटा पातलो ओछ्यान थियो । र, एउटा पुरानो सिरक थियो । त्यो सिरक पनि ठाउँ-ठाउँमा कपास सरेर कपडामात्र बाँकी रहेको थियो । हामी पुसको जाडोमा बिहानै खेतैखेतको बाटोबाट हिंडेका थियौं । हाम्रा खुट्टा र हातहरू कठ्याग्रिएका थिए । हामीलाई खाटमा बसाएर हातखुट्टा छोप्न त्यही सिरक दिए प्रमोदले ।

त्यही कोठाको एउटा कुनामा एउटा सानो चूल्हो पनि बनाइएको रहेछ । हामी पुग्नेबित्तिक्कै प्रमोदकी श्रीमतीले बाहिर गएर दूध ल्याइन् र चिया पकाउन चूल्होमा आगो बालिन् । धुँवाले आँखा नै खोल्न नहुने गरी आँखा पिरो भयो । त्यस छाप्रोमा धुँवा निस्कने एउटैमात्र सानो प्वाल रहेछ । मलाई त धुँवाले गर्दा खोकी पनि लाग्यो । त्यतिबेला मनमनै सोच्न थालें- सधैं त्यसैगरी त्यस्तै धुँवामा प्रमोदका ती साना साना छोराछोरी रहनु पर्दा उनीहरूको स्वास्थ्यमा कति खराब प्रभाव पर्दो होला ? म त्यस्तै कुराहरू बिचार गर्दै थिएँ प्रमोदकी श्रीमतीको 'दिदी चिया' भन्ने वाक्यले मेरो विचार श्रृंखला टुट्यो ।

हामीलाई चिया दिएर प्रमोदकी श्रीमती खाना पकाउनतिर लागिन् । हामी र प्रमोद कुराकानी गर्नतिर लाग्यौं । कुराकानी सकिइसकेपछि हामीहरू खाना खाएर बाहिर निक्ल्यौं । त्यतिबेला करिव करिव ११ बजिसकेको थियो । तैपनि घाम लागिसकेको थिएन, निक्कै जाडो थियो । बाहिर निक्लेर हामी सँगैको अर्को छाप्रोमा पस्यौं । त्यस छाप्रोमा त ढोका पनि रहेनछ । छाप्रोको छानामुनि चारैतिर खुल्लै रहेछ । छाप्रोभित्र पसे पनि म त जाडोले कामी नै रहेकी थिएँ । तर त्यस छाप्रोभित्र करिव ७५ वर्षकी एकजना बृद्धा, एउटा पातलो सारी लगाएर एउटा पातलै ओड्ने ओडेर बस्नुभएको रहेछ । त्यहाँ पनि एउटा खटियामा पुरानो कपडाले बनाइएको एउटा पातलो ओछ्यान र त्यस्तै एउटा पुरानो ओढ्ने रहेछ । त्यहाँभित्र गएर प्रमोदले उहाँसँग परिचय गरादिए- 'उहाँ मेरी हजूरआमा ।' मैले अभिवादन गरें । उहाँ नेपाली भाषा बोल्न त टाढैको कुरा बुझ्न पनि सक्नुहुँदो रहेनछ । उहाँले आफ्नै भाषाबाट मलाई खटियामा बस्न भन्नुभयो । म खटियामा बसें । उहाँले मायालु पाराले मलाई हेरिरहनुभयो ।

म पूरै जाडोको लुगामा थिएँ । स्वेटर लगाएर पनि मैले बाक्लो ओढ्ने ओढिरहेको थिएँ, तैपनि मलाई जाडो लागिरहेको थियो । तर ती बृद्धा भने त्यस्तो पातलो लुगामा पनि जाडो नमानी बसिरहनु भएको देखेर मलाई अचम्म लाग्यो । मैले उहाँसँग सोधें- "तपाईलाई जाडो लाग्दैन ?"

उहाँले जवाफ दिनुभयो- "अहँ, जाडो लाग्दैन । हामी गरीवलाई केको जाडो लाग्नु र ?"

उहाँसँग पनि हामीले एकछिन कुराकानी गर्‍यौं । त्यसपछि म काठमाण्डौ फर्कनको लागि त्यहाँबाट हिडें ।

मैले माथि जुन परिवारको वर्णन गरें, त्यो परिवार अरू कोही नभएर मैले भेट्न भनेर गएको धनुषाका प्रख्यात कम्युनिष्ट नेता सूर्यनाथ रान यादवका कान्छा छोरा प्रमोदकुमार रान यादवको परिवार थियो । र, ती बृद्धा हुनुहुन्यो- क. सूर्यनाथ यादवलाई हुर्काउने उहाँकी सानीआमा ।

मैले देखें- जसले गरीव जनताको मुक्तिको लागि आफ्नो जीवन अर्पण गर्नुभयो र जसको नेतृत्वमा कति भूमिहीन तथा गरीव किसानहरूलाई जमीन वितरण गरियो, आज उहाँकै आमा र छोराहरूले यस्तो गरीवीले ग्रस्त जीवन बिताइरहेका छन् । साँच्चै नै भन्ने हो भने यसलाई साह्रै नै दुःखद् स्थिति मान्नुपर्दछ ।

हुन त क. सूर्यनाथ यादवको जन्म एउटा मध्यम किसान परिवारमा भएको थियो । उहाँका जन्म हुँदा उहाँको बुबासँग

साँढे दुई विघा जमीन थियो । पछि फेरि उहाँका बुबाले साँढे पाँच विघा जमीन किनेका थिए । तर त्यो जग्गा उनले आफ्नो नाममा नामसारी नगरी विश्वासको भरमा नै कमाइरहेका थिए । अन्ततः नामसारी नहुँदै उनको मृत्यु भयो । बुबाको मृत्युपछि क. सूर्यनाथ यादवले पनि त्यो जग्गा आफ्नो नाममा पास गराउन सक्नुभएन । यसको मूल कारण थियो– पंचायत व्यवस्थामा क. सूर्यनाथ यादव भूमिगत हुनु । जुन सामन्तसँग क. सूर्यनाथका बुबाले जमीन किनेका थिए, उनको सन्तान थिएनन् । त्यसैले उनले 'सूर्यनाथ यादवलाई आफैले पाल्छु र पढाईलेखाईको खर्च गर्छु' भनेर क. सूर्यनाथ यादवका बुबासँग उहाँलाई मागेका थिए । र, कबोलबमोजिम उनले उहाँलाई एस.एल.सी.सम्म पढाए पनि । तर पछि क. सूर्यनाथ यादवले कम्युनिष्ट विचारधाराबाट प्रभावित भएर गरीब किसानहरूमाथि सामन्तहरूद्वारा गरिने थिचोमिचो र अन्याय-अत्याचारको विरोध गर्न थालेपछि उनीहरूको बीच सम्बन्ध बिग्रियो ।

२०१७ सालमा पंचायती व्यवस्थाको शुरूआत र पार्टीहरू प्रतिबन्धित भएपछि क. सूर्यनाथ यादव पनि वारेन्टेड हुनुभयो । त्यतिबेला पनि उहाँलाई पाल्न खोज्ने जमिन्दारले आफ्नी भान्जीसँग बिहा गरेमा आफ्नो सबै सम्पत्ति भान्जी र क. सूर्यनाथको नाममा लेखिदिने र उहाँमाथि लागेको वारेन्ट फुकाईदिने कुरा गरेका थिए । तर त्यो कुरालाई उहाँले अस्वीकार गर्नुभयो । त्यसपछि त्यो जमिन्दार र क. सूर्यनाथको सम्बन्ध पूर्णरूपले टुट्यो ।

पंचायतकालमा क. सूर्यनाथ यादव धनुषामा कम्युनिष्ट पार्टीको संगठन गर्नतिर दिलोज्यानले लाग्नुभयो । र, धनुषाका विभिन्न गाउँहरूमा पनि पुगे ।

तर सागर मैयाँको घरमा पुग्दा त्यहाँ सिराहा र धनुषाका सामन्तहरू बसिरहेका थिए । उनीहरूले क. सूर्यनाथका कान्छा छोरा प्रमोदकुमार रान यादवलाई भने– "यदि तैंले अबदेखि म कम्युनिष्ट पार्टीमा लाग्दिन, मेरो पार्टीसँग कुनै सम्बन्ध छैन, मेरो बुबा डाँका हो, म पंचायतलाई स्वीकार्छु भनेर कागज गर्छस् भने त्यो जग्गा तेरो नाममा गरिदिन्छौं ।"

तर प्रमोदले निर्धक्क भएर जवाफ दिए– "म त्यस्तो झूठो कागज गर्दिन, बरू जग्गा नपाए नलिउँला ।" उनको जवाफ सुनेर कुर्सीमा बसिरहेका महोत्तरीका सामन्त मनोहर सिंह 'तंलाई यहीं काट्छु' भनेर खुकुरी उज्याएर बुरूक्क उफ्रे । तर त्यतिबेला

**क. सूर्यनाथले आफ्ना छोराहरूको पढाइ लेखाइ र हुर्काउने बढाउने काममा कहिल्यै ध्यान दिन सक्नु भएन**

बाँकी राखेर अरू सबै जमीन बेचिदिए ।

पछि प्रमोदले त्यो तीनकट्ठा जग्गा पनि बेचे । उनले त्यो जग्गा बेचेर आएको पैसा र राजनैतिक पीडितको नाममा आएको पैसाबाट चार कट्ठा खेत बर्दिवासमा किने । त्यो पनि दश धूर जग्गामात्र बाँकी राखेर अरू बेच्न उनी बाध्य भए । अहिले उनी आफ्नो नाममा भएको तीन कट्ठा र अरूको दश कट्ठा जग्गा अधियाँमा कमाइरहेका छन् ।


"यतिले चार जनाको परिवार पालिन्छ त ?" यस प्रश्नको उत्तरमा उनी भन्छन्–

"जसोतसो छाक टर्छ ।"

मैले क. सूर्यनाथ रान यादवका जेठा छोरालाई त भेट्न पाइन । कान्छा छोरा प्रमोदकुमार रान यादव र उनकी हजुरआमालाई भेट्दा र उनीहरूको अवस्था हेर्दा म आफैं भावुक बनें ।

प्रमोदले बि.ए. पास गरेका छन् । तर उनले कतै पनि जागिर पाएका छैनन् । जुनबेला क. सूर्यनाथको हत्या भएको थियो, त्यतिबेला प्रमोद केवल १६ वर्षका थिए । आमा त उनले सानै उमेरमा गुमाए । उनी र उनको दाजुलाई हुर्काउने काम उनकै हजुरआमाले गरिन् । र, उनीहरूलाई हेरविचार गर्ने काम क. सूर्यनाथका भाइ धर्मनाथ रान यादवले गरेका थिए । दाजु कम्युनिष्ट पार्टीका नेता भए पनि उनी पार्टीको समर्थकमात्र थिए । तैपनि क. सूर्यनाथका विरोधीहरूले धर्मनाथको नाममा २०/२५ वटा मुद्दा हालेका थिए ।

क. सूर्यनाथले आफ्ना छोराहरूको पढाइलेखाइ र हुर्काउने बढाउने काममा कहिल्यै ध्यान दिन सक्नु भएन । पार्टीको कामले गर्दा आफ्नो सन्तानलाई ध्यान दिने समय पनि उहाँले कहिल्यै


**शहीद सूर्यनाथ रान यादवको परिवार : बायाँबाट, सूर्यनाथ यादवकी सानीआमा, भाइ धर्मनाथ रान यादव र कान्छा छोरा प्रमोदकुमार रान यादव**

जमिन्दारहरूले किसानहरूमाथि गरिरहेका ज्यादतीविरूद्ध आन्दोलन चलाउन थाल्नुभयो । यस्तै आन्दोलनहरूमा लाग्दा २०२२ सालदेखि २०३१ सालसम्ममा उहाँले बाँकी बचेको आफ्नो दुई विघा जमीन पनि सिध्याउनुभयो । जमिन्दारसँग उहाँको बुबाले किनेको जग्गा पनि पछि जमिन्दारले आफ्नै भान्जीको नाममा लेखिदिए ।

२०४२ सालमा पंचायती सरकारले क. सूर्यनाथ रान यादवको हत्या गरेपछि जमिन्दारकी भान्जी सागर मैयाँले त्यो जग्गा क. सूर्यनाथका छोराहरूलाई हस्तान्तरण गरिदिन पनि खोजेकी थिइन । त्यस जग्गाको नामसारी गर्न २०५४ सालमा क. सूर्यनाथका कान्छा छोरा र उनका काका काठमाण्डौ पुगेर सागर मैयाँ बसिरहेको कुमारी पाटीको घरमा उनले प्रमोदलाई केही गरेनन् । 'यसलाई राति ठीक पार्नुपर्छ' भनेर उनीहरूले सल्लाह गरे । त्यो दिन रातको ९ बजे प्रमोद कुमारी पाटीबाट भागेर बस पार्क पुगे र भोलिपल्ट उनी जनकपुरको बसबाट घर गए ।

त्यसपछि अर्को सामन्त राजगीर चोरभार यादवले साँढे पाँच विघा जग्गामध्ये तीन विघा जग्गा सागर मैयाँबाट आफ्नो नाममा रजिष्ट्रेशन गरेर लिए । बाँकी साँढे दुई विघा जग्गा पनि उनैले लिन खोजेका थिए । तर उनलाई त्यो जग्गा नपार्नको लागि प्रमोदले ऋणपान गरेर भए पनि ८५ हजार रूपियाँ सागर मैयाँलाई दिएर त्यो जग्गा आफ्नो नाममा रजिष्ट्रेशन गरे । पछि आफूले लिएको ऋण तिर्नको लागि प्रमोदले ३ कट्ठामात्र जग्गा पाउनु भएन । कहिलेकाहीं उहाँ घरमा जानुहुँदा छोराहरूसँग घर व्यवहारको कुराभन्दा बढी संगठनकै कुरा गर्नुहुन्थ्यो । उहाँ छोराहरूलाई भन्ने गर्नुहुन्थ्यो रे– "तिमीहरू दुईजनामात्र मेरा सन्तान होइनौ, तिमीहरूप्रति मात्रै मेरो दायित्व छैन । देशका सम्पूर्ण जनताप्रति नै मेरो दायित्व छ ।"

क. सूर्यनाथ यादवको जीवनकालमा प्रमोद र उनका दाजु दुवै पार्टीमा सक्रिय थिएनन्, विद्यार्थी संगठनमा मात्र थिए । आफ्नो बाबुको हत्यापछि दुवै दाजुभाइहरू पार्टीमा सक्रिय रूपमा लागे । प्रमोद आफ्नो बाबुको हत्याको सम्झना गर्दै भन्छन्– "मेरा बुबालाई पक्रन र मार्नको लागि जसले सहयोग गर्‍यो, उनीहरूसँग म बदला लिएरै छोड्छु ।" ❑❑

# एउटा व्यक्तित्वको कायाकल्प

गोविन्द वर्तमान

उनलाई हर्कजीत भनेर चिनिन्थ्यो । उनी दुब्लो काँटीका होचा मानिसजस्ता देखिन्थे । तर नेपालीको सरदर उँचाइका दृष्टिले उनलाई सामान्य कद काठीको मानिस भन्न सकिन्छ । जाडो महिनाको कुनै एक बिहान उनीसँग भेट भएको थियो । त्यसबेला उनले शर्ट-पाइन्ट लगाएका थिए र काँधमा एउटा झोला भिरेका थिए । सामान्य नेपाली मुद्राको उनको बाह्य आकृति त्यति आकर्षक थिएन । भैरहवाको वर्मेलीटोलस्थित संगम प्रेसको एकतलामाथि मैले उनीसँग त्यस मुद्रामा पहिलो साक्षात्कार गरेको थिएँ । उनीसँग दुईचारजना अन्य व्यक्तिहरू पनि थिए । मैले उनीसहित कोठामा सबैसँग हात मिलाएको थिएँ । हाम्रा कवि मित्र बासुदेव अधिकारीले जस्तै उनले त्यतिखेर मसँग दह्रो हात मिलाएर भनेका थिए- म हर्कजीत ।

काठमाण्डौमा केही महिना त्यसै अनुत्पादक किसिमले बिताएपछि म राष्ट्र बैंकमा कार्यरत मेरा मित्र गोविन्दकृष्ण अधिकारीको आडभरोसा लिएर भैरहवा पुगेको थिएँ । म त्यहाँ अखवारजगतसँग सम्बद्ध भएर आफ्नो जीविका गर्न चाहन्थें । मेरो जीविकासँगै मेरो वैचारिक तथा वैयक्तिक स्वतन्त्रतासमेत सुरक्षित रहोस् भन्ने मेरो अदम्य चाहना थियो । यही चाहनाको बलियो आवेगमा भैरहवा पुगेपछि मेरो भेट त्यस स्थितिमा हर्कजीतसँग भएको थियो । आवश्यक तथा अनावश्यक दुवै प्रकारले उनले मेरो नामलाई ग्रहण गरेका रहेछन् । मार्क्सवादी विचारप्रति प्रतिवद्ध भए पनि म कुनै पार्टीसँग आवद्ध थिइँन । पार्टीहरू मेरो नजिक आइरहन्थे, तर म कुनै न कुनै कारण भेट्टाएर ती पार्टीहरूको घेराबाट फुत्किरहन्थें । तर हर्कजीतलगायत रूपन्देही क्षेत्रका ती मित्रहरूले मलाई कुनै पार्टी विशेषको व्यक्तिको रूपमा बुझेकोजस्तो मैले त्यसबेला अनुभव गरें । परिचयपश्चात् वजनदार मार्क्सवादी शब्दावलीसहित हर्कजीतले त्यहाँ आफ्नो वैचारिक मान्यता खुलस्त पार्न लामो लेक्चर दिएका थिए । उनको प्रवचनको प्रभावले अरू सबै मन्त्रमुग्धजस्ता देखिएका थिए । मचाहिँ विशिष्ट प्रकारको असजिलो अनुभव गरिरहेको थिएँ । मलाई त्यस्तो अनुभव किन भएको थियो भने हर्कजीतसँग कुरा मिलेमा कुनै प्रकाशनको काममा संलग्न भएर मैले त्यहाँ रोजगारी पाउने बलियो संभावनाबारे मलाई भनिएको थियो । त्यसैले म हर्कजीतको अगाडि मूर्ख र विपक्षी दुवै हुन चाहन्नथें । तर मलाई मेरो कमजोर दार्शनिक अध्ययनले हर्कजीतसँग कुरा जोड्न र भिन्न सोचाईलाई अघि सारेर बहस गर्न मुस्किल पारिरहेको थियो । यो मुस्किलबाट तत्काल त्राण पाउन म जबर्जस्ती उनीसँग सहमत हुने अभ्यास गरिरहेको थिएँ । यो काम मलाई किन अनुचित लागेको थिएन भने उनका विचारहरू तत्कालीन निरंकुश पंचायती व्यवस्था र नेपाली कांग्रेस दुवैको विपक्षमा थिए । साथै उनी नेपाली कम्युनिष्ट आन्दोलनका एक सक्रिय सदस्य पनि थिए । सर्वहारा अन्तर्राष्ट्रवाद उनले त्यतिबेला अंगीकार गरेको दर्शन र आफू उभिने जमीन दुवै थियो । यस्तो व्यक्तिसँग सहकार्य गर्दैमा आफ्नो वैचारिक इमान डगिहाल्दैन भन्ने विचारले म आश्वस्त भइरहेको थिएँ । तसर्थ केही वैयक्तिक वाध्यता र केही मूर्खताबस् म उनीसँग सहमत भएँ । उनको धाराप्रवाह लेक्चरका बीचमा सहमतिको टाउको र मुस्कान हल्लाउँदै मैले उनलाई उनको बाटोमा सहयात्री हुने यथेष्ट संकेतहरू दिएँ । त्यसपछि फेरि छिट्टै दोस्रोपटक भेट गर्ने बाचा गरेर संगम प्रेसको त्यस कोठाबाट हामी निस्किएका थियौं । यो आजभन्दा १८ वर्षअघि २०४० सालको हिउँद महिनाको कुनै दिन थियो ।

**उनको धाराप्रवाह लेक्चरका बीचमा सहमतिको टाउको र मुस्कान हल्लाउँदै मैले उनलाई उनको बाटोमा सहयात्री हुने यथेष्ट संकेतहरू दिएँ ।**

यसपछि हर्कजीतसँग दोस्रो, तेस्रो र चौथो भेट पनि भयो । हामी वैचारिक मित्रतामा बाँधियौं । वैचारिक मित्रताले हामीलाई व्याबहारिक मित्रतामा पनि पुर्‍यायो । हर्कजीतहरूले आफ्नो विचार प्रवाहका निम्ति आफ्नै मातहतमा *मुक्ति सन्देश* नाम गरेको एउटा पाक्षिक पत्रिका प्रकाशन गर्ने जमर्को गरिरहनुभएको रहेछ । त्यस पत्रिकाका औपचारिक सम्पादक तथा प्रकाशक नारायण सापकोटा थिए । उनी राजदूत मोटरसाइकलमा भैरहवादेखि बुटवल र बुटवलदेखि भैरहवा ओहोर दोहोर गरिरहन्थे, तर *मुक्ति सन्देश* प्रकाशनको काम त्यस ओहोरदोहोरमा कतै देखिन्नथ्यो । पछि थाहा भयो- काठको काम र काठजस्तै जिल्लाका हाकिमहरूसँग भेटको निम्ति नै त्यस मोटरसाइकलको प्रयोजन सीमित रहेछ । रूपन्देहीको बजारमा *मुक्ति सन्देश* नाउँको पत्रिकाको प्रभाव थिएन । त्यस्तो निरीह स्थितिमा रहेको *मुक्ति सन्देश* पाक्षिकलाई हर्कजीतहरूले आफ्नो पत्रिका बनाए, अनि म त्यसमा अघोषित सम्पादक नियुक्त भएँ । त्यस दिनदेखि मेरो प्रवासकालीन बेरोजगारी समाप्त भयो र म केही व्यवस्थित भएँ ।

मेरो सम्पादनमा निक्लेको *मुक्ति सन्देश*को पहिलो अंकका निम्ति सर्वहारा अन्तर्राष्ट्रवादबारे भि.आई.पी.को लेख प्राप्त भयो । त्यस लेखमा त्यसबेला नेपालमा अस्तित्वमा रहेका २२ वटा कम्युनिष्ट पार्टीहरूलाई 'हैसियतअनुसार' आलोचना गरिएको थियो । लेखको निष्कर्षमा ती सबै पार्टीका वैचारिक लाइनलाई वेठीक बताएर आर.पी. सर्राफको सर्वहारा अन्तर्राष्ट्रियतावादी विचारलाई सही ठहर गरिएको थियो । नेपालका अन्य वामपन्थीहरू भने भी.आई.पी.को त्यस विचारलाई 'गद्दार' ट्रटस्कीको संशोधनवादी लाईन भनेर आलोचना गर्थे । तर म भने आफ्नै अल्पबुद्धिको वृत्तमा अन्यौलग्रस्त थिएँ । एउटा असल मानिसले गद्दार मानिसको सिद्धान्तलाई कसरी आफ्नो बनाउला भनेर म मनमनै आफैंलाई सोधिरहन्थें । म त्यस्तो किन सोच्थें भने मलाई हर्कजीतजस्तै भी.आई.पी. पनि असल मानिस भन्ने लाग्न थालेको थियो । मैले एक दिन भी.आई.पी. नामधारि व्यक्तिलाई सोधें : तपाईंले आफूले आफैंलाई किन भी.आई.पी. भन्ने नाम राख्नुभयो ?

यस प्रश्नको उत्तरमा भी.आई.पी.ले भन्नुभयो :

"यो नामको विशेष अर्थलाई नबुझ्नेहरू वा बुझ्न नचाहनेहरू मात्रै यसको विरोध गर्छन् ।"

"त्यो विशेष अर्थ के हो त ?" मैले सोधें ।

"भ्वाइस अफ इन्टरनेशनल प्रोलेटेरियट !"

भी.आई.पी.ले शानदार ढंगले जवाफ दिनुभयो । यो जवाफ मलाई आकर्षक लाग्यो । त्यसपछि आत्मविज्ञापन जस्तो सुनिने त्यस नामप्रतिको मेरो विमति पातलिंदै गयो । त्यहाँमाथि यी भी.आई.पी. हर्कजीतकै बुद्धिको पितृभूमिबाट जन्मिएका विचारक थिए । त्यसैले पनि म उनीसँग असहमत भइरहन असमर्थ थिएँ ।

यसरी हर्कजीत र भी.आई.पी.सँग संगत गरेर बुटवलको कालिका प्रेसबाट मैले *मुक्ति सन्देश*का केही अंकहरू निकालें । त्यसवापत नारायण सापकोटा र हर्कजीतहरूले मेरो गाँस-बासको निम्ति आवश्यक पारिश्रमिक जुटाइ दिने काम गर्नुभएको थियो । भैरहवा र बुटवलको गर्मीमा तिनाउ र डण्डाखोलाको हावाले शीतल भएको भ्रम पाल्दै मैले त्यसरी रूपन्देहीमा पत्रकारिताको प्रारम्भिक चरण व्यतीत गरें ।

शुरूमा मैले आफ्नै पैसा तिरेर डेरा लिन सकेको थिइँन । हर्कजीतले वैचारिक आफन्तकहाँ मलाई पनि 'शेल्टर' दिनुभएको थियो । त्यो परिवार मगर परिवार थियो र परिवारका सबै सदस्यहरू असाध्य सहृदयी तथा मार्क्सवादी विचारको आलोकबाट दीक्षित थिए । त्यहाँ हर्कजीतलाई म कहिले भान्साको लागि दाउरा चिरिरहेको देख्थें । कहिले तरकारी काटिरहेको देख्थें । हर्कजीत भन्ने त्यो व्यक्ति खाली हात बसेको मैले कहिल्यै देखिंन । उनी कहिले बिरामीहरूको दवाईमूलोको निम्ति सक्रिय हुन्थे । थुप्रै रोगका थुप्रै औषधिहरूको नाम उनलाई थाहा थियो । उनी प्राकृतिक चिकित्साका पनि जानकार थिए ।

हर्कजीतको प्रतिभा साँच्चिकै बहुआयामिक थियो । उनी सादा खानपानमा रमाउँथे र उनले कहिल्यै कुनै चीजलाई नमीठो भनेको सुनिएन ।

उमेरअनुसार उनी सबैलाई नाता लगाएर सम्बोधन गर्थे । आमा, बा,

दाजु, भाउजू, दिदी, बहिनी, भाइ आदि । लाग्थ्यो- परिचितहरूको सिङ्गो समुदाय हर्कजीतको एउटा ठूलो र सग्लो परिवार हो । तर उनी परम्परागत अर्थमा एक्लो थिए । उमेरको चालीस वर्ष पार गर्दासम्म उनले विवाह गरेका थिएनन् । आखिर एउटी असल स्वभावकी शिक्षिकासँग उनको मित्रता भयो र उनले तिनै शिक्षिकासँग विहा गरे । उनको त्यो बिहा हँसिया हथौडा अंकित झण्डामुन्तिर निकै छरितो प्रकारले सम्पन्न भयो र हामी सबै खुसी भयौं । यस्ता हर्कजीत कि पढिरहन्थे, कि लेखिरहन्थे, कि शारीरिक काम गरिरहन्थे, कि बहसमा सहभागी हुन्थे, कि हिँडिरहन्थे । उनलाई कहिल्यै खाली बसेको देखिएन ।

हामी एकपटक कुनै कामले सँगै गोरखपुर गएका थियौं । भैरहवाबाट गोरखपुरतिर जाँदा सुनौलीको नेपाल-भारत सीमाको दशगजामा पुगेपछि उनले मलाई 'जाँदै गर्नोस्' भनेर अर्को बाटो समाते । केही मिनेटपछि उनी भारतको जमीनमा गोरखपुर जाने बसनेर देखिए । हामी बस चढेर गोरखपुरतिर गुड्यौं । सीमापार गर्दा प्रहरी चौकीबाट जोगिने भूमिगतशैलीको एउटा रूप रहेछ । पहिलोपटक मलाई भूमिगत शैलीका प्रक्रियाहरूमध्ये एउटालाई प्रत्यक्ष देख्ने मौका प्राप्त भएको थियो ।

त्यसबेला गोरखपुरमा *नेपाल प्रिन्टिङ्ग प्रेस* नाउँको एउटा प्रेस थियो । त्यस प्रेसलाई संभवतः मोहनबिक्रमहरूको पार्टीले चलाएको थियो । त्यहाँ काम गर्ने थुप्रैमध्ये एउटी नेपाली महिलालाई राजनीतिक कारणबस् त्यहाँबाट निस्कीहाल्ने आदेश भएछ । ती महिलाको भनाइअनुसार त्यो आदेश मोहनबिक्रमले दिनुभएको थियो; तर ती महिलाले त्यो प्रेसबाट निस्कीहाल्ने आदेश पालन गरेकी थिइनन् र एउटा विवाद उठेको थियो । हामी त्यहाँ पुग्दा उनले हर्कजीतलाई सबै कुरा बताइन् । अनि हर्कजीतले त्यहाँ मोहनबिक्रमका मानिसहरूकै बीचमा ती महिलालाई भने : "आदेश दुई किसिमका हुन्छन् । एउटा सैनिक आदेश, जसलाई तत्काल पालन गर्नुपर्दछ, अर्को नागरिक आदेश जसलाई त्यसको औचित्य हेरी पालन वा अवज्ञा गर्ने गरिन्छ ।"

यो भनाईलाई सुरूचिपूर्ण शैलीमा ब्याख्यासहित हर्कजीतले स्पष्ट पारेका थिए । कार्यकर्ताहरूलाई सम्झाउने र कठिन परिस्थितिबाट तिनीहरूलाई उकासेर नेतृत्व दिने क्षमता हर्कजीतमा राम्रै रहेछ भन्ने पनि त्यसबाट देखिएको थियो ।

भी.आई.पी. नामले वैचारिक लेखहरू लेख्ने ती हर्कजीत अहिले छैनन् । अठार वर्ष बितिसकेको छ र यस कालक्रमसँगै हर्कजीत अब एउटा राजनीतिक कार्यकर्ताबाट एउटा चिकित्सकमा फेरिएका छन् । ती चिकित्सकको नाउँ हो : डा. डि.बि. सिंह ।

हर्कजीतको डा. डि.बि. सिंहमा रूपान्तरण भएपछि मैले जम्मा तीनपटक झल्याक-झुलुक भेट्ने मौका पाएको छु । अब उनी मार्क्सवादबाट पनि टाढिएका देखिन्छन् र उनका पूर्ववर्ती स्वभावहरू ती तीनवटै भेटमा मैले फेला पार्न सकिन । यी डाक्टर डि. बि.सिंह उसबेलाको नेपाल मजदूर किसान संगठनका नेता थिए । कामरेड रोहितबाट छुट्टिएर त्यसको एउटा हिस्सा तत्कालीन नेकपा मालेमा एकीकृत भएको थियो । र डा. डि.बि. सिंह मालेको चीनपरस्त रूझानका विरूद्ध असहमत भएर आफ्ना केही कार्यकर्ताहरूसहित अलग बसेका थिए । त्यसपछि उनले माओत्सेतुङ्ग विचारधारालाई पनि छाडेका थिए र आर. पि. सर्राफको विचारलाई लिएर हिड्न थालेका थिए । अहिले उनी मार्क्सवादलाई पनि पुरानो दर्शन भन्ने ठाउँमा पुगेका भेटिन्छन् र संभवतः हर्कजीतका सबै सद्‌गुणहरू पनि अब उनका लागि पर्यटक आकर्षित गर्ने क्यूरियो वा दरवारहरूमा सजाइने एन्टिकजस्तै पुराना वस्तुहरू भएका छन् । एउटा बिउँझिएको मानिसको यस किसिमको जीवन यात्रालाई कुन नाम दिने हो, म त्यही खोजिरहेछु ।

❑

**यस्ता हर्कजीत कि पढिरहन्थे, कि लेखिरहन्थे, कि शारीरिक काम गरिरहन्थे, कि बहसमा सहभागी हुन्थे, कि हिँडिरहन्थे ।**

कविता

# आङ सान सु की

## इच्छुक




*म्यानमारको प्रजातान्त्रिक आन्दोलनकी नेतृ : आङ सान सु की*

स्वाभाविक छ यतिस्वेर
जुन्टाहरूलाई मन पर्दैन
तिम्रो नाम
जसरी अँध्यारोमा रमाउने
लाटाकोसेराहरूलाई मन पर्दैन
उज्यालो घाम ।

जतिसुकै मीठो होस्
जुन्टाहरूले मन पराउँदैनन्
तिम्रो गीत
तिम्रा शब्दहरू
र तिम्रो संगीत

तिनलाई त प्रिय छ
तिनकै निस्तब्ध धूनहरू
जसरी रातको कोलाहलमा रमाउने
लाटाकोसेराहरूलाई प्रिय हुन्छ
जंगलको सन्नाटा
र, औंसीका अँध्यारा जूनहरू ।

स्वाभाविक छ यतिस्वेर
जुन्टाहरूलाई मन पर्दैन
तिम्रो मुस्कान
जसरी उज्यालोदेखि तर्सने
चमेराहरूलाई मन पर्दैन
घामका स्निग्ध किरणले छोएको
शुभ्र विहान ।



जुन्टाहरू त चाहन्छन्
फगत जुलुमका पर्खालभित्र थुन्न
तिम्रा उन्मुक्त आवाजहरू
जसरी चमेराहरू चाहन्छन्
सधैं अध्याँरा गुफाभित्र कैद गर्न
समयका उज्याला प्रभातहरू ।

आङ सान सु की !
स्वाभाविक छ यतिस्वेर
जुन्टाहरूलाई मन पर्दैन
तिम्रो अथक संघर्ष
तिम्रो शालीन संकल्प
र, तिम्रो अपराजेय स्वाधीनता ।

जहाँ रहेपनि तिमी
जहाँ रहेपनि हामी
यतिस्वेर प्रिय छ हामीलाई
तिम्रो जस्तै हाम्रो पनि
अपहरित स्वतन्त्रता ।

सत्ते ! यतिस्वेर
धेरै धेरै प्रिय छ हामीलाई
तिम्रोजस्तै हाम्रो पनि
नैसर्गिक स्वतन्त्रता !

❑❑

# विशिष्ट, विशेष र सामान्यको द्वन्द्ववाद



- प्रज्ञानरत्न -

*लेनिनको भनाइ छ – "हरेक सामान्यले केवल मोटामोटी रूपले मात्र विशिष्ट कुराहरूलाई समेटेको हुन्छ । हरेक विशिष्टले अपूर्ण रूपमा सामान्यभित्र प्रवेश गर्छ ।"*

संसार त्यस्ता अनगिन्ती वस्तुहरूले भरिएको छ, जो एकआपसमा नितान्त भिन्न छन् । भिन्नता नै त्यो कडी हो, जसले वस्तुलाई चिनाउँछ । चमेली र गुलाबका बीचमा भिन्नता नहुँदो हो त चमेली र गुलाबको अलग-अलग नामाकरण गर्नुपर्ने जरूरत नै हुने थिएन । परन्तु भिन्न देखिएका तमाम वस्तुहरू एक आपसमा पृथकमात्र छैनन्, तिनीहरूमा त्यस्तो केही खास विशेषताहरू हुन्छन्, जो एकआपसमा साझा र समान पनि छन् । भिन्नता र समानता विपरीत कुराहरू हुन् । परन्तु प्रकृति र समाजका हरेक वस्तुमा यी विपरीत कुराहरू एकसाथ द्वन्द-सम्बन्धमा रहन्छन् । संसारमा हरेक वस्तु अर्को वस्तुबाट भिन्न पनि छ, साथसाथै भिन्न देखिने हरेक वस्तुमा त्यस्तो केही न केही समान विशेषता पनि हुनेगर्छ, जो एक आपसमा मिल्दाजुल्दा र साझापन जेले पैदागर्छ, त्यो सामान्य नामको अवधारणा हो । विशेषचाहिँ सामान्यभन्दा कम सामान्य, विशिष्टभन्दा कम विशिष्टबीचको अवधारणा हो । भिन्न भिन्न वस्तुहरूमा पाइने ती साझा विशेषताहरू, जसले गर्दा वस्तुलाई एउटा निश्चित समूहमा वर्गीकरण गर्न सकिन्छ, त्यसलाई विशेषको रूपमा बुझ्न सकिन्छ ।

संसारमा अनगिन्ती थरिका बिरूवाहरू छन् । थरी जतिसुकैवटा भएपनि संसारभरिका तमाम बिरूवामा पाइने केही साझा विशेषताले गर्दा एउटा निश्चित् वनस्पतिजन्य वस्तुलाई विश्वभरि समान रूपमा बिरूवा भनेर चिन्न सकिन्छ । बिरूवा, त्यसैले सामान्य (General)को उदाहरण हो । बिरूवामध्ये पनि फूलको बिरूवा भन्यौं भने एउटा खासथरिको बिरूवाको समूह बुझिन्छ । प्रत्येक फूलको बोट बिरूवा हो, परन्तु संसारका सबै बिरूवाहरू फूलका बोट होइनन् । फूलको बोट फूल भन्नलायक केही साझा विशेषताहरू विद्यमान छन् । अझ, गूदीमा र गहिराइमा जाने हो भने यी सबैमा त्यो साझा विशेषता छ, जसले यी सबैलाई समान ढंगले बिरूवा भन्न सक्ने बनाउँछ ।

यही कुरा क्रान्तिको सन्दर्भमा पनि लागु हुन्छ । क्रान्ति सामान्य अवधारणा हो । चाहे सामाजिक क्रान्ति होस् अथवा औद्योगिक, चाहे कृषिक्रान्ति होस् वा वैचारिक-सांस्कृतिक: सबै आमूल परिवर्तनहरू क्रान्ति हुन् । परन्तु हामीले समाजवादी क्रान्ति भन्यौं भने क्रान्ति त क्रान्ति नै बुझियो, परन्तु एउटा खासथरिको, एउटा खास चरित्रको वा वर्गको सामाजिक क्रान्ति बुझ्ने हुन्छ । समाजवादी क्रान्ति यस हिसाबले विशेषको उदाहरण हो । त्यसलाई पनि रूसको समाजवादी क्रान्ति भनेर हामीले किटान गर्‍यौं भने क्रान्तिमध्ये पनि त्यो विशिष्ट हुन जान्छ, जुन इतिहासका अरू सबै सामाजिक क्रान्तिभन्दा पृथक छ । त्यसमा प्रष्ट साझा छन् ।

एउटा मान्छेको स्वभाव, क्षमता, अनुहार र ल्याप्चे दुरूस्तै र पूर्ण रूपमा अर्कोसँग मेल खाँदैन । तिनीहरूमा केही न केही भिन्नता अवश्य हुन्छ । परन्तु संसारभरमा अरबौं भिन्नाभिन्नै मान्छेमा त्यस्ता केही साझा र समान विशेषताहरू हुन्छन्, जसले ती सबै भिन्न मान्छेलाई मानव भन्न संभव बनाइरहेको हुन्छ । गुलाब, चमेली, गुराँस, गोदावरी सबै भिन्नताहरू हुन् । परन्तु तिनीहरूमा साझा कुरा केही छ, जसले ती सबैलाई फूल भन्न संभव पारेको छ । रूख, पहाड, समुद्र, सूर्य, मान्छे, सडक, आगो, पानी नितान्त बेग्लाबेग्लै वस्तुहरू हुन् । के तिनीहरूमा पनि केही साझा मिल्दाजुल्दा कुरा होलान् भनेजस्तो हुन्छ । परन्तु गहिरोमा खोज्ने हो भने तिनीहरू भिन्नमात्र छैनन्, तिनीहरूमा केही मामलामा समानता वा साझापन पनि भेटिन्छ । जस्तो, तिनीहरू सबै सूक्ष्म परमाणुहरूले बनेका छन्, तिनीहरू सबै हाम्रो चेतनाभन्दा बाहिर स्वतन्त्र रूपले अस्तित्वमा छन्, तिनीहरू सबै निरन्तर रूपले गतिशील छन्, तिनीहरू सबै अन्तर्सबन्धित छन् ।

तमाम वस्तुहरूमा भिन्नता जेले पैदागर्छ, अलग्गै वस्तु भनेर जेले चिनाउँछ, त्यो विशिष्ट नामको अवधारणा हो ।

-तमाम भिन्न वस्तुहरूमा समानता वा बिरूवाहरूको एउटा खास समूहको सामान्य नाम हो, यो बिरूवाभन्दा कम सामान्य अवधारणा हो । यही हुनाले फूल वा फूलको बोट विशेष (Particular) को उदाहरण हो । हामीले फूलमध्ये पनि गुलाबको फूल, चमेलीको फूल, गुराँसको फूल वा गोदावरीको फूल भनेर किटान गर्‍यौं भने यसले बिरूवा तथा फूलको त्यो विशिष्ट चिनारी अभिव्यक्त गर्छ, जुन अरू सबै बिरूवा वा फूलभन्दा नितान्त भिन्न छ । गुलाब, चमेली, गुराँस, गोदावरी त्यसैले विशिष्ट (Individual) का उदाहरण हुन् ।

स्पष्ट हुनुपर्ने सवाल के हो भने- गुलाब, चमेली, गुराँस, गोदावरी अलग-अलग वस्तु हुन्, अलग-अलग बनस्पति हुन् । परन्तु यो भिन्नता बीचको समूहगत समानता के छ भने यी सबैमा भिन्नता पनि छ, समानता पनि । रूसको समाजवादी क्रान्ति, त्यसैले विशिष्ट अवधारणाको उदाहरण हो ।

हरेक वस्तुको गूदीमा सामान्य लुकिबसेको हुन्छ । सामान्य भनेको हरेक वस्तुको सार हो, भित्री गूदी हो । विशिष्ट भनेको चाहिँ सामान्यको बाहिर प्रकट रूपमा देखा पर्ने आकृति हो । त्यसैले हरेक वस्तुको सामान्य थाहा पाउनु भनेको त्यो वस्तुको सार थाहा पाउनु हो, त्यसको अस्तित्व र गतिको गूदी कारण र नियम पत्तो लाउनु हो । चाहे प्रकृति-विज्ञानको नियम होस् वा समाज-विज्ञानको, चाहे अर्थशास्त्रको नियम होस् वा भूगर्भशास्त्रको, नियम (Law) भनेको सामान्य हो । नियम, सिद्धान्त, सार्वभौम, सामान्य भनेका एउटै कोटीका अवधारणाहरू हुन् ।

सामान्य शून्यमा प्रकट हुँदैन । विशिष्टता र विशिष्टमार्फत् नै त्यो बाहिर अभिव्यक्त हुन्छ । हरेक विशिष्ट सामान्यकै प्रकटीकरणको एउटा रूप हो । यस सम्बन्धमा लेनिनको भनाइ अत्यन्त सान्दर्भिक छ । उहाँ भन्नुहुन्छ :

"विशिष्ट त्यही सम्बन्धमा मात्र अस्तित्वमा रहन्छ, जसले सामान्यतिर डोर्‍याउँछ । सामान्य विशिष्टमा मात्र र विशिष्टमार्फत् मात्र अस्तित्वमा रहन्छ ।

## सामान्य, विशेष र विशिष्ट

उदाहरणहरू

| सामान्य | विशेष | विशिष्ट |
|---|---|---|
| ◉ बिरूवा | फूलको बिरूवा | गुलाबको फूलको बिरूवा |
| ◉ क्रान्ति | समाजवादी क्रान्ति | रूसको समाजवादी क्रान्ति |
| ◉ फलफूल | आँप | नेपालको तराइको आँप |
| ◉ तत्व | धातु | फलाम |

हरेक विशिष्ट (एउटा वा अर्को ढंगले) सामान्य हो । हरेक सामान्य विशिष्टको एउटा अंश, पक्ष वा सार हो ।"

*(हेर्नुहोस्, Collected works, Vol-38, On the Question of Dialectics, Progress Publishers, Moscow, 1976 पृष्ठ ३५९)*

यो भनाइले विशिष्ट र सामान्यको द्वन्द सम्बन्धका बारेमा निकै राम्ररी स्पष्ट पारेको छ । यसले के स्पष्ट पारेको छ भने हरेक सामान्य विशिष्टकै सारहरूको कूल जोड हो । विज्ञानमा कुनै निश्चित सवालमा बारम्बार र लगातार विशिष्ट प्रयोगहरू गरेर सही प्रमाणित भएपछि जुन सार निक्लन्छ, त्यही सारबाट वैज्ञानिक सिद्धान्त र नियम निक्लन्छ । वैज्ञानिक सिद्धान्त र नियम भनेको सामान्य हो । र, यो सामान्य विशिष्ट प्रयोगहरूकै उपज हो । त्यसैले विशिष्टले हामीलाई हमेशा सामान्यतिरै डोऱ्याउँछ । हरेक विशिष्ट कुनै न कुनै ढंगले सामान्य हो । हरेक सामान्य विशिष्टकै गूदी-अंश वा सार हो । सामान्य र विशिष्ट नितान्त विपरीत कुरा पनि हुन् । ती अत्यन्त अन्तर्सम्बन्धित र अन्योन्याश्रित कुरा पनि हुन् ।

समाजवाद सबभन्दा पहिला पेरिस कम्युनमा अभ्यास भयो । त्यसपछि सोभियत संघमा । त्यसपछि चीन, कोरिया, क्यूवा, भियतनामलगायत कैयन् मुलुकमा । हरेक मुलुकमा समाजवादको अभ्यास समाजवादको सामान्यको विशिष्ट प्रयोग हो, वैज्ञानिक प्रयोगजस्तै । विभिन्न स्थानमा समाजवादको हरेक विशिष्ट प्रयोगले समाजवादको सिद्धान्त अर्थात् सामान्य झन् झन् परिष्कृत र उन्नत हुँदैजान्छ । यस अर्थमा हरेक विशिष्टले हामीलाई सामान्यतिरै डोऱ्याउँछ । अझ यसो भनौं, सामान्यको अस्तित्व, परिष्कार र विकास विशिष्टकै सारहरूबाटै हुनेगर्छ । लेनिनले हरेक विशिष्ट एउटा वा अर्को ढंगले सामान्य हो, हरेक सामान्य विशिष्टको सार हो भन्नुको तात्पर्य यही हो ।

सामान्य र विशेषको द्वन्दवाद बुझ्नु क्रान्तिकारीहरूको लागि नितान्त जरूरी छ । यसको द्वन्द-सम्बन्ध सही तवरले नबुझ्दा धेरै गल्तीहरू हुन जान्छन् । अपरिपक्व र बचकना क्रान्तिकारीहरूमा सामान्यलाई ज्यादा जोड दिने र विशिष्टलाई बिर्सिदिने वा पर्याप्त ध्यान नदिने जडसूत्रवादी प्रवृत्ति हुन्छ । अरू मुलुकको सफल क्रान्तिकारी अनुभवहरूको अन्धतापूर्वक यान्त्रिक नक्कल गर्नु भनेको जडसूत्रवाद हो । यो सामान्यलाई ज्यादा जोड दिएर हरेक मुलुकको विशिष्टतालाई बिर्सिदिनु हो वा पर्याप्त ध्यान नदिनु हो ।

समय र परिवेश कहिल्यै स्थिर रहँदैन, त्यो लगातार बदलिरहेको हुन्छ । विशिष्टलाई पर्याप्त ध्यान दिनु भनेको बदलिएको समय र परिस्थितिलाई ठीक तवरले ठम्याउनु हो । जब बदलिएको समय र परिस्थिति ठीक तवरले ठम्याइदैन, आँखा चिम्लेर एक समयको वा एक स्थानको सफल क्रान्तिको अनुभवलाई प्रयोग गर्ने कार्य हुन्छ, अवश्य नै सामान्यको विशिष्टसित द्वन्द हुन्छ र ठूला ठूला थेग्न नसक्ने नोक्सानी व्यहोर्नु पर्ने गरी दुर्घटना हुन्छ । क्रान्तिकारीहरूले हमेशा यस्तो गल्तीबाट बच्ने कोशिस गर्नुपर्छ ।

यो गल्तीबाट बच्ने हो भने के कुरा ध्यानमा राखिनु जरूरी छ भने कुनै पनि सामान्य अर्थात् सफल क्रान्तिकारी सिद्धान्त, त्यो जतिसुकै ठूलो आदरणीय मान्छेले निकालेको किन नहोस्, हरेक



**कुनै पनि सामान्य अर्थात् सफल क्रान्तिकारी सिद्धान्त, त्यो जतिसुकै ठूलो आदरणीय मान्छेले निकालेको किन नहोस्, हरेक विशिष्टमा अन्धतापूर्वक लागु हुनसक्दैन ।**

विशिष्टमा अन्धतापूर्वक लागु हुनसक्दैन । किनभने, सफल क्रान्तिकारी सिद्धान्त एउटा निश्चित समय र परिस्थितिमा पैदाभएको र सही सावित भएको हुन्छ । परन्तु त्यो निश्चित समय र परिवेश स्थिर रहँदैन, त्यो त लगातार बदलिरहेको हुन्छ । त्यसैले, जुनसुकै सफल क्रान्तिकारी सिद्धान्त अर्थात् सामान्यलाई जुनसुकै मुलुकको विशिष्ट समय र परिस्थितिमा प्रयोग गर्दा पनि बदलिएको यथार्थसित, अर्थात् विशिष्टसित त्यसको द्वन्द भइहाल्छ । यही द्वन्दले त नयाँ नयाँ अनुभव, क्रान्तिकारी सार र गूदीहरू पैदागर्छ । क्रान्तिकारी सिद्धान्त (अर्थात् सामान्य) पहिलेभन्दा परिमार्जित र उन्नत बन्दछ ।

यही हुनाले क्रान्तिकारीहरूले कुनै पनि क्रान्तिकारी अनुभव र सिद्धान्तलाई कहिल्यै पनि पूर्ण, अन्तिम र जतासुकै र जहिलेसुकै पनि आँखा चिम्लेर लागु गर्न सकिने ठान्नु हुँदैन । उनीहरूले हमेशा सामान्यलाई प्रयोग गर्दा भिन्नता र विशिष्टतालाई ध्यानमा राख्नुपर्छ । खुट्टाअनुसार जुत्ता काट्नुपर्छ, जुत्ताअनुसार खुट्टा कदापि होइन ।

जडसूत्रवादीहरूको ठीक विपरित, व्यवहारवादी र अवसरवादीहरू भने- सामान्यलाई अक्सरतया कम जोड दिन्छन् वा बिर्सी नै दिन्छन् । उनीहरूको जोड जहिले पनि विशिष्टतामाथि हुन्छ । देशमा भिन्न परिस्थिति छ, भिन्न समय छ भन्ने नाममा उनीहरू क्रान्तिकारी सिद्धान्तको मुख्य गूदी नै छोडीदिन्छन् । क्रान्तिकारी ध्येय र आदर्श नै बिर्सीदिन्छन् । जडसूत्रवादजस्तै व्यवहारवाद पनि सामान्य र विशिष्टमध्ये पछिल्लो एउटालाई मात्र असन्तुलित ढंगले ज्यादा जोड दिनाले पैदाभएको हुन्छ ।

सही बाटो सन्तुलनमा छ । क्रान्तिकारीहरूले क्रान्तिकारी सिद्धान्तको चूरो कुरा, आफ्नो ध्येय, आदर्शको गूदी अर्थात् सामान्यलाई पनि छोड्नु हुँदैन, विशिष्टता अर्थात् समय र परिस्थितिको भिन्नतालाई पनि हमेशा ध्यानमा राख्नुपर्छ । यसो गर्नु धेरै गाह्रो कुरा छ । परन्तु यही गाह्रोमा सही बाटोको गोरेटो फेला पर्ने गर्छ ।

लेनिनको भनाइ छ- "हरेक सामान्यले केवल मोटामोटी रूपले मात्र विशिष्ट कुराहरूलाई समेटेको हुन्छ । हरेक विशिष्टले अपूर्ण रूपमा सामान्यभित्र प्रवेश गर्छ ।" *(हेर्नुहोस्-उही)* यो भनाइ धेरै महत्वपूर्ण र अर्थपूर्ण छ । यसले के प्रष्ट्याएको छ भने- हामी जो सामान्य भन्छौं त्यो कहिल्यै अन्तिम र परिपूर्ण हुँदैन, किनकि त्यसले मोटामोटी तवरले मात्र विशिष्ट सारहरूलाई समेटेको हुन्छ । त्यस्तै, हरेक विशिष्ट सामान्यभित्र प्रवेश गर्दा अपूर्ण रूपमा मात्र प्रवेश गर्छ ।

क्रान्तिकारीहरूले गल्ती ज्यादाजसो तब गर्छन् जब उनीहरू कुनै पनि सामान्यलाई अन्तिम र पूर्ण ठान्दछन् । त्यसमा अझै बुद्धि विवेक लगाएर सामान्यलाई व्यवहारमा प्रयोग गर्दा भिन्नता वा विशिष्टतामाथि ज्यादै होश पुऱ्याउनु पर्ने वा भिन्नतामा ध्यान दिंदा सामान्यलाई बिर्सन नहुने जरूरत उनीहरू महसूस नै गर्दैनन् । यदि यही एउटा असन्तुलनमात्र हटाउने हो भने पनि धेरै मात्रामा जडसूत्रवादी वा व्यवहारवादी गल्ती सच्चिन संभव छ । ❑



# मकालु यातायात

फोन नं. २८१७०४

| *जाने स्थान* | *छुट्ने समय* |
| --- | --- |
| काठमाण्डौ - काकडभिट्टा | बिहान ५:०० बजे |
| काठमाण्डौ - भद्रपुर | बिहान ५:१० बजे |
| काठमाण्डौ - उर्लाबारी-मधुमल्ला | बिहान ५:२० बजे |
| काठमाण्डौ - विराटनगर | बिहान ५:४५ बजे |
| काठमाण्डौ - राजविराज | बिहान ६:०० बजे |
| काठमाण्डौ - सिरहा-माडर | बिहान ६:१५ बजे |
| काठमाण्डौ - मलंगवा | बिहान ६:३० बजे |
| काठमाण्डौ - विराटनगर दोस्रो | बिहान ६:४५ बजे |
| काठमाण्डौ - धरान | बिहान ७:०० बजे |
| काठमाण्डौ - जनकपुर | बिहान ७:२० बजे |
| काठमाण्डौ - गौर | बिहान ७:४० बजे |
| काठमाण्डौ - बिरगंज | बिहान ७:०५, ८:००, १०:००, १०:१५, ११:०० र १२:१५ बजे |
| काठमाण्डौ - कलैया | बिहान ८:०० र १०:१५ बजे |
| काठमाण्डौ - बरहथवा | बिहान ८:३० बजे |
| काठमाण्डौ - भरतपुर | बिहान ८:३०, ९:१५ र ११:४५ बजे |
| काठमाण्डौ - मितानगर | दिउँसा १:३० बजे |
| काठमाण्डौ - पर्साढाप-मेघौली | दिउँसो १:५५ बजे |
| काठमाण्डौ - नारायणगढ-विशालचोक | दिउँसो २:२० बजे |
| काठमाण्डौ - बिरगंज रात्री | बेलुका ८:१५ बजे |

**आरामदायी तथा भरपर्दो सेवाको लागि मकालु यातायातलाई सम्झनुहोस् !**

# छिमेकी-हरुलाई चिन्ने असल माध्यम




**साहित्य** गुथि, रक्तकाली काठमाण्डौले २०५७ वैशाखमा एउटा निकै महत्वपूर्ण पुस्तकको नेपाली अनुवाद प्रकाशित गरेको छ । यो चुनिएका दक्खिन भारतीय कथाहरूको संकलन हो । तसर्थ, किताबको नाम पनि "दक्खिना बाली" राखिएको छ । यस पुस्तकका अनुवादक चर्चित साहित्यकार चैतन्यकृष्ण उपाध्याय र सम्पादकमा अर्का साहित्य र राजनीतिमा धेरै नाम चलेका व्यक्तित्व पद्मरत्न तुलाधर हुनुहुन्छ । यो पुस्तक सन् १९९४ मा अंग्रेजी भाषामा रूपा कम्पनीले प्रकाशित गरेको थियो । त्यसका संपादक गीताहरिहरण हुनुहुन्छ ।

संकलनमा दक्षिण भारतका चारवटा राष्ट्रिय भाषाका पन्ध्रवटा कथाहरू छन् । मलयालमबाट सि.भि. श्रीराम्, मानसी र आनन्दका कथाहरू राखिएका छन् । तामिलबाट सा.कण्डसामी, थोपिल मोहम्मद मीरान, दिलीपकुमार र कोनरीका कथा राखिएका छन् । कन्नडका वि. लङ्केश, जयन्त कैकिनी, बैदही र मोगल्ली गणेश छन् । र, तेलगुका स्वामी, अब्बुरी छायादेवी, चक्रवेणु र अल्लाम रजैयाह रहेका छन् । किताबमा कथा र कथाकारहरूको संक्षिप्त परिचय पनि दिइएको छ ।

यो संग्रहको मुख्य विशेषता के हो भने यहाँ संकलित कथाहरू आजको विश्वमा विकसित भएको कथा लेखनको संरचना, शिल्प, संचेतना र रचना-प्रक्रियाका आदर्श उदाहरण बन्न सकेका छन् । तिनीहरू भारतको अरू भाषा हिन्दी, बंगाली वा मराठीका समकक्षमात्र होइनन्, अहिले अग्रपंक्तिमा रहेका एसियाका अरू भाषाका र अफ्रिका र ल्याटिन अमेरिकाका राम्रा कथाहरूको हाराहारीमा छन् । अधिकांश कथाहरूले आजको युगको मानवीय संकट, सांस्कृतिक, राजनीतिक र आर्थिक क्षेत्रमा बढिरहेको मूल्य विघटन र उत्तर आधुनिक नागरिक चेतनाका तमाम मुद्दाहरूलाई अत्यन्त शक्तिशाली तेवरमा कलात्मक प्रतिविम्बन गरेका छन् । प्रायः सबै कथाहरूको प्रवृत्तिगत रूझान चाहिँ रूप र अन्तर्य दुवै दृष्टिले यथार्थवादी परम्परामा आधारित देखिन्छन् ।

मलयालमका कथाकार सि.भि. श्री रामनको कथा 'बाँच्नेहरूका लागि काजक्रिया' संग्रहमा उपल्लो दर्जाको कथा हो । यही कथाको उचाइमा तामिल कथाकार सा. कण्डसामीको 'हाम्रो शहर' दिलीपकुमारको 'ऐना', कन्नड कथाकार वि. लङ्केशको 'सहपाठी', मोगल्ली गणेशको 'धानवाली' र तेलगु कथाकार स्वामीको 'वर्षा' र अल्लाम रजैयाहको 'मनभित्रको विध्वंश' पनि पर्न गएका छन् । 'बाँच्नेहरूको काजक्रिया'मा उच्च वर्गीय व्यभिचारमाथि खतरनाक व्यंग्य कसिएको छ । 'हाम्रो शहर', 'सहपाठी', 'धानवाली', 'ऐना' र 'मनभित्रको विध्वंशमा' राजनीतिक, सांस्कृतिक र आर्थिक विघटनका छायामा हुर्किएर जोखिममा परेको मानवताको विचल्लीको गाथा छ भने 'वर्षा'मा मान्छे र प्रकृतिको संघर्षबारे कलात्मक चित्रण गरिएको छ । अल्लाम रजैयाहको 'मनभित्रको विध्वंश' कला र विचारको उत्कृष्ट संयोजनको एउटा अनुपम उदाहरण हो ।


संग्रहमा अर्काखाले कथाहरू पनि रहेका छन्, जसले नारीवादको चर्को वकालत गरेका छन् । नारीवाद पुरानो इतिहास भएको मुक्ति आन्दोलनको एउटा चिन्तन प्रणाली भए पनि बीसौं शताब्दीको उत्तरार्धको पछिल्लो दुई दशकमा यसको बढी बिस्तार भएको पाइन्छ । यसको प्रभाव लेखकहरूमा पर्नु स्वभाविक हो । अझ महिला लेखकहरूमा यसको मुद्दा बढी गम्भीर र संवेदनशील भएर उठेको पाइन्छ । त्यसैअनुरूप यो संकलनमा परेकी मलयालम कथाकार मानसीको 'अर्शभारतकी देवी' कन्नड कथाकार वैदेहीको 'साविती बयान', तेलगु कथाकार चक्रवेणुको 'कुवेत सावित्रम्मा' अब्बुरी छायादेवीको 'बूडरोज' र तामिल कथाकार कोनरीको 'छायाँखेल' कथाहरूले नारीमाथिको पितृसत्तात्मक उत्पीडन र त्यसका मूल्यहरूबारे कलात्मक विमर्श प्रस्तुत गरेका छन् ।

'यसलाई कसरी रोक्ने होला अब ?' शीर्षकको तामिल कथा थोपिल मोहम्मद मीरानको निकै राम्रो व्यंग्यकथा हो । यस्तै कन्नड भाषाका जयन्त कैकिनीको कथा 'दगडु परबको अश्वमेध' पनि यही काँटको अर्को कथा हो । यिनीहरूमा अन्तर के छ भने अघिल्लोले अत्यन्त गम्भीर व्यंग्यलाई आफ्नो दृष्टिबोध बनाएको छ भने पछिल्लोले मनोरंजनलाई । तथापि यी दुवै कथाहरूले आधुनिक कथा लेखनको विश्वजनीन एउटा धारा र प्रवृत्तिलाई प्रतिनिधित्व गर्छन् । यस अर्थमा थोपिल, मोहम्मदको कथाको अन्तरवस्तु र कलात्मक उचाइचाहिँ निकै शिखरमा देखिन्छ ।

यस हिसाबले यो पुस्तक नेपाली कथा विधामा रचनात्मक श्रेष्ठताको अभिष्ट राखेर दौडिरहेका लेखक र राम्रा कथाहरू आस्वादन गर्न पल्केका पाठकहरूका निम्ति निकै लाभदायक छ । अनुवादकको प्रयत्न अत्यन्त सह्राहनीय छ, किनकि भाषाको सरलता र श्रेष्ठतालाई उनले राम्ररी निर्वाह गरेका छन् । कतैकतै छपाईमा साना मसिना अशुद्धिहरू छन्, तर ती अनुवादकको दोष नभएर मुद्राराक्षसको करामतजस्ता लाग्छन् । सम्पादक पद्मरत्न तुलाधरले पनि यसमा निकै मेहनत गर्नुभएको देखिन्छ । सारांशमा भन्नु पर्दा 'हाम्रा छिमेकीहरूलाई चिन्न' यो किताब अत्यन्तै भरपर्दो र उत्कृष्ट छ ।


❑ नारायण ढकाल

## ◀ उल्लेख्य





**आइज्याक न्यूटन र अन्य वैज्ञानिकहरू**

विधा : जीवनी
लेखक : तुल्सीदास महर्जन
प्रकाशक : अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
पृष्ठ : ६०
मूल्य : रु. ३०/-



**पानीको कथा**


विधा : पानी सम्बन्धमा सचित्र विवरण
लेखक : शान्तदास
प्रकाशक : बालकोसेली प्रकाशन
पृष्ठ : २८
मूल्य : रु. २५/-




**हजूरबाको थाल**

विधा : बाल कथा संग्रह
लेखक : शारदारमण नेपाल
प्रकाशक : सिर्जनशील प्रकाशन
पृष्ठ : ३६
मूल्य : रु. १८/-





# संकटकालमा माले र एमाले



— विमल निभा —

यति मारियो र उति मारियो टाइपका एकनासे संकटकालीन खबर पढेर विरक्त भइरहेको याममा एउटा भिन्न प्रकृतिको समाचारले मलाई आकर्षित गऱ्यो- नेकपा माले र नेकपा एमाले मिल्ने भए । यसले अखबारका तमाम पाठकहरुलाई पर्याप्त आडभरोसा दिएको हुनुपर्छ, होइन र ? म त अति उत्साहित छु । कुन्नि, तपाईंको स्थिति कस्तो छ ।

म ध्यान दिएर पढ्छु, एमाले र मालेका ठूला नेताहरु, दुवै महासचिवहरुसमेतले सहर्ष घोषणा गरेका छन्- देशवासीहरु हो ! सुन्नुहोस्, हामी एक हुँदैछौं । समयावधि स्पष्ट रुपले किटान गरिसकिएको छ, दुईतीन सप्ताहभित्र । अर्थात् एक सप्ताहअघि पनि होइन र पछि पनि होइन । के समयसँग समानान्तर गतिले हिँड्नु भनेको यही होइन ? यसले के निष्कर्ष निस्कन्छ भने, यी दुई कम्युनिष्ट पार्टीहरु, माले र एमालेले संकटकाललाई राम्ररी चिनेका छन् । दुवै पार्टीका पोलिट्ब्यूरो मेम्बर, केन्द्रीय सदस्य र राष्ट्रिय पार्षदहरुको अनायास प्रशंसा गर्नैपर्छ । किनभने यिनीहरु बेलाका सही पारखी हुन् ।

मलाई यो खबरले यतिविघ्न तान्नुपर्ने एउटा खास कारण छ । म त्यसै अनाहकमा आकर्षित भएको नठान्नोस् । र, त्यो के भने- म मालेमा छु । यसपश्चात् कहाँ हुनेछु, यो भन्न अत्यन्त कठिन छ । किनभने माले र एमालेको संयुक्त रुप, रंग र रोगनको के नामाकरण हुनेछ, यो भविष्यको गर्भमा छ । म कुनै भविष्यवक्ता होइन । हेर्नोस्, एमाले भनेको एकीकृत मार्क्सवादी लेनिनवादी हो । अब एकीकृत मार्क्सवादी लेनिनवादी पुनः अर्को मार्क्सवादी लेनिनवादीसँग एकीकृत हुँदा के भन्नुपर्ने हो, यो एउटा गहन अनुसन्धानको विषयवस्तु हुनसक्छ । एउटा नाम म विनम्रतापूर्वक सुझाउँछु- पुनर्एकीकृत मार्क्सवादी लेनिनवादी । संक्षेपमा पुमाले । के यो नाउँ सुहाउँदो छैन, बन्धुहरु ?

अँ, त म कुरा गर्दै थिएँ, म मालेमा छु । यसको कारण के हो भने, ऐतिहासिक कारण भनौं, मेरा केही अभिन्न मित्रहरुले मलाई तानेर मालेमा राखिदिए र म त्यहींको त्यहीं छु । यसको अर्को गाँठी कारण मेरो अल्छीपना पनि हो । अन्य कुनै विशेष कारणको खोज नगरे हुन्छ । आ-आफ्नो स्वभाव हो । यसबीच मेरा एक परम मित्र मालेबाट स्वाभाविक तवरले एमालेमा गए र फेरि मालेमा आए र अहिले एमालेमा चैनपूर्वक शयन गरिरहेका छन् । म भने मालेको मालेमै छु । कुनै परिवर्तन छैन । यो अर्कै कुरो हो, माले पनि दुईटा भइसकेको छ । छ नै । एउटा, झापाली भनेर चिनिने माले र अर्को नम्बर दुईमा, हाम्रो महासचिव वामदेव गौतमको माले । हाल म वामदेवको मालेमा छु । तसर्थ माले र एमालेको धुमधामले एकता हुने भयो भन्ने सुसमाचारले मेरो उत्सुकताको मात्रा बृद्धि हुनुमा के आश्चर्य छ ? तर तत्कालै यसको सोही स्तरको प्रतिक्रिया आयो, एमालेको केन्द्रीय प्रवक्ताबाट - एमाले र मालेको एकताको खबर प्रतिक्रियावादीहरुले फैलाएका हुन् । तर यो खबर जन्माउने, फैलाउने र चंगाझैं आकासमा उडाउने उनकै पार्टीका नेताहरु हुन् । यसले पनि निःशुल्क मनोरंजन नै भयो । तर एकछिनपछि मन खिन्न भयो । के साँच्चै माले र एमालेको मिलनको समाचार मिथ्या हो ? तर एमालेका प्रवक्ता महोदय जुन छन्, उनी सहीलाई झूठ र झूठलाई सहीमा परिणत गर्न अतिव निपुण छन् । अतःएव उनको भनाइको भाषा, शैली र नेपथ्यको अर्थले मेरो मन ढुक्क भयो । उनलाई मेरो तर्फबाट धन्यवाद !

एमाले र मालेको एकताले म यतिसारो उत्साहित हुनुको कुनै सैद्धान्तिक कारण छैन । किनभने एमाले र मालेमा बस्दाबस्दै मेरो विचारको अभ्यास छुटिसकेको छ । म सोच, चिन्तन आदिबाट मुक्त छु । यही मुक्तिमार्ग हो । मैले कुनै पनि प्रकारको सिद्धान्तको त्याग गरिसकेको छु । म एक त्यागी पुरुष हुँ । अझ वैरागी नै भन्नोस् । त्यस उसले म सिद्धान्त-फिद्धान्तको विलासितामा किन लागूँ ? वस्तुतः कुरो के हो भने म मालेमा आउँदा मेरा केही घनिष्ट मित्रहरु एमालेमै छुटे । तिनीहरुसित कथंकदाचित साक्षात्कार हुँदा म प्रफुल्लित मुद्रामा भन्थें- हाय, हल्लो, के हाल-खबर छ मित्रहरु ? तर अपसोस । सबै परक्क मुन्टो बटारेर हिँड्थे । कहाँसम्म भने- हुँदाहुँदै तिनीहरु मलाई देख्नासाथ सडक, फुटपाथ र गल्ली नै छलेर हिँड्न थाले । नदेखेझैं गर्न थाले । के यो मेरो लागि सह्य हुन सक्थ्यो ? तर शीघ्र त्यो दुःखदायी अवधिको अन्त्य हुनेभयो । बल्ल मित्र-मिलाप हुनेभयो र एकपटक फेरि जम्ने भयो, हामीबीचको अन्तरंग संवाद । गफसफ नै भन्नोस् । हात-सात पनि मिलाइने भइयो । यही आनन्दातिरेकमा म निमग्न छु । तर अर्को कारण, सम्भवतः मुख्य कारण मैले झण्डै तपाईंहरुलाई भन्न बिर्सेको । कृपया ध्यान दिनोस् । त्यो के हो भने- माले र एमालेले अंकमाल गरे सत्ता प्राप्तिको सशक्त सम्भावना हुन्छ । सरकारमा जाने भइयो ...... भन्ने हल्ला बराबर फैलाउने पनि गरिएको छ । सुनेर चित्त बडो हर्षित हुन्छ । आत्मा नै हाँस्न थाल्छ । अट्टहासको इच्छा हुन्छ । किनभने सरकारमा भएको पार्टीको मान्छेले केही न केही प्राप्ति गर्छ । यही प्रजातन्त्रको चलनचल्तीको दस्तुर हो । जस्तो सल्लाहकार, अध्यक्ष, महाप्रबन्धक आदि । यहाँ स्मरणीय के छ भने म एक पटक एमालेको नौ महिने शासनकालमा जी.एम. भइसकेको छु । मलाई स्वादको ज्ञान छ । अहा ! के त्यो सुनौलो काल फेरि आउँदैछ ?

अन्त्यमा म माले र एमालेका एकतामा लागेकाहरुलाई हृदयदेखि साधु-साधु भन्न चाहन्छु । गजब छ । संकटकालको पनि उपयोगिता हुँदोरहेछ । मलाई थाहा थिएन । यहीबीच एकता गरेर दुई कम्युनिष्ट पार्टीका श्रद्धेय नेताहरुले यो सजिलैसित प्रमाणित गर्ने भए । म त दंग छु । संकटकालको पनि यसरी लाभ उठाउन सक्नु चानचुने सामर्थ्य होइन । यो उपयोगिताको चरम हो । म हाम्रा (अब यो शब्द मजाले प्रयोग गर्न सकिन्छ) उपयोगितावादी नेताहरुलाई यसको लागि बधाई दिएर कलम बिसाउँछु ।

□□


# पदार्थको नयाँ तथा पाँचौ अवस्थाको आविष्कार

- तुल्सीदास महर्जन -


पदार्थ एउटा मुख्य दार्शनिक अवधारणा हो । मानव चेतनाभन्दा बाहिर स्वतन्त्र अस्तित्वमा रहेर आफ्नै प्राकृतिक (स्वयं सिर्जित) नियममा निरन्तर गतिशील, जसलाई मानव चेतनाको प्रयत्नद्वारा थाहा पाउन सकिन्छ, त्यस्तो कुनै पनि चीज पदार्थ हो । दार्शनिक भाषामा एकजना मान्छेको लागि अर्को मान्छेको चेतनासमेत पनि पदार्थ हुन्छ । किनकि एकजना मान्छेको निम्ति अर्को मान्छेको चेतना उसको आफ्नो चेतनाबाट स्वतन्त्र अस्तित्वमा रही आफ्नो प्राकृतिक नियममा निरन्तर गतिशील रहने चीजको रूपमा रहेको हुन्छ ।

तर भौतिक विज्ञानमा पदार्थको अवधारणा अलि साँगुरो छ । त्यसअनुसार यो विश्व र विश्वब्रम्हाण्डमा रहेका सम्पूर्ण भौतिक वस्तुहरू नै पदार्थ हुन्, जुन मानव चेतनाभन्दा स्वतन्त्र रही आफ्नै नियममा निरन्तर गतिशील अवस्थामा रहेका हुन्छन्, जसलाई प्रयत्नद्वारा मानव चेतनाले थाहा पाउन भने सकिन्छ ।

शुरूमा भौतिक विज्ञानले पदार्थका तीन अवस्थामात्र देखेको थियो- ठोस, तरल र ग्याँस । पृथ्वीमा पदार्थ यी तीन अवस्थामा मात्र रहेको देखिन्छ । हामी हाम्रो वरपरका वस्तुहरू कि ठोस अवस्थामा, कि तरल अवस्थामा वा कि त ग्याँस अवस्थामा रहेका पाउँछौं । बरफ ठोस अवस्था हो भने पानी त्यही वस्तुको तरल अवस्था हो । र, वाफ त्यही वस्तु पानीको ग्याँस अवस्था हो ।



'बोस-आइन्स्टाइन संघनन' प्राप्त गर्न प्रयोग गरिएको उपकरणको साथमा वैज्ञानिकहरू : एरिक कोर्नेल (बायाँ) र कार्ल वीमान (दायाँ)



बायाबाट क्रमशः कम चिसा रुबिडियम परमाणुहरूको बादल : पहिलो 'बोस-आइन्स्टाइन संघनन' देखिनुअघि, दोस्रो संघनन प्राप्तिको लगत्तै र तेस्रो परमाणु वाष्पीकरण प्रक्रिया अपनाइएपछि, जहाँ झण्डै शुद्ध संघननको नमूना छोडिएको देखिन्छ ।

तर पदार्थको चौथो रूप पनि हुन्छ भनेर वैज्ञानिकहरूले बीसौं शताब्दीको पाँचौ दशकतिर एउटा नयाँ विचार अगाडि ल्याए । उनीहरूले त्यो अवस्था 'प्लाज्मा' (Plasma) हो भने । तर 'प्लाज्मा' शब्दको उत्पत्ति भने सन् १९२३ मा नै भएको थियो । वैज्ञानिक इर्भिङ्ग लाङ्गमुइरले विद्युत डिस्चार्ज (electric discharge) सम्बन्धमा जाँच पड्ताल गर्ने क्रममा यो शब्दलाई सर्वप्रथम प्रयोगमा ल्याएका थिए ।

पदार्थको 'प्लाज्मा' अवस्थाको अध्ययनको जग भने धारा विद्युतका आविष्कारक महान वैज्ञानिक माइकल फाराडेले सन् १८३० मा हालेका थिए । त्यस्तै गरी यसको अध्ययनमा पछिल्लो तहको जग हाल्नमा उन्नाइसौं शताब्दीको अन्त्यतिर वैज्ञानिकहरू जे जे थोम्सन र जे.एस. एडवार्डले महत्वपूर्ण भूमिका खेलेका थिए ।

'प्लाज्मा' को अध्ययनको क्रम उन्नाइसौं शताब्दीको अन्त्यपछि पनि निरन्तर चलिरह्यो । त्यसअनुसार ग्याँसको तापमान ३००० K (K=Kelvin) भन्दा बढी हुन गएमा ग्याँस त्यही अवस्थामा नरही अर्को भिन्न अवस्थामा रहन पुग्छ । त्यस अवस्थामा परमाणुहरू आयोन, Ion (विद्युत आवेशयुक्त कण)को रूपमा रहेका हुन्छन् । अर्थात् सम्पूर्ण पदार्थ आयोनाइज्ड (Ionized) अथवा विद्युत आवेशयुक्त ग्याँसको रूपमा रहेको हुन्छ, जहाँ कणहरू जथाभावी ढंगले रहेका हुन्छन् । पदार्थको यो अवस्था नै 'प्लाज्मा' हो भनेर वैज्ञानिकहरूले ठोकुवा गरे । यसलाई सन् १९५० को दशकमा आएर सबैले स्वीकारे ।

सन् १९५० को दशकदेखि पदार्थको 'प्लाज्मा' अवस्थाको खोज अन्तरिक्षमा थालियो । किनकि पृथ्वीमा प्राकृतिक रूपमा पदार्थको 'प्लाज्मा' अवस्था छैन । खोज अनुसन्धानबाट सन् १९७० को दशकतिर आएर वैज्ञानिकहरूले सूर्य तथा ताराहरूलगायत अन्तरिक्षमा देखिने सम्पूर्ण पिण्डहरूमा पदार्थको 'प्लाज्मा' अवस्था रहेको तथ्य पत्ता लगाए ।

वैज्ञानिकहरूले प्रयोगशालामा पदार्थको प्लाज्मा अवस्था सिर्जना गरेका छन् । त्यसलाई उनीहरूले फ्लोरेसेन्ट ट्यूब बनाउन तथा अन्य विभिन्न वैज्ञानिक परीक्षणहरूमा प्रयोग गरेका छन् ।

पदार्थको चौथो अवस्था पत्ता लगाएको करिब आधा शताब्दीपछि अब वैज्ञानिकहरूले पदार्थको अर्को अवस्था अर्थात् पाँचौ अवस्था आविष्कार गरेका छन् । वैज्ञानिकहरूले अहिले पदार्थको जुन पाँचौ अवस्था प्रयोगशालामा आविष्कार गरेका छन्, त्यो ब्रम्हाण्डमा कहीं पनि छैन र हुन सक्दैन पनि । प्रयोगमा जुटेका वैज्ञानिकहरूको

भनाइ यही नै रहेको छ ।

वैज्ञानिकहरूले प्रयोगशालामा तयार पारेका पदार्थको पाँचौ अवस्थालाई 'बोस-आइन्स्टाइन संघनित पदार्थ' (Bose-Einsteins Condensed Matter) नाम राखिएको छ । केही भौतिकविद्हरूले यसलाई 'सुपर परमाणु' (Super Atom) भनेर पनि नामाकरण गरेका छन् ।

आजभन्दा ७० वर्षअगाडि महान् वैज्ञानिक अल्बर्ट आइन्स्टाइन र भारतका वैज्ञानिक सत्येन्द्रनाथ बोसले पदार्थको यो पाँचौ अवस्थाको कल्पना गरेका थिए । उनीहरूले गणितीय खोजको माध्यमबाट संयुक्त रूपमा के निष्कर्ष निकालेका थिए भने कुनै पदार्थका परमाणुहरूलाई कुनै तरिकाबाट अत्यधिक कम तापमानमा ओराल्दा तिनीहरू अद्‌भुत रूपले एक अर्कामा स्थिर हुन आउँछन् । र, यो वास्तविक रूपमा एक अनौठो तथा भिन्न अवस्थाको पदार्थमा रूपान्तरित हुन्छ । परमाणुहरूलाई एक अर्कामा स्थिर अवस्थामा ल्याउने त्यस प्रक्रियालाई 'बोस - आइन्स्टाइन संघनन' (Bose - Einstein Condensation) भनिन्छ ।

वैज्ञानिकहरूले अहिले प्रयोगशालामा तयार पारेको पदार्थको पाँचौ अवस्था, आइन्स्टाइन र बोसले सैद्धान्तिक रूपमा तयार पारेको त्यही 'बोस - आइन्स्टाइन संघनन' प्रक्रियालाई प्रयोगात्मक रूप दिंदा नै आविष्कार हुन पुगेको हो । त्यसैले पदार्थको त्यस नयाँ र पाँचौ अवस्थालाई 'बोस - आइन्स्टान संघनित पदार्थ' भनिएको छ ।

पदार्थको पाँचौ अवस्था आविष्कार गरिएकोमा त्यसको श्रेय मुख्य रूपमा तीनजना वैज्ञानिकहरूले पाएका छन् । तीनजनामध्ये दुईजना एरिक कोर्नेल र कार्ल वीमान अमेरिकी वैज्ञानिकहरू हुन् । उनीहरू क्रमशः अमेरिकाको कोलोराडो राज्यको एक शहर बोल्डरस्थित 'कमर्श डिपार्टमेन्टस् नेशनल इन्स्टिच्यूट अफ स्ट्याण्डर्ड एण्ड टेक्नोलोजी'को एउटा संयुक्त कार्यक्रम र बोल्डरस्थित कोलोराडो विश्वविद्यालयमा अनुसन्धानरत छन् । त्यस्तैगरी पदार्थको पाँचौ अवस्थाको आविष्कारको कार्यमा श्रेय पाउने अर्का वैज्ञानिक हुन्- वाल्फ ग्याङ्ग केटरले । उनी अमेरिकाको म्यासाचुसेट्स प्रविधि संस्थामा अनुसन्धानरत जर्मन भौतिकशास्त्री हुन् ।

पदार्थको नयाँ तथा पाँचौ अवस्था आविष्कार गरेको कार्यको निम्ति वैज्ञानिकहरू एरिक कोर्नेल, कार्ल वीमान र वाल्फ ग्याङ्ग केटरलेलाई संयुक्त रूपमा सन् २००१ को भौतिकशास्त्रतर्फको नोबेल पुरस्कार प्रदान गरिएको छ ।

## *पदार्थको पाँचौ अवस्था कहिले र कसरी आविष्कार गरियो ?*

वैज्ञानिकहरू एरिक कोर्नेल र कार्ल वीमानले १५ वर्षसम्मको लगातार अत्यन्त कडा र कठिन मेहनतपश्चात् सन् १९९५ को जून ५ तारिखको दिन बिहान १०:५४ बजे पहिलोपटक पदार्थको पाँचौ अवस्थाअर्थात् 'बोस-आइन्स्टाइन संघनित पदार्थ' को आविष्कार गर्न सफलता प्राप्त गरेका थिए । उनीहरूको त्यो आविष्कारको रिपोर्ट सन् १९९५ को जुलाई १४ तारिखको 'साइन्स' जर्नलमा प्रकाशित भएको थियो ।

प्रयोगको क्रममा वैज्ञानिकहरू कोर्नेल र वीमानको टोलीले प्रयोगशालामा रूबिडियम तत्वका परमाणुहरूले बनेको एउटा सानो डल्लोलाई सर्वप्रथम लेसर (Laser किरण उत्सर्जनद्वारा अति शक्तिशाली बनाइएको प्रकाश) किरण लगाएर एक डिग्रीको १० अरबौं खण्डको अत्यन्त कम तापमानमा ओराल्यो, जुन परम शून्य तापमान (absolute zero, -459.67$^0$ f अर्थात् - 273.15$^0$c) भन्दा कम थियो । र त्यसपछि त्यसलाई पुनः वाष्पीकृत पानीले तातो पानीलाई विस्तारै चिस्याएजस्तै परमाणुहरूको वाष्पीकरण प्रक्रियाद्वारा पदार्थलाई चिस्याउने तरिकाबाट अभ्र चिस्याउने काम गरियो ।

वास्तवमा कोर्नेल र वीमानको टोलीले रूबिडियम परमाणुहरूको डल्लोलाई जुन न्यून तापमानसम्म तल ओराल्यो, त्यो तापमान त्यसअघिसम्म प्रयोगशालामा प्राप्त गर्न सकेको न्यून तापमानभन्दा ३०० गुना कम थियो । वैज्ञानिकहरूका अनुसार धेरै टाढाको अन्तरिक्षको खालि भागमा समेत त्यो तापमानभन्दा अरबौं गुना बढी तापक्रम रहेको हुन्छ । किनकि अरबौं वर्षअघि महाविष्फोटन (Big Bang) भई ब्रम्हाण्डको जन्म हुँदा छोडिएको हानेजस्तै हो । त्यस्तो अवस्थामा हामी रोकिन्छौं ।

यसरी लेसर किरणको आक्रमणले गर्दा त्यसभित्र कैद भएका परमाणुहरूको तापमान परम शून्य तापमान (absolute zero) भन्दा माथि एक डिग्रीको १० अरबौं खण्डसम्म तल झ्ऱ्यो । तर यो चिस्यान 'बोस- आइन्स्टाइन संघनन' तयार गर्नको निम्ति अझै धेरै बढी तातो थियो । त्यसपछि करिव एक करोड चिसा परमाणुहरूलाई प्रकाशको जाल (light trap) मा फसाइयो ।

त्यसपछि एकचोटि जालमा फसेका परमाणुहरूमा लेसर किरणको प्रवाह बन्द गरियो र ती परमाणुहरूलाई एउटा चुम्बकीय क्षेत्रभित्र राखियो । इलेक्ट्रोनहरूको घूर्ण (Spin) ले गर्दा पदार्थका सबै परमाणुहरूमा एउटा मसिनो चुम्बक कायम रहेको हुन्छ । त्यसैले वैज्ञानिकहरूका अनुसार यदि चुम्बकीय क्षेत्रलाई खास र उपयुक्त ढंगले व्यवस्थित गर्न सकेमा परमाणुहरूलाई त्यसभित्र पक्रेर कैद गर्न सकिन्छ ।



भौतिक शास्त्रमा नोबेल पुरस्कार विजेतामध्ये एक : उल्फग्यांग केटल

**कोर्नेल र वीमानको टोलीले पदार्थको पाँचौ अवस्था आविष्कार गर्न रूबिडियम तत्वका परमाणुहरू प्रयोग गऱ्यो भने उता म्यासाचुसेट्समा जर्मन वैज्ञानिक वाल्फ ग्याङ्ग केटरलेले सोडियम तत्वका परमाणुहरू प्रयोग गरे**

विकिरणको प्रभाव त्यो क्षेत्रमा अझै कायम छ ।

वैज्ञानिक कोर्नेलका अनुसार कोठाको तापमानमा रहेका परमाणुहरू सामान्यतया प्रतिघण्टा एक हजार माइलको दरले यताउति चलिरहेका हुन्छन् । र, जुन दरमा तापमान घट्छ त्यही दरमा तिनीहरूको गति पनि धिमा हुन्छ । लेसर किरण लगाएर र परमाणु वाष्पीकरण विधि प्रयोग गरेर एक डिग्रीको अरबौं खण्डसम्म तापमान तल ओरालिसकिएका परमाणुहरूको गति प्रतिघण्टा ३ फिटसम्म तल झरेको हुन्छ । तर 'बोस-आइन्स्टाइन संघनित पदार्थ' मा परमाणुहरूको गति योभन्दा पनि धेरै धिमा हुन्छ, अर्थात् लगभग तिनीहरूको गति नै हुँदैन ।

माथि भनिएझैं कोर्नेल र वीमानको टोलीले सर्वप्रथम रूविडियम तत्वका परमाणुहरूको सानो डल्लोलाई त्यसभित्रका परमाणुहरूको चाल धिमा गर्न 'डायोड लेसर किरण'हरूद्वारा उत्पादित प्रकाशद्वारा पक्रेर चिस्याउने काम गऱ्यो । यो प्रकाशको किरण कम्प्युटरहरूमा 'कम्प्याक्ट डिस्क प्लेर'मा प्रयोग हुने किरणहरू जस्तै हुन्छ । यस प्रक्रियामा 'इन्फ्रारेड लेसर'हरू पनि संलग्न गरिए, जसबाट रूविडियमका परमाणुहरूलाई फोटोन कणहरूको निरन्तर प्रवाहद्वारा अगाडि, पछाडि, बायाँ, दाया, माथि र तल गरी सबै दिशाबाट बम वर्षा रूपी आक्रमण गरियो । वैज्ञानिक वीमानका अनुसार यो आक्रमण हुरी बतासमा दौडँदा जुन दिशामा गए पनि निरन्तर हाम्रो अनुहारमा हावाले

कोर्नेल र वीमानको टोलीले त्यसरी चुम्वकीय क्षेत्रको जालमा कैद गरेपछि त्यसभित्रका सबभन्दा बढी ताता परमाणुहरू छानेर त्यस जालबाट तिनीहरूलाई धकेलेर बाहिर पठाउने काम गऱ्यो । यो काम गर्न त्यसले परमाणु वाष्पीकरण विधि अपनाएको थियो । यो कुरो माथि पनि उल्लेख भइसकेको छ । अनुसन्धानरत वैज्ञानिकहरूका अनुसार तुलनात्मक रूपमा ताता परमाणुहरू बाफिएर बाहिर गएपछि बाँकी रहेका सबभन्दा चिसा तथा संघनित परमाणुहरू करिव २ हजारको संख्यामा थिए । त्यसपछि ती परमाणुहरू तिनीहरूलाई चिस्याउनको निम्ति राखिएको जालबाट बाहिर निकालिए । तिनीहरूमा फेरि लेसर किरणको प्रवाह पठाइयो । यसले संघनित परमाणुहरूको डल्लोलाई अलग्गै ढंगले फुलायो र भित्र संघनित रूविडियम परमाणुहरू अत्यधिक कम तापमानमा गई अझ बढी खुम्चिए ।

यसरी सर्वाधिक संघननमा गएका परमाणुहरूले 'क्वान्टम भौतिक विज्ञानको नियम'लाई पछ्याइरहेका देखिन्थे । त्यस अवस्थामा त्यहाँको तापमान एक डिग्रीको २० अरबौं खण्डको एक खण्ड बराबरको रहन गएको अनुमान लगाइएको छ । र, त्यहाँ रूबिडियम परमाणुहरू एक अर्कामा खप्टिएर लत्पतिन गई मिसमास हुन पुगेका थिए । त्यस्तो किन भयो भने जसरी परमाणु भित्रको तापमान कम हुँदै जान्छ त्यसरी नै तिनीहरूको गति पनि धिमा हुँदै जान्छ । र, परमाणुहरूको गति धिमा

बाँकी ४६ पेजमा

# डेनमार्कमा कम्युनिष्ट आन्दोलन




## विशेष अन्तर्वार्ता : डे.क.पा.का अध्यक्ष बेट्टी कार्लसन्‌सँग


**मूल्यांकन : कहिले स्थापना भएको थियो तपाईं संलग्न रहनुभएको यो डेनमार्कको कम्युनिष्ट पार्टी ?**

**- बेट्टी कार्लसन्** : हाम्रो माउ कम्युनिष्ट पार्टीको स्थापना सन् १९१९ मा भएको हो । अक्टोबर क्रान्तिको दुई वर्षपछि । यस हिसाबले धेरै पुरानो पार्टी हो हाम्रो । परन्तु सन् १९९० मा सोभियत संघको विघटनको ठीक पछाडि यो पार्टी फुट्यो । फुट्नुको कारण पनि सोभियत संघसम्बन्धी धारणा थियो । पार्टीका पहिलेका नेता-कार्यकर्ताले गोर्वाचोभले सोभियत संघमा लिएको बाटोको समर्थन गरे । उनीहरूले भने कि अब पूँजीवाद नयाँ युगमा प्रवेश गरेको छ । हामीले यस मामिलामा त्यो धारणासित पूर्ण असहमति जाहेर गऱ्यौं । हामीले भन्यौं कि साम्राज्यवाद अब झन् डरलाग्दो रूपमा प्रस्तुत हुनेछ । यसमा सहमति कायम हुनसकेन । फलस्वरूप सन् १९९० मा बोलाइएको एउटा महाधिवेशनपछि पार्टी फुट्यो । त्यतिबेलाका पार्टीका अध्यक्ष स्वयम् गैर-कम्युनिष्ट पार्टीमा सामेल भए । उनी सांसद पनि भए । जनताको समाजवादी पार्टी नामको पार्टी उनले खोले । उनी स्तालीनवादको विरूद्ध पनि खडा भए । सोभियत संघमा गोर्वाचोभले जे जे गरे त्यसको पक्ष लिए उनीहरूले । त्यसको विरोध गऱ्यौं हामीहरूले । सन् १९९० मा हामीले पार्टीभित्र 'कम्युनिष्ट फोरम' खोल्यौं । हामीले सन् १९९३ मा डेनीश कम्युनिष्ट पार्टी खोल्यौं, किनकि उनीहरूले पुरानो कम्युनिष्ट पार्टी विघटन गरे ।

पार्टी शुरू गर्दा हामीले आर्थिक-भौतिक सबै हिसाबले जिरो विन्दुबाट शुरू गर्नुपऱ्यो । शुरूमा हामीले हाम्रो खबरपत्रिका बेच्नु पऱ्यो, घर बेच्नु पऱ्यो । यी सब बेचेर हामीले राम्रो आर्थिक जोहो गऱ्यौं र पार्टी खोल्यौं । किन कि वैचारिक हिसाबले भने हामी शुन्य विन्दुमा थिएनौं । पुरानो कम्युनिष्ट पार्टीको केन्द्रीय समितिको बहुमत हामीसित थियो ।

शुरूको वर्षमा डेनमार्कको श्रमिकवर्गमा सोभियत संघको विघटन र समाजवादी व्यवस्था धराशायी हुनुबाट काफी भ्रम सृजना भइरहेको थियो । त्यो भ्रम निवारण गर्न हामीले हाम्रो पहिलो वर्ष- स्थितिको व्याख्या-विश्लेषणमा लगायौं । सोभियत संघमा वास्तवमा के भएको हो ? त्यसको व्याख्या-विश्लेषण गऱ्यौं । त्यतिबेला साम्यवादको मशाल जोगाउनु हाम्रो मुख्य काम थियो, ताकि त्यही मशालबाट पछि विशाल आगो सृजना गर्न सकियोस् । त्यही कारणले हाम्रो जोड व्याख्या-विश्लेषण र भएको कम्युनिष्ट शक्ति संगठित गर्नुमा गयो । हाम्रो पार्टीमा थुप्रै मान्छेहरू सोभियत संघमा शिक्षित मान्छेहरू थिए । कैयन् त नेतृत्व तहमै थिए । तिनीहरूले कम्युनिष्ट पार्टीको संघर्षमा पूँजीपतिवर्गको पक्ष लिने प्रयत्न गरे । केही त CIA का मान्छेहरू पनि घुसेका रहेछन् । अहिले त्यो जम्मै स्पष्ट भएको छ । उनीहरूले कम्युनिष्ट पार्टी तहसनहस पार्ने प्रयत्न गरे । तर उनीहरू सफल भएनन् । अहिले उनीहरू कहाँ पुगे, थाहा छैन ।

अहिले स्थिति बदलिएको छ । श्रमिकवर्ग फेरि उठ्न थालेको छ, विशेषतः यूरोपेली संघका विरूद्धमा । किनभने यूरोपेली संघ भनेको विश्वव्यापीकरणकै यूरोपेली संगठित संस्करण हो । यसले यूरोपका पूँजीपतिको नाफा त चौपट्टै बढाउँछ, तर जनताको जीवनस्तर बढाउँदैन, बरू तल झार्छ । मजदूरहरूको निष्काशन र कटौती बढाउँछ । तसर्थ, हामीले यूरोपेली संघविरूद्ध आवाज उठायौं । मजदूरहरूलाई जागृत गऱ्यौं । हामीले यूरोपेली संघबारे भएको जनमत संग्रहमा जित्यौं पनि । गत ५ वर्षमा हामीले तीनवटा जनमत संग्रह जित्यौं । यो उत्साहजनक विजय हो । यसले संगठन बिस्तार भएको छ । श्रमिकवर्गमा हाम्रो सम्पर्क र संगठन वृद्धि भएको छ । हामी अहिले अत्यन्त उत्साहजनक स्थितिमा छौं ।



**मूल्यांकन : मजदूरहरूको स्थिति चाहिँ कस्तो छ नि डेनमार्कमा ?**

- नेपालको स्थितिसित तुलना गर्ने हो भने बिलासितापूर्ण स्थितिमा भएझैं देखिन्छ । परन्तु मजदूरहरूको समस्या हेर्ने हो भने त्यहाँका मजदूरहरूले बहुतै कडा काम गर्नुपर्छ । विश्वमै डेनमार्कका मजदूरहरूको श्रमको उत्पादनशीलता सबैभन्दा उच्च मध्ये एक मानिन्छ । तर, त्यस्ता रोगहरू ज्यादा लागिरहेछन् जुन कडा परिश्रमले पैदा गर्छ । जस्तो मानसिक तनाव, क्यान्सर आदि । अर्को समस्या बेरोजगारीले पैदा गरेको छ । हामीसँग पहिले बेरोजगारी त्यति ज्यादा थिएन । परन्तु अहिले आउँदा कैयन उद्योगहरू एशियाका श्रम सस्ता भएका क्षेत्रहरूमा सरे । फलस्वरूप धेरै मान्छे बेरोजगार निक्ले ।

बेरोजगारहरूलाई पहिले सामाजिक सुरक्षा कार्यक्रमअन्तरगत पेन्सन दिइन्थ्यो । हाम्रै तलबमा लाग्ने करबाट र ट्रेड यूनीयन शुल्कमार्फत् त्यो पेन्सन दिइन्थ्यो । अहिले पनि पेन्सन त पाइन्छ, तर त्यसको लागि काम गर्नुपर्ने भएको छ, दोस्रो दर्जाको मजदूरको रूपमा । काम गर्नुपर्ने उत्ति नै, तर दर्जा दोस्रो श्रेणीको मजदूरको । मेरो एरियामा त्यस्तो मजदूरलाई ज्याला अन्य मजदूरको तुलनामा ४९ देखि ५२ प्रतिशतमात्र कम दिइएको छ । अति नाफा खोज्ने पूँजीपतिवर्गको लागि उति नै काम गराएर आधा ज्याला दिए पुग्ने यो नयाँ व्यवस्था खूदोसरह भएको छ । त्यति ज्यालाले पनि डेनमार्कमा बाँच्न त पुग्छ, तर त्यो त शोषण र असम्मानजनक कुरो भयो नि । अन्य मजदूरहरूले चित्त नबुझेको कुरामा असन्तोष व्यक्त गर्न पाउँछन्, ज्याला सुविधाको सवालमा मोलतोल गर्न पाउँछन्, तर यी बेरोजगार पेन्सनका लागि काम गर्नुपर्ने मजदूरहरूले त्यस्तो अधिकार केही पनि पाउँदैनन् । यस हिसाबले यो व्यवस्था असम्मानजनक छ ।

पूँजीपतिवर्ग मजदूर वर्गमा फूट ल्याउन चाहन्छ । हाम्रो देशमा 'क', 'ख' र 'ग' दर्जाका मजदूरहरू सिर्जना गरेर मजदूरहरूबीच फूट पैदा गर्ने प्रयास हुँदैछ । यस्ता समस्या छन्- डेनमार्कमा ।

**मूल्यांकन : मजदूरहरूलाई शोषण गर्ने कस्ता अरू विधिहरू प्रचलित छन् त्यहाँ ?**

-निकै शोषित छन्, मजदूरहरू त्यहाँ । डेनमार्कको श्रमको उत्पादनशीलता सम्पूर्ण यूरोपेली संघका मुलुकको तुलनामा ४४ प्रतिशत ज्यादा छ । विश्वका अन्य विकसित मुलुकसित तुलना

**हाम्रो माउ कम्युनिष्ट पार्टीको स्थापना सन् १९१९ मा भएको हो । अक्टोबर क्रान्तिको दुई वर्षपछि । यस हिसाबले धेरै पुरानो पार्टी हो हाम्रो । परन्तु....**

गर्ने हो भने यो ५० प्रतिशतले ज्यादा छ । यसको मतलब हामी निकै प्रभावकारी ढंगले काम गर्दैछौं । पूँजीपतिको नाफाको लागि यो ठूलो योगदान हो । तर के गर्ने ? हाम्रो ज्यालाको ५० प्रतिशत आयकर भनेर सरकारले लिन्छ । दिइनेभन्दा आधा ज्यालामात्र हाम्रो हात पर्छ ।

हो, यो ५० प्रतिशत ज्याला काटेबापत हामी बिरामी पर्दा निःशुल्क उपचार पाउँछौं, बेरोजगार हुँदा पेन्सन पाउँछौं, वृद्ध हुँदा पेन्सन पाउँछौं, स्कूलदेखि विश्वविद्यालयसम्म निःशुल्क शिक्षा पाउँछौं । यो प्रणाली ठीक छ, तर हाल आएर यो प्रणालीमा विकृति आउन थालेको छ । सरकारले करमा वृद्धि पनि गर्न थालेको छ । सामान किन्दा पनि ट्याक्स तिर्नुपर्ने, वातावरणको लागि पनि ट्याक्स नै तिर्नुपर्ने र हरेक कुराको लागि ट्याक्स नै तिर्नुपर्ने गरिनाले ज्याला जतिसुकै उच्च भए पनि मजदूरको हातै नपर्ने हुन थालेको छ ।

हामीले मजदूरहरूको हकको लागि १०० वर्ष लड्यौं, परन्तु अहिले उनीहरू यो हक धमाधम खोस्दैछन् । हाम्रा सामूहिक अधिकारहरूमा कटौती हुँदैछ । निजीकरण डेनमार्कमा पनि बढ्दैछ- यूरोपेली संघको दबाबमा । त्यसैले, विश्वमा अन्यत्र जे समस्या छ, त्यो समस्या डेनमार्कमा पनि देखापरेको छ । राष्ट्रातीत निगमहरूले राज्यको नीतिमा हेरफेर ल्याउन दबाब दिंदैछन् । हाम्रो समाजवादी प्रजातान्त्रिक सरकार त्यो दबाबको सामु घुंडा टेक्दैछ । हामी भने घुंडा टेक्दै छैनौं । डेनमार्कको अर्थतन्त्रको अधिकांश भाग राष्ट्रातीत निगमहरूको कब्जामा छ । यूरोपेली संघले हाम्रो अर्थतन्त्रमाथि आफ्ना नीतिहरू लाद्ने प्रयत्न गर्दैछ । जनमत संग्रहमार्फत् हामीले यूरोपेली संघमा सामेल हुन इन्कार गर्दैछौं । हामीले भनिरहेका छौं कि हाम्रो आर्थिक नीतिहरू हामी स्वयंम तर्जुमा गर्छौं । सरकार भन्दैछ- यूरोपेली संघमा सामेल भयौं भने ठूलो बजार मिल्दछ, डेनमार्कलाई फाइदा हुन्छ । हामी भन्दैछौं- फाइदा पूँजीपतिलाई होला, परन्तु मजदूरहरूलाई, आमजनतालाई हुँदैन । हामी ज्यादा शोषितमात्र हुनेछौं । त्यसैले, हामी यूरोपेली संघमा सामेल हुन्नौं । यो सवालमा हाम्रो संघर्ष चल्दैछ ।

**मूल्यांकन : के तपाईंको पार्टीको संगठनको जालो देशव्यापी छ ?**

- हो, हामीसित देशव्यापी संगठनको जालो छ ।

**मूल्यांकन : तपाईंहरूको देशव्यापी संगठन फैलाउने माध्यम के ?**

- मुख्य रूपले ट्रेड यूनियन आन्दोलनमार्फत् हामी सर्वत्र संगठन फैलाउने प्रयास गरिरहेछौं । डेनमार्कमा ९० प्रतिशत मजदूरहरू ट्रेड यूनियनमा संगठित छन् । हाम्रो देशमा एउटै ट्रेड यूनियन छ- 'यूनीटी यूनियन' नाम गरेको । हामी पनि त्यही ट्रेड यूनियनभित्र बसेर काम गर्दैछौं । त्यो ट्रेड यूनियनमा बढीभन्दा बढी हाम्रा मान्छेहरू चुनिएर आउन् भनेर हामी प्रयत्न गर्छौं । हाम्रो रणनीति त्यही ट्रेड यूनियनमा चुनिएर आउने, त्यसैमा बसेर काम गर्ने र त्यसलाई वर्गसंघर्षको औजार बनाउने रहेको छ ।

हाम्रो दोस्रो प्राथमिकता भनेको यूरोपेली संघका विरूद्धमा जन-आन्दोलन उठाउनु हो । यो आन्दोलनमा देशको स्वतन्त्रता चाहने जनताका सबै तप्काका मान्छे आउन सक्छन् । हाम्रो पार्टी यो आन्दोलनको संस्थापकहरूमध्ये एक हो, जब यो सन् १९७१ मा संगठित भएको थियो ।

यसबाहेक शान्ति र ऐक्यबद्धताको सवाललाई लिएर पनि हामी जनतालाई संगठित गर्छौं । स्कूलमा छोराछोरी पढाउने अभिभावकहरू, विद्यार्थीहरू, बौद्धिकहरू सबैतिर हामी जनतालाई संगठित गर्न खोज्छौं ।



यो संगठित गर्ने कार्य पार्टीका स्थानीय शाखाहरूले गर्छन्, जो डेनमार्कमा विभिन्न प्रान्तहरूमा रहेका छन् । डेनमार्कमा ३१ वटा प्रान्तहरू छन् र हरेक प्रान्तमा हाम्रो पार्टीको शाखा छ । ट्रेड यूनियन पनि डेनमार्कको सबै प्रान्तमा फैलिएको छ । हामी स्थानीय ट्रेड यूनियनमार्फत् पनि डेनमार्कका जनतालाई परिचालित र आन्दोलित गर्छौं । ठीक त्यस्तै, यूरोपेली संघविरूद्धको जनआन्दोलन पनि डेनमार्कको हरेक प्रान्तको हरेक, शहरमा र हरेक इलाकामा समेत फैलिएको छ । यूरोपेली संघविरूद्धको जनआन्दोलन साँच्चिकैको जन-आन्दोलनका रूपमा विकसित भइरहेछ । यो भूइँतहसम्म जरो गाडिएको र भूइँतहदेखि माथिसम्म हाँगिएको आन्दोलनका रूपमा छ ।

**मूल्यांकन : तपाईंको पार्टीले जनसमुदायसमक्ष प्रस्तुत गरेको राजनीतिक नाराचाहिँ के छ नि ?**

-हामी पैसाको सत्ताको विरूद्धमा जनताको सत्ताको नारा दिइरहेका छौं ।

**मूल्यांकन : डेनमार्कमा क्रान्तिसम्बन्धी तपाईंहरूको रणनीति र सोचचाहिँ कस्तो रहेको छ नि ? कसरी क्रान्ति सफलतामा टुंगिन्छ भन्ने तपाईंहरूको धारणा छ ?**


-हामी डेनमार्कमा समाजवाद स्थापना गर्न संघर्षरत छौं । पूँजीवादको सट्टामा समाजवाद, पैसाको सत्ताको ठाउँमा जनताको सत्ता- हाम्रो तात्कालिक राजनीतिक लक्ष्य हो । हामी एकाधिकार पूँजीको वर्तमान सत्तालाई अन्त्य गरेर श्रमिकवर्गको सत्ता स्थापना गर्न चाहन्छौं ।

एकाधिकार पूँजीको सत्ता बलवान स्थितिमा छ । त्यो सजिलै परास्त हुँदैन । त्यसको निम्ति जनताको व्यापकतम तप्काको संयुक्त मोर्चाको जरूरत पर्दछ । त्यसैले, हामी विभिन्न खालको र विभिन्न तप्काका जनताको संयुक्त मोर्चा निर्माण गर्न प्रयत्नरत छौं । समाजवाद स्थापनाका लागि संघर्ष कसरी जाला अहिले नै भन्न सकिंदैन । त्यो हाम्रो परम्परा, संस्कृतिबाट र राज्यको संघर्षप्रतिको व्यवहारबाट निर्धारित हुने कुरो हो । तर हामी तल भूइँतहमा पनि र माथि शहरी केन्द्रहरूमा पनि संघर्षको ज्वारभाटा ल्याएर पैसाको सत्ताको ठाउँमा श्रमिक जनताको सत्ता स्थापित गर्न खोजिरहेछौं ।

डेनमार्कमा जनतन्त्रको लामो परम्परा छ । त्यहाँको समाजमा सहकारीहरू र कम्युनहरूसमेत विकसित भएका छन् । त्यसैले, यहाँको संघर्ष जनतन्त्रको यो परम्पराबाट प्रभावित हुनेछ । हामी हाम्रो संघर्ष शान्तिपूर्ण ढंगले संचालन गर्न चाहन्छौं । तर यो सधैंभरि शान्तिपूर्ण रहन्छ कि रहँदैन राज्यको व्यवहारमा भरपर्ने कुरा हो ।

**मूल्यांकन : तपाईंको देशमा कम्युनिष्ट पार्टी प्रतिबन्धित छ कि खुला छ ?**

-सन् १९४५ सम्म यो प्रतिबन्धित थियो । सन् १९४५ मा यो वैध घोषित गरियो । त्यहाँदेखि




*सन् २००० को नोभेम्बर ६-९ मा काठमाण्डौमा सम्पन्न अन्तर्राष्ट्रिय समाजवादी सम्मेलनमा अन्य वामनेताहरूका साथ क. बेटी कार्लसन्*

यता ५५ वर्षमा हामी खुला रूपमा वैधानिकता प्राप्त पार्टी भएर काम गरिरहेछौं ।

**मूल्यांकन : पार्टी संगठनको ढाँचा नि ?**

– ढाँचा क्रान्तिकारी कम्युनिष्ट पार्टीको जस्तो हुनुपर्ने हो, त्यस्तै छ । हरेक ३ वर्षमा पार्टीको महाधिवेशन हुन्छ, जो पार्टीको सर्वोच्च अंग हो । पार्टीको रणनीति, कार्यक्रम, नीतिबारेमा छलफल र निर्णय त्यहाँ हुन्छ । पार्टी संचालन जनवादी केन्द्रीयताको सिद्धान्तका आधारमा हुन्छ । हरेक पार्टी सदस्यलाई आफूलाई सुझेको विचार पार्टीमा राख्ने र बहस छलफल गर्ने स्वतन्त्रता छ । सबभन्दा माथि केन्द्रीय समिति छ । प्रान्तमा शाखाहरू छन् । त्योभन्दा मुनि भूइँतहका पार्टी संगठनहरू छन् ।

**मूल्यांकन : तपाईंहरूले डेनमार्कमा चलाइरहेको वर्गसंघर्षमा प्रहार लक्ष्य वा शत्रु चाहिँ यो यो भन्नुभयो, तर मित्रचाहिँ को नि ?**

– मित्र चाहिँ श्रमिकवर्ग । श्रमिकवर्ग भन्नाले डेनमार्कमा को को बुझ्ने ? त्यो पनि स्पष्ट पार्न चाहन्छु । जसले श्रमशक्ति बेच्छ, त्यो त श्रमिक हो नै । परन्तु डेनमार्कमा कस्तो स्थिति छ भने एउटा प्रोफेसरको तलब र शिक्षित मजदूरको ज्यालामा अहिले खासै भिन्नता छैन । सन् १९६० को दशकसम्म विश्वविद्यालयको एउटा प्रोफेसरले कारखानाको एउटा मजदूरभन्दा तीनगुणा ज्यादा तलब पाउंथ्यो । अहिले त्यो स्थिति छैन । दुवैको पारिश्रमिक लगभग समान छ । एउटा प्रोफेसरको कार्यालय बन्द गरियो र ऊ बेरोजगार भयो भने उसले पाउने बेरोजगार पेन्सन पनि उति नै हो, जति एकजना कारखाना मजदूर बेरोजगार भयो भने । यस हिसाबबाट हेर्दा हाम्रोमा मजदूरहरूको स्वार्थ र बुद्धिजीवी, प्रोफेसर, कर्मचारीको स्वार्थ एउटै खालको हुने देखियो । उनीहरूको समस्या पनि समान चरित्रको हुने भयो । यही कारणले हामीले प्रोफेसरहरूलाई पनि बौद्धिक श्रमिक मानेर यूनियनहरूमा संगठित गर्ने गर्छौं ।

फेरि अर्को कुरा के भने डेनमार्कमा जनताहरू अत्यन्त शिक्षित छन् । मजदूरहरू पनि निकै शिक्षित छन् । हाम्रो देशमा औद्योगिक उत्पादनले पनि उच्च शिक्षित मान्छे नै खोज्छ । त्यस कोणबाट पनि शारीरिक श्रम र बौद्धिक श्रमबीच मजदूरहरू र प्रोफेसरहरूबीच हाम्रोमा खासै भेद नभएको हो ।

यस हिसाबले डेनमार्कमा ती सबै क्रान्तिका मित्र हुन्, जो श्रम बेचेर खान्छन, चाहे त्यो बौद्धिक श्रम होस् वा शारीरिक श्रम । शत्रु ती हुन्, जो शोषण र शासन गर्छन्, जो पूँजी आर्जन गर्छन् । ठूला पूँजीपति र बहुराष्ट्रिय कम्पनीहरू त्यहाँका १ नम्बरका शत्रुहरू हुन् । डेनमार्कको अर्थतन्त्र तिनैको मुट्ठीमा छ ।

**मूल्यांकन : डेनमार्कको कम्युनिष्ट पार्टीको छोटो इतिहास बताई दिन सक्नुहोला ? सन् १९१९ देखि १९९० सम्मको खास गरेर । ९० यताको त अघि तपाईंले बताउनुभयो ।**

– हाम्रो कम्युनिष्ट पार्टी सन् १९१९ मा डेनमार्कको सोसल डेमोक्रेटिक पार्टीबाट फुटेर बनेको हो । प्रथम विश्वयुद्धमा भाग लिने कि नलिने भन्ने सम्बन्धमा सोसल डेमोक्रेटिक पार्टीमा विवाद उठ्यो । युद्ध र शान्तिसम्बन्धी अवधारणामा काफी ठूलो अन्तर देखा पर्‍यो । त्यसैबाट पार्टीमा फुट भएर कम्युनिष्ट पार्टी जन्मिएको हो ।

पार्टी सन् १९३० को दशकको महामन्दीका बेलामा निकै विस्तार भयो । देशमा बेरोजगारी निकै चुलिएको त्यस समयमा उठाइएका संघर्षका कारण पार्टी लोकप्रिय भयो । हाम्रो पार्टीका उम्मेदवारहरू पहिलोपटक संसदमा चुनिए । तेस्रो इन्टरनेशनलबाट प्राप्त रणनीतिलाई नै त्यतिबेलाको डेनीश कम्युनिष्ट पार्टीले अवलम्बन गरेको थियो । जनताको मोर्चा र संयुक्त श्रमिक मोर्चाको रणनीति त्यतिबेला तेस्रो इन्टरनेशनलले अघिसारेको थियो । दिमित्रोभको भाषणमार्फत् त्यो प्रस्तुत भएको थियो ।

सन् १९४० मा डेनमार्कमाथि हिटलरको जर्मनीले कब्जा गर्‍यो । यो दोस्रो विश्वयुद्धको समय थियो । परन्तु डेनीश सरकारले यो कब्जालाई स्वागत गर्‍यो । देशमा त्यतिबेला सोसल डेमोक्रेटिक पार्टीको सरकार थियो । त्यो पार्टीको सरकारले भन्यो– डेनीश गीत गाऊ, शान्त भएर बस, परन्तु हिटलरको सैनिक हस्तक्षेपविरूद्ध केही नगर, चूपचाप स्वीकार । डेनीश कम्युनिष्ट पार्टीले चाहिँ हिटलरको आक्रमणविरूद्ध प्रतिरोध आन्दोलन संचालन गर्‍यो । कम्युनिष्ट पार्टीका थुप्रै मान्छे यो आन्दोलनमा मारिए, कैयन् गिरफ्तार भए, कैयन् त हिटलरको कन्सेन्ट्रेशन क्याम्पमा मरे । पार्टी पनि प्रतिबन्धित भयो ।

जब दोस्रो विश्वयुद्ध सन् १९४५ मा सकियो, युद्धमा हिटलर परास्त भयो, हाम्रो पार्टी जनसमुदायमा ज्यादै लोकप्रिय भयो, यसले चलाएको प्रतिरोध आन्दोलनका कारण । संसदमा पनि यो बलवान पार्टीका रूपमा देखा पर्‍यो । संसदको १८–२० सीटमा हाम्रो पार्टीका उम्मेदवारहरू जितेर आए । सोसल डेमोक्रेटिक पार्टी– ट्रेड यूनियन आन्दोलनमा हाम्रो अत्यन्त बलवान स्थितिबाट भयभीत बन्ने स्थिति सृजना भयो । हामीसित डराएर सोसल डेमोक्रेटिक पार्टी सन् १९५० को दशकमा अमेरिकी सरकारलाई गुहार्न पुग्यो । हाम्रो गतिविधिमाथि निगरानी राख्न सि.आइ.ए.को माग गरियो । सि.आइ.ए. डेनमार्कमा आयो पनि । हाम्रो नेता–कार्यकर्ताको नाम सरकारले सि.आइ.ए.लाई उपलब्ध गरायो । यसरी पुनः कठीन समय शुरू भयो । शीतयुद्ध शुरू भयो ।

***डेनमार्कमा सन् १९६० को दशकसम्म विश्वविद्यालयको एउटा प्रोफेसरले कारखानाको एउटा मजदूरभन्दा तीनगुणा ज्यादा तलब पाउँथ्यो । अहिले त्यो स्थिति छैन ।***



तर हामी देशमा निकै बलियो सामाजिक शक्ति भइसकेका थियौं । सन् १९५६ मा हामीले देशमा निकै ठूलो आमहड्ताल गर्‍यौं । यो हड्ताल नयाँ श्रम ऐनविरूद्धमा थियो । हामीले दिनदिनै यो ऐनका विरूद्ध विरोध प्रदर्शन गर्‍यौं । सोभियत संघ यतिबेलै फौज लिएर हंगेरीमा आयो । यसले हामीलाई निकै सजिलो पार्‍यो । स्कूलका बच्चा–बच्चाहरूले समेत हंगेरीमा भएको संघर्षको निम्ति रोटी–चन्दा उठाउने कार्य गरे त्यतिबेला । परन्तु यसले हाम्रो पार्टीमा भने फूट ल्यायो । सन् १९५८ मा हाम्रो पार्टी पहिलोचोटि फुट्यो । हाम्रो पार्टीको तात्कालीन अध्यक्षसमेत यो फूटमा सामेल भएर फूटको नेतृत्व गर्नुभयो र अर्कै पार्टी बनाउनुभयो । उहाँ सोभियत संघको हंगेरीमा हस्तक्षेपको विरूद्धमा हुनुहुन्थ्यो । उहाँले सोभियत संघको विरूद्धमा समाजवादी पार्टी गठन गर्नुभयो । यो ठूलो फूट थियो । हाम्रा सबै सांसदहरू फुटेको पार्टीमा गए ।

त्यसपछिको १० वर्ष पार्टीको लागि ठूलो कठिनाइको समय थियो । सन् १९६५ देखि हामी पुनः फैलिन, शक्ति आर्जन गर्न थाल्यौं । भियतनाम युद्ध यतिबेलै थालियो । हामीले यसका विरूद्ध जनआन्दोलन उठायौं । यूरोपेली साझा बजार (ECC) को प्रस्ताव यतिबेलै आयो । हामीले यसका विरूद्ध पनि आन्दोलन उठायौं । सन् १९७२ मा यूरोपेली साझा बजारमा सामेल हुने कि नहुने भन्नेबारे पहिलो जनमत संग्रह भयो । हाम्रो आन्दोलन यसमा सामेल हुनु हुँदैन भन्ने पक्षमा रह्यो । सबै ठूला शहरहरूले हामीले प्रस्तावित गरेझैं हुनुहुन्न भन्ने पक्षमै मतदान गरे । तर किसानहरू र माझीहरूले भने यूरोपेली साझा बजारकै पक्ष लिए । तिनीहरू त्यतिबेला बहुमतमा थिए । अहिले उनीहरू पनि यूरोपेली संघका विरूद्धमा खडा भएका छन् । परन्तु त्यतिबेला तिनीहरू पक्षमा गए ।

यो आन्दोलनले हाम्रो पार्टी पुनः निकै लोकप्रिय र जनब्यापी भयो । थुप्रै नयाँ शक्ति पार्टीमा भित्रिए । तर समस्या के भयो भने नयाँ सदस्यहरू हज्जारौंको संख्यामा पार्टीमा त भित्रिए, तर उनीहरूको वैचारिक प्रशिक्षण राम्रोसित हुनसकेन । हामी सबै आन्दोलको कामले ब्यस्त थियौं । सन् १९८० को दशकमा त्यसले समस्या सिर्जना गर्‍यो । सन् १९९० मा यही कारणले त पार्टीमा अर्को फूट भयो । कैयन् मानिसहरू सोभियत संघको पक्षधर भएर निक्ले । त्यो वैचारिक प्रशिक्षणको कमीको कारणले भएको थियो ।

**मूल्यांकन : तपाईंको पार्टीको संगठनात्मक स्थितिबारे केही बताइदिनु हुन्छ कि ?**

–डेनमार्क ज्यादै सानो देश हो । हाम्रो पार्टीको ३१ वटा प्रान्तीय शाखाहरू छन् । ६०० पार्टी सदस्य संख्या छ । हाम्रो पार्टीको आफ्नै खबरपत्रिका छ, महिनाको दुईचोटि निक्लने । हाम्रा अधिकांश पार्टी सदस्यहरू श्रमिक छन् ।

*(नोट : यो अन्तर्वार्ता पार्टीका अध्यक्ष बेट्टी कार्लसन् र अन्तर्राष्ट्रिय समाजवादी सम्मेलन (६–९ नोभेम्बर, २०००) को लागि नेपाल आउनुभएको बेला सम्मेलनस्थल – होटेल मल्लमा, ९ नोभेम्बरमा लिइएको हो ।)*

*❑ प्रस्तुति– श्याम श्रेष्ठ*

# एमाले-माले एकता प्रकृयाले फेरि गति लियो

- हरिगोविन्द लुईंटेल -

**गत पुस २४ गते** ने.क.पा. एमालेको स्थायी समितिको बैठकले ने.क.पा. मालेसँगको एकता प्रकृयालाई अगाडि बढाउने औपचारिक निर्णय गरेपछि यी दुई पार्टीबीच एकताका लागि बीचमा सुस्त भएको गतिले पुनः तीव्रता पाएको छ । गत भदौ १ गतेबाट शुरु भएको वार्ता प्रकृया चार चरणसम्म अघिबढेर स्थगित भएपछि मुलुकमा घटित भएका राजनैतिक परिघटनाहरूले यी दुई पार्टीहरूलाई पुनः एकै ठाउँमा बसेर एकताको बाटो खोज्न अभिप्रेरित गरेको देखिएको छ । संकटकाल लागु भएपछि एकातिर माओवादीतिर आकर्षित भएका थुप्रै मानिसहरू सो पार्टी छोडेर बाहिर आउने क्रममा वृद्धि भएको छ भने अर्कातिर संकटकालले आमजनतामा लाद्दै गइरहेको निरंकुश व्यवहारका कारण सत्तारूढ नेपाली कांग्रेसप्रति जनताको निराशा र वितृष्णा बढ्दै गइरहेको छ । यस स्थितिमा माओवादी पार्टी छोडेर आउने जमातलाई आकर्षित गर्नका निम्ति र कांग्रेसको विकल्पमा दरिलो शक्तिको रूपमा आगामी चुनावमा जनतासामु जानका निम्ति पनि एमाले-मालेले आफूलाई सच्याउनु र एक आपसमा मिल्नु जरूरी भएको वस्तुगत आवश्यकता बोधले पनि एमाले-मालेलाई यतिखेर उल्लेखनीय प्रभाव पार्नु स्वाभाविक रहेको छ ।

पुस २४ गते एमालेको स्थायी समितिको बैठकले 'निश्चित मापदण्ड तय गरी' त्यसअनुरूप एकतालाई 'सकारात्मक निष्कर्षमा पुऱ्याउने जिम्मेवारी' आफ्ना तीनजना नेताहरू भरतमोहन अधिकारी, अमृत बोहरा र केशव बडाल संलग्न पुरानो 'वार्ता टोली'लाई दिएको छ । सो वार्ता टोलीले सोही दिन ने.क.पा. मालेका नेताहरू वामदेव गौतम र झलनाथ खनाल र यामलाल कँडेललाई आमन्त्रित गरी थप एक चरण अनौपचारिक वार्ता सपन्न गरेको छ । सो वार्ताले कुनै ठोस निष्कर्ष ननिकाले पनि एमालेद्वारा प्रस्तुत 'मापदण्ड'का बारेमा सो वार्तामा छलफल भएको बुझिएको छ ।

एकता वार्तामा नीति, एकता प्रकृया र जिम्मेवारी गरी तीनवटै महत्वपूर्ण पक्षमा कुरा उठेतापनि ने.क.पा. मालेले तिनबारे आधिकारिक धारणा बनाउन आफ्नो बैठक बस्नुपर्ने भएकोले पार्टीको बैठकपछि हुने एकता-वार्ताले मात्र ठोस भूमिका खेल्न सक्ने देखिन्छ । पुस २६ गते बसेको मालेको पोलिटब्यूरोको बैठकले एमालेसँग एकताका निम्ति पहल गर्ने पूर्ण अधिकार महासचिव बामदेव गौतमलाई दिएपछि उहाँले यस दिशामा प्रयत्न अघि बढाउन थाल्नु भएको छ ।

अहिले एमाले-मालेका नेताहरूबीच हुने गरेका एकताबारेका संवाद र अन्तर्क्रियाहरूका क्रममा नीतिका सन्दर्भमा महाकाली सन्धिलगायत भिन्न मतहरूलाई कसरी व्यवस्थापन गर्ने भन्ने सवालले विशेष स्थान राख्ने गरेको बुझिएको छ । यस सन्दर्भमा पाँचौ महाधिवेशनको नीतिलाई मान्ने दुईतर्फी सहमतिको निम्ति एकथरि प्रस्ताव आएको बुझिएको छ भने अर्कोथरि प्रस्ताव भने छैठौं महाधिवेशनका नीतिहरूलाई जस्ताकोतस्तै मान्नुपर्छ भन्ने रहेको छ । यसैगरी एकताका सन्दर्भमा उठेको कसलाई कति पद-संख्या भन्ने प्रश्नमा पनि ३३ देखि ४० प्रतिशत माले पक्षलाई भन्ने र त्योभन्दा कम ११ जनादेखि १४ जनासम्म मात्र माले पक्षलाई केन्द्रीय पद दिने भन्ने दुईथरि मतहरू प्रस्तुत भएका बुझिएका छन् ।

यी अनौपचारिक प्रस्ताव र मतहरूका बीचबाट नेकपा एमाले-मालेका नेताहरूले दुवैलाई सम्मानजनक ठहर्ने बाटो पहिल्याउन सक्नुपर्ने चुनौति उनीहरूका सामु रहेको देखिन्छ ।

सि.पि. मैनालीको 'नौलो जनवाद' पक्षधर तप्का संलग्न नरहने यो एकता प्रकृयामा 'बहुदलीय जनवादी' पक्षधरहरूबीच मात्र सहमतिको विन्दु खोज्नु पर्ने तुलनात्मक रूपले 'सजिलो' स्थिति हाल रहेको देखिन्छ । यस स्थितिमा 'भिन्न मत राख्न पाउने र अभिव्यक्त गर्न पाउने' अधिकारसहित छैठौं महाधिवेशनको नेपालगंज दस्तावेजलाई स्वीकारेर आगामी सातौं महाधिवेशनलाई पाँचौ महाधिवेशनको स्पिरिटमा लैजाने प्रयत्न र अधिकारको ग्यारेन्टी गर्दै एउटा सहमतिमा पुग्नु नै हालको निम्ति उपयुक्त बाटो देखिएका छ । गत छैठौं महाधिवेशनमा पराजित भिन्न मतले आगामी दिनहरूमा अभिव्यक्त हुन पाउने र सातौं महाधिवेशनमा पुनः व्यवस्थित मतका रूपमा प्रस्तुत हुन पाउने 'मध्यमार्ग' पनि यतिखेर एमाले-माले एकताको सेतु बन्न सम्भव छ । केन्द्रीय पद संख्यामा ३३ प्रतिशत देखि ४० प्रतिशत पाउनुपर्ने माले पक्षको दाबी र 'कामचोरहरूलाई चाहिं पद दिनुहुन्न' भन्ने एमाले पक्षको दाबी, दुवै दाबीहरू सही छन् भन्ने हामीलाई लाग्छ । यसनिमित्त क्रियाशील र गैरअवसरवादी मालेहरू छानेर दुई पक्षीय समझदारीका आधारमा ३३-४० प्रतिशत पद संख्यामा माले नेताहरूलाई संलग्न गराउनमा कंजुसी हुनु जरूरी देखिँदैन । कारण, अब एमाले-माले जोडिएर बन्ने पार्टीलाई तत्काले यो वा ऊ पक्षले फुटाइहाल्ने हतारो गर्न सक्ने स्थिति दुवैको रहने छैन । मुलुकको वर्तमान स्थितिले र दुवै पक्षले 'बाक्लो दाल'को स्वाद चाखिसकेको आत्मगत स्थितिले पैदा गरेको अवस्था हो यो ।

यतिखेर दुवै पक्षमा रहेका एकताविरोधी व्यक्तिगत स्वार्थी तत्वहरू, साथै बाहिर रहेका एकताविरोधी राष्ट्रिय-अन्तर्राष्ट्रिय प्रतिकृयावादी तत्वहरूबाट हुनसक्ने फुटपरस्त प्रचार र गतिविधिबाट भने एमाले-मालेका इमान्दार नेता-कार्यकर्ताहरू सजग हुनुपर्छ भन्ने हामीलाई लाग्छ । कारण, वामपन्थीहरूबीचको एकता अवसरवादी र प्रतिकृयावादीहरूको निम्ति अवश्यै प्रिय कुरो हुने गर्दैन । ❑

# मसाल र एकताकेन्द्रको एकता दस्तावेज तयार

**गत पुष २१ गते** नेकपा मसाल र नेकपा एकता केन्द्रका महामन्त्रीहरू क. रामसिंह श्रीस र क. प्रकाशले एक संयुक्त विज्ञप्तिद्वारा आफ्ना पार्टीहरूबीचको एकताका निम्ति अन्तरिम दस्तावेज तयार भएको जानकारी सार्वजनिक गर्नुभएपछि सो दुई पार्टीहरू छिट्टै एकतावद्ध हुने संकेत प्राप्त भएको छ । मंसिरको अन्तिम सातादेखि पौषको तेस्रो सातासम्मको संयुक्त गृहकार्यको नतीजास्वरूप उहाँहरूको सो दस्तावेज तयार भएको बुझिएको छ । अब ती दुई पार्टीहरूले दस्तावेजको अध्ययन गरी एकता सम्बन्धमा अन्तिम टुंगो लिएपछि पार्टी एकताले ठोस रूप लिनेछ ।

विज्ञप्तिद्वारा महामन्त्री द्वयले आजको संवेदनशील घडीमा क्रान्तिकारी शक्तिहरूबीचको एकता र ध्रुवीकरणको प्रकृयामा सामेल भई देशको विद्यमान परिस्थितिले सुम्पिएको जिम्मेवारी पूरा गर्ने दिशामा कृयाशील हुन देशमा क्रियाशील सबै क्रान्तिकारीहरूलाई आह्वान पनि गर्नुभएको छ ।

नेकपा एकताकेन्द्र र नेकपा मसालले आफ्नो एकता अभियानमा केही समयअघि ल्याएको सुस्ती देखेर चिन्तित भएका एकताप्रेमी नेता-कार्यकर्ताहरू अहिले सो पार्टीहरूद्वारा प्रदर्शित सक्रियताबाट उत्साहित भएका देखिएका छन् । ❑

नेपाल आयल निगम
सफलतापूर्वक ३१ औं वर्ष पूरा गरी ३२ औं वर्षमा प्रवेश गरेको छ ।
यस सुखद् उपलक्ष्यमा हामी हाम्रा सम्पूर्ण ग्राहक तथा शुभचिन्तकहरूमा अझ उच्चस्तरीय सेवा पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्दछौं ।
नेपाल आयल निगम
नेपाल आयल निगम परिवार

## ४१ पेजको बाँकी

हुँदै गएअनुसार त्यसबाट उत्सर्जित हुने तरङ्गहरूको लम्बाई पनि झन् झन् लामो हुँदै गई अन्त्यमा जब परमाणुहरू लगभग स्थिर हुन पुग्छन्, तब तिनीहरू एक अर्कामा खप्टिन पुग्छन् । यस अवस्थामा परमाणुहरूले आफ्नो वैयक्तिक परिचय गुमाउन पुग्छन् । वास्तवमा यही नै 'बोस - आइन्स्टाइन संघनन' हो ।

'बोस- आइन्स्टाइन संघनित पदार्थ' वा 'सुपर परमाणु' पदार्थको अन्य अवस्थाभन्दा नितान्त भिन्न देखिन्छ । तर यसका कैयौं विशेषताहरू अझै जानकारीमा आएका छैनन् ।

वैज्ञानिकहरू कोर्नेल र वीमानको टोलीले प्रयोगशालामा परीक्षण गर्दा अन्तिम क्षणमा जुन करिब २००० रूबिडियम परिमाणुहरू 'बोस - आइन्स्टाइन संघनित पदार्थ' मा परिणत भए, तिनीहरूको आयु १५ देखि २० सेकेण्डसम्म मात्र रह्यो । त्यस टोलीका अनुसार त्यो क्रिया बास्तवमा एउटा सूक्ष्मतम सुपरनोभा विस्फोट नै थियो । त्यसैले त्यसको नाम पनि 'बोसनोभा' राखिएको छ ।

कोर्नेल र वीमानको टोलीले पदार्थको पाँचौ अवस्था आविष्कार गर्न रूबिडियम तत्वका परमाणुहरू प्रयोग गर्‍यो भने उता म्यासाचुसेट्समा जर्मन वैज्ञानिक वाल्फ ग्याङ्ग केटरलेले सोडियम तत्वका परमाणुहरू प्रयोग गरे । उनले पनि प्रयोगशालामा 'बोस - आइन्स्टाइन संघनित पदार्थ' तयार गरेका छन् ।

अहिले विश्वका विभिन्न देशका वैज्ञानिक प्रयोगशालाहरूमा पदार्थको पाँचौ रूप 'बोस - आइन्स्टाइन संघनित पदार्थ'को खोजका अझ उन्नत प्रक्रियाहरू विकसित गर्न नयाँ नयाँ यन्त्रहरूका साथमा वैज्ञानिकहरू जुटिरहेका छन् । उनीहरूको के विश्वास छ भने छिट्टै नै उनीहरूले कम्तीमा ३ मिनेट आयु रहने 'बोस-आइन्स्टाइन संघनित पदार्थ' तयार गर्न सक्नेछन् । यसै क्रममा केही वैज्ञानिकहरूले के विश्वास गरेका छन् भने यदि संघनित पदार्थ छिटो उत्पादन गर्न सकिन्छ र त्यसपछि थाम्न सकिन्छ भने यसलाई अति सानो तथा गतिवान कम्प्युटर बनाउन प्रयोग गर्न सकिनेछ जुन यसअघिसम्म सम्भव देखिएको थिएन । हेरौं, पदार्थको पाँचौ अवस्थाको आविष्कारले भविष्यमा विज्ञान तथा प्रविधिलाई कुन स्तरसम्म पुऱ्याउन सक्ला । ❑

*सन्दर्भ स्रोतहरू :*

१ Encyclopedia Encarta -1999
२. Encyclopedia Britanica - 2000
३. विभिन्न Web page हरू
४. विज्ञान प्रगति, जनवरी २००२

# पाठकको कुरो

## धेरै रायमाझीहरू

मूल्यांकन अंक ९२ चाँडै नै आयो । यसमा लेखिएका विश्लेषणमूलक समाचार र टिप्पणीहरू सबै गम्भीर र पठनीय नै छन् । संविधानसभाको माग उचित थियो न्यौपानेज्यू, तर नेपालका सबै राजनैतिक पार्टीहरू दक्षिणपन्थी सोचद्वारा प्रेरित भएकाले ठीक ठहरिएन । नत्र नेपालमा संविधानसभाको माग परिपक्व अवस्थामा गरिएको माग हो भन्ने मलाई लाग्छ ।

नेपालमा प्रजातन्त्र आयो भनिन्छ । त्यो कहाँ आयो र कसलाई आयो भन्न गाह्रै छ । नेपालमा प्रजातन्त्र हैन, गुण्डागर्दीतन्त्र, भ्रष्टाचारीतन्त्र, घूसखोरीतन्त्र, मनपरीतन्त्र र नातावाद-कृपावादतन्त्र मात्र आएको जस्तो भएको छ । एक सन्दर्भमा हाल आतंकवादी घोषित माओवादी नेता डा. बाबुराम भट्टराई र प्रचण्डले माधवकुमार नेपाललाई दोस्रो रायमाझीको संज्ञा दिनुभयो, तर माओवादीको तेस्रो बागडोर सम्हाल्नुभएको व्यक्तिले एउटा दुईटामात्र रायमाझी भन्नु गलतजस्तो लाग्छ । मेरो विचारमा यस देशमा एउटा दुईटामात्र हैन धेरै रायमाझीहरू छन् । मलाई लाग्छ, धेरै रायमाझीहरू नभएको भए नेपालमा वामएकता हुने थियो र देशघाती जनघातीहरूको हातमा सत्ता जाने थिएन । सबैभन्दा विडम्बनाको कुरो नै यही हो । यस्तै विषयहरूमाथि विचारमन्थन गर्ने र सूचनाहरूलाई केलाउने काम मूल्यांकनले आगामी अंकहरूमा अझ सशक्त पार्दै लगोस् भन्ने शुभकामना छ ।

**- वीरबहादुर न्यौपाने**
*P.O.Box No. 295, Saihat-31972, साउदी अरब ।*

## स्वस्थ प्रतिस्पर्धाको निम्ति सार्थक मंच हुनुपर्‍यो

म लामो समयदेखि मूल्यांकनको नियमित पाठक रहँदै आएको छु । तसर्थ यसको निरन्तरता र विकासको निम्ति मेरो सदैव शुभकामना रहँदै आएको छ । सूचनाहरूसहित घटना र विचारहरूको विश्लेषण गरी पाठकहरूसमक्ष पुऱ्याउनु मूल्यांकन पत्रिकाको प्रमुख विशेषता हो भन्ने मलाई लाग्छ । यो विशेषतालाई अझ प्रभावकारी ढंगले निर्वाह गर्न सक्नु नै मूल्यांकनका लागि निरन्तरको चुनौति हो ।

मूल्यांकनको नियमित पाठक र शुभचिन्तकको हैसियतले मैले यस पत्रिकाको अन्तरवस्तुमात्र होइन रूप पक्षलाई पनि नियालेर हेरिरहेको छु । अन्तरवस्तुमा यो पत्रिका वास्तवमै गुण सम्पन्न छ, तर रूपमा यसले त्यो गुण हासिल गर्न सकेन । सामान्यतः मूल्यांकनका आवरण पृष्ठ आकर्षक नै देखिन्छ । तर त्यतिले मात्रै यसको रूप सुन्दर भइहालेको हुँदैन । मूल्यांकनका भित्री पृष्ठहरूको सज्जा सरदरभन्दा पनि कमजोर देखिन्छ । बजारमा प्रतिस्पर्धाका निम्ति म्यागेजिन किसिमका पत्रिकाहरू ठूलै तडकभडकका साथ आइरहेका छन् । ती पत्रिकाहरूको कागज र छपाईको स्तर मूल्यांकनको भन्दा श्रेष्ट देखिन्छ । त्यस्तो भएपछि कुनै पनि विचारमा प्रतिवद्ध नभइसकेको एउटा आमपाठक मूल्यांकनतिर होइन, तिनै पत्रिकाहरूतिर आकर्षित हुन्छ र उसले तिनै पत्रिकाहरू किन्छ । यो विषयलाई प्राविधिक विषय भनेर मूल्यांकनको टिमले निरन्तर उपेक्षा गरिरहेको जस्तो देखिएको छ । यदि त्यसरी उपेक्षा गरेकै हो भने यसले अरूलाई होइन, मूल्यांकनलाई नै निरन्तर घाटा पुऱ्याउने छ ।

कागज, पृष्ठ सज्जा र फोटोको गुणस्तरसमेत राम्रो तुल्याएर मूल्यांकनको प्राविधिक पक्षलाई अहिलेको भन्दा राम्रो नपार्ने हो भने मूल्यांकनमा दृष्टिकोणसहितको गम्भीर सामग्री आउँछ भनेर थाहा पाउने पुराना पाठकहरू र तिनका समर्थकहरूले मात्र मूल्यांकनलाई आफ्नो पत्रिका ठहऱ्याउनेछन् । त्यस्ता पाठकहरूको संख्या सीमित हुन्छ र त्यसपछि बजारको प्रतिस्पर्धामा नयाँ बजार ओगट्न मूल्यांकनलाई गाह्रो पर्नेछ । त्यसैले आर्थिक ब्यवस्थापनको कुन कुन कुराले मूल्यांकनको रूप पक्षलाई सुन्दर बनाउन बाधा हालेको हो, त्यसको पहिचान गरेर यथाशीघ्र समस्या समाधानतिर अन्तर्क्रिया प्रकाशनको ध्यान पुगोस् भन्ने मेरो विनम्र आग्रह छ । बरू यसको मूल्य अरूको भैं रू. २५/- नै गराए पनि हुन्छ ।

मूल्यांकनको अन्तरवस्तु राम्रो छ र यही राम्रो पक्षको कारणले यो पत्रिका 'आज निस्किरहेका प्रकाशनहरूमध्ये सर्वश्रेष्ठ ठहरिएको हो । यो पक्षमा पनि समयानुकूल परिमार्जन गर्नु पनि मूल्यांकनको निम्ति अर्को चुनौति हो । वाम विचारको संगसँगै प्रजातान्त्रिक विचारको उपस्थिति पनि अब मूल्यांकनमा जरूरी भएको छ । बहुलवादको विश्वव्यापी प्रभावले गर्दा पनि आफ्नैमात्र विचारलाई एकोहोरो सुनाइरहँदा त्यसको औचित्य र सत्यता सर्वस्वीकृत हुँदैन । त्यसैले, मूल्यांकनलाई स्वस्थ प्रतिस्पर्धाको निम्ति एउटा सार्थक मंच बनाउन सके त्यो प्रशंसनीय काम हुनेछ ।

केही अंक यता सुरेश आचार्य, राजेन्द्र दाहाल, श्रीकृष्ण अनिरूद्ध गौतम र शोभाकर पराजुलीका लेखहरू र कांग्रेस वृत्तका नेताहरूका अन्तर्वार्ताहरू पनि मूल्यांकनमा देखिएका छन् । मूल्यांकनले प्रजातन्त्रवादी पक्षको विचारलाई यसरी ठाउँ दिनु स्वागतयोग्य कुरा हो । तर पनि मूल्यांकनलाई स्वस्थ प्रतिस्पर्धाका निम्ति सार्थक मंच बनाउन त्यतिमात्रले पुग्दैन भन्ने मेरो बुझाई छ । त्यसैले यो प्रक्रियालाई अझ अघि बढाउन मूल्यांकनले थप परिश्रम गर्नैपर्छ भन्ने मलाई लाग्छ ।

शुभकामना सहित ।

**- सुचारू न्यौपाने**
*चावहिल, मैजुबहाल, काठमाण्डौ- ७*


## भाषा सरल र अक्षर ठूलो हुन सक्दैन ?

मूल्यांकन पक्कै पनि वैज्ञानिक विचारको पक्षमा उभिएको लोकप्रिय पत्रिका हो । यसमा छापिने दर्शन, विज्ञान, समसामयिक तथा विश्वघटना आदि स्तम्भहरूले यही कुराको पुष्टि गर्दछन् ।

तर मूल्यांकनमा वैज्ञानिक विचारको आधारको रूपमा रहेका वैज्ञानिक आविष्कार तथा अन्वेषण विषयका समाचार र लेखहरू कमैमात्र छापिएका देखिन्छन् । पूर्णाङ्क ९३ मा विज्ञानको कुनै पनि सामग्री छापिएको देखिएन । विज्ञानको सामग्री नियमित रूपमा प्रकाशित गरिनुपर्छ भन्ने लाग्दछ ।

अर्को कुरा, साथीभाइहरूसँग कुराकानी गर्दा मूल्यांकनको भाषा जटिल भएको र बुझ्न गाह्रो भएको भन्ने सुन्दै आएको छु । पढी हेर्दा मलाई पनि यसको भाषा त अलि जटिलैजस्तो लाग्यो । अक्षर पनि अलि सानो भएकोले पढ्न अलि अप्ठेरै महशुस भएको छ । मूल्यांकनको भाषा सरल गर्न र अक्षर अलि ठूलो पार्न सकिन्न ? सकिने भए अगामी अंकदेखि नै त्यो काम गरिदिए हामी पाठकहरूका लागि अझ राम्रो हुने थियो ।

**- ओम विष्ट**
*त्रि.वि.वि., कीर्तिपुर ।*



BY APPOINTMENT TO THE ROYAL DANISH COURT
TUBORG
BEER
professional/GBL-2000

MULYANKAN
A magazine for Thought-Interaction
ल.पु.जि.प्र.का द.नं. ९९/०४९/५० म.क्षे.हु.द.नं. १२/०५१/५२

हिमाल स्टील

टोरस्टील®

*हिमालले सुरक्षित घर बनाउँछ।*

प्रत्येक इन्जिनीयर, आर्किटेक्ट, कुशल ठेकेदारलाई थाहा हुन्छ, फलामे डण्डीको यील्ड स्ट्रेन्थ, डिजाइनको त्यो आधार हो जसबाट निर्माण किफायती र बलियो बन्छ ।

हिमाल स्टील टोरस्टील त्यस्तो शक्तिशाली फलामे डण्डी हो जुन अन्तरराष्ट्रिय प्रविधिबाट अन्तरराष्ट्रिय गुणस्तरमा नेपालमै तयार पारिएको छ । यस्को शक्ति सम्पन्न ४२.५ किलो वर्ग मि.मि. यील्ड स्ट्रेन्थको हामी ग्यारेन्टी दिन्छौं र यस्को बढी बण्ड स्ट्रेन्थले तपाईंको निर्माणमा बचत गराउँछ ।

तपाईंको सृजनशीलता र हाम्रो हिमाल स्टील
अभिन्न साथी एक अर्काको ।

अति शक्तिशाली



ISO 9002 SGS

हिमाल आयरन एण्ड स्टील (प्रा) लि.
ज्योति भवन, कान्तिपथ, पो. ब. १३३, काठमाडौं
फोन: २२५२३०, २२५४९०, फ्याक्स : २२६३१४